सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१० पुस २०८०, मंगलबार (26 Dec 2023, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २४६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## संक्रमणकालीन न्यायसम्बन्धी कानुन पीडितमैत्री बनाइने

मिल्न बाँकी चार विषयको टुंगो लगाउन शीर्ष नेतालाई जिम्मा, संसद्को आगामी अधिवेशनको पहिलो एजेन्डा बनाइने



प्रधानमन्त्रीनिवास बालुवाटारमा छलफल गर्दै तीन दलका शीर्ष नेता

**कमलराज भट्ट**/नयाँ पत्रिका

संक्रमणकालीन न्याय (टिआरसी) विधेयक पीडितमैत्री बनाउन प्रमुख दल सहमत भएका छन् । करिब १० महिनादेखि संसदीय प्रक्रियामा रहेको विधेयक कानुन, न्याय तथा मानव अधिकार समितिबाट निष्कर्षको चरणमा पुग्ने लाग्दा सरोकारवालाले पीडितमैत्री हुन्छ कि हुँदैन भन्ने चिन्ता जनाइरहेका थिए ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा सोमबार साँझ करिब तीन घन्टा चलेको प्रमुख तीन दलका शीर्ष नेताहरूको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक पीडितमैत्री बनाएर टुंग्याउने र आगामी हिउँदे अधिवेशनबाट पारित गर्ने सहमति बनेको हो ।

बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रमुख प्रतिपक्षी एमाले अध्यक्ष केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवा आ-आफ्ना सहयोगी नेतासहित सहभागी थिए । आइतबारको बैठकमा विज्ञ सहयोगी नेतासहित बसेर छलफल गर्ने सहमति थियो । सोहीअनुसार सोमबारको बैठकमा कांग्रेसबाट उपसभापति एवं उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपसभापति एवं कानुनमन्त्री धनराज गुरुङ, पूर्वसांसद एवं शान्ति प्रक्रियाका जानकार राधेश्याम अधिकारी सहभागी थिए । त्यस्तै, एमालेबाट पूर्वकानुनमन्त्री अग्नि खरेल र कानुन समितिका सदस्य एवं सचेतक महेश बर्तौला तथा माओवादीबाट उपमहासचिव वर्षमान पुन र नेता खिमलाल देवकोटा सहभागी थिए ।

पूर्वकानुनमन्त्री तथा एमाले नेता खरेलले शीर्ष तहमा शान्ति प्रक्रियाको बाँकी कामलाई पीडितमैत्री बनाएर टुंग्याउने सहमति भएको बताए । 'हाम्रो अध्यक्षज्यूले शान्ति प्रक्रियाको बाँकी काम संक्रमणकालीन न्यायलाई उपयुक्त ढंगले पीडितमैत्री बनाएर अगाडि बढाउनुपर्छ भन्ने कुरा राख्नुभयो । त्यसमा प्रधानमन्त्री र कांग्रेस सभापतिले सहमति जनाउनुभयो । त्यसैले पीडितमैत्री कानुन बन्नुपर्छ भन्नेमा विवाद रहेन,' उनले भने ।


संसदीय समितिले टुंग्याउन बाँकी चारवटा विषयमा सहमति जुटाउने जिम्मा भने बैठकले शीर्ष तीन नेतालाई नै दिइएको छ । शीर्ष सहमतिका आधार संसदीय समितिले विधेयक पारित गर्नेछ ।

कानुन समितिले टुंग्याउन नसकेको पहिलो विषय मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्ने भन्ने हो । दोस्रो, मानव अधिकारको उल्लंघनको

» पृष्ठ २ मा क्रमशः

### पीडितमैत्री कानुन बन्नुपर्छ भन्नेमा अब विवाद रहेन, तीनै नेता सहमत हुनुहुन्छ

● **अग्नि खरेल**, पूर्वकानुनमन्त्री



हाम्रो अध्यक्षज्यूले शान्ति प्रक्रियाको बाँकी काम संक्रमणकालीन न्यायलाई उपयुक्त ढंगले पीडितमैत्री बनाएर अगाडि बढाउनुपर्छ भन्ने कुरा राख्नुभयो । त्यसमा प्रधानमन्त्री र कांग्रेस सभापतिले सहमति जनाउनुभयो । त्यसैले पीडितमैत्री कानुन बन्नुपर्छ भन्नेमा अब विवाद रहेन ।

### शीर्ष नेताबाट आउँदो अधिवेशनबाट पास गर्ने प्रतिबद्धता आएको छ

● **धनराज गुरुङ**, कानुनमन्त्री



टुंगो लाग्न बाँकी चार विषयमा अब तीन शीर्ष नेता बसेर क्याटिगोरिकल्ली यसमा यो गरौं, यसमा यो शब्द उल्लेख गर्ने भनेर अगाडि बढ्नुहुन्छ । अब यसलाई टुंग्याउने मुख्य तीन नेताले हो । उहाँहरूबाट हिउँदे अधिवेशनमा पेस गरेर टुंग्याउँछौं भन्ने प्रतिबद्धता आएको छ । यति नजिक पुगेर पनि आएन भने दुर्भाग्य हुन्छ र कहिल्यै टुंगोमा नपुग्ने जोखिम हुन्छ । तीन नेता गम्भीर रूपमा आउनुभएकाले टुंगिन्छ भन्ने लाग्छ ।

### पीडितका सरोकार सम्बोधन गर्ने गरी टुंग्याउने साझा धारणा बनेको छ

● **वर्षमान पुन**, उपमहासचिव, माओवादी



१२बुँदे समझदारीबाट शान्ति प्रक्रियासम्मको प्रतिबद्धताअनुसार संविधान मिलेरै बनायौं, शान्ति प्रक्रियाको काम पनि सँगै टुंग्याउने हाम्रो साझा एजेन्डा हो भन्ने एकमत शीर्ष नेतृत्वको रह्यो । पीडितलाई केन्द्रित गरेर उनीहरूका सरोकारलाई सम्बोधन गर्ने गरी नै विधेयक टुंग्याउने साझा धारणा बनेको छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## पिँढीको खाँबो र बिजुलीको पोलमा तीन दिन बाँधेर महिलामाथि निर्घात कुटपिट

ऋण नतिरेको भन्दै सिन्धुली ढकालगाउँकी शारदा थापामाथि गरिएको अत्याचारको अभियोगमा सातजना पक्राउ



सिन्धुलीका एसपी राजकुमार सिलवालले भने-

**अचेत अवस्थामा मैले नै शारदाको उद्धार गरेको हुँ, आपराधिक कार्य भएको छ**

सिन्धुलीमा **विदुर पौडेल**

ऋण नतिरेको भन्दै सिन्धुलीमा एक महिलालाई तीन दिनसम्म पिँढीको खाँबो र बिजुलीको पोलमा बाँधेर कुटपिट गरिएको छ । कमलामाई नगरपालिका- ४, ढकालगाउँकी शारदा थापालाई स्थानीय केही युवाले गत शुक्रबार बिहानदेखि आइतबार अपराह्नसम्म मरणासन्न हुने गरी कुटपिट गरेका हुन् ।

उनकै घरको आँगनछेउ बिजुलीको पोलमुनि अचेत भई लडिरहेको अवस्थामा प्रहरीले उनको उद्धार गरेको छ । उद्धारका गर्दा पनि शारदाको शरीरको आधा भाग पोलको डोरीमै बेरिएको थियो । घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सातजनालाई पक्राउ गरेको छ ।

'मेरै नेतृत्वमा प्रहरी टोली आइतबार अपराह्न ४ बजे शारदाको घरमा पुग्दा आँगनमा बिजुलीको पुलमुनि अचेत अवस्थामा डोरीमै बेरिएको भेटिइन् । हामीले उद्धार गरेर सिन्धुली अस्पताल पुऱ्याएपछि होस खुलेको छ । अहिले नगरपालिकाको महिला सेफ हाउसमा सुरक्षित राखिएको छ,' जिल्ला प्रहरी प्रमुख एसपी राजकुमार सिलवालले भने, 'घटना बुझ्दा पीडित महिलालाई तीन दिनसम्म यातना दिइएको पाइएको छ । लेनदेनको विषय जे भए पनि महिलालाई बन्धक बनाएर कुटपिट गर्नु आपराधिक र निन्दनीय कार्य

» पृष्ठ २ मा क्रमशः



स्थानीय युवाबाट शनिबार राति सिन्धुलीको कमलामाई नगरपालिका-४ ढकालगाउँस्थित आफ्नै घरको खाँबोमा बाँधिएका शारदा थापा र उनका श्रीमान् सन्तोष । उनीहरूलाई बाँधेरै कुटपिट गरियो । शारदा एक्लैलाई अघिल्लो दिन पनि उनीहरूले यही खाँबामा यसरी नै बाँधेर कुटपिट गरेका थिए ।



शनिबार राति पीडकहरूले सन्तोषलाई छाडिदिए, शारदालाई भने घरनजिकैको पोलमा बाँधेर मुक्का, लात्ती र लाठीले मरणासन्न हुने गरी कुटपिट गरे । प्रहरीले उद्धार गर्दा पनि बाँधिएकै अवस्थामा शारदा भुइँमा अचेत थिइन् ।

### ■ नगरपालिकाको महिला सेफ हाउसमा राखिएकी शारदा थापाले प्रहरीलाई दिएको बयान

ऋण नतिरेको भन्दै गत शुक्रबार (६ पुस) बिहान स्थानीय ईश्वरकुमार पोखरेल, मिलन देवकोटालगायत मेरो घरमै आई समातेर पिँढीको खाँबामा बाँधेर कुटपिट गरे । त्यही दिन म र श्रीमान् (सन्तोष थापा) डिभोर्स मुद्दाको सुनुवाइका लागि १० बजे जिल्ला अदालत सिन्धुलीमा उपस्थित हुनुपर्ने थियो । त्यसका लागि उनीहरूले फुकाइदिए । हामी जिल्ला अदालत गयौं । तर, त्यहाँ पुगेपछि एकाएक श्रीमान् हराउनुभयो । उनीहरूले अपहरण गरेको आशंका लागेपछि 'श्रीमान् खोजिपाऊँ' भनेर तत्कालै जिल्ला प्रहरी कार्यालयमा उजुर गरेँ । त्यसपछि फेरि अदालत फर्किएँ । त्यहींबाट ईश्वरकुमार पोखरेल, मिलन देवकोटा, निकेश ढकाल, लक्ष्मी पोखरेललेे जबर्जस्ती गाडीमा राखेर घर पुऱ्याए । साँझ फेरि पिँढीकै खाँबोमा बाँधेर मुक्का, लात्ती र लौरोले कुटपिट गरे । रातभरि र शनिबार (७ पुस) दिनभर पनि खोलिदिएनन् । शनिबार साँझ श्रीमान् पनि घर आइपुग्नुभयो (प्रहरीले सिन्धुलीमाडीमा फेला पारेर पठाएको थियो) । त्यसपछि हामी दुवैलाई एउटै खाँबोमा बाँधेर कुटे । राति श्रीमान्लाई फुकाइदिए, मलाई भने आँगननजिकैको बिजुलीको पोलमा लगेर बाँधे । कुटपिटबाट कतिवेला अचेत भएँ थाहा भएन, होस खुल्दा त अस्पतालको बेडमा रहेछु ।

## मन्त्रालयगत रूपमै समस्या समाधानको प्रयत्न गर्दै प्रधानमन्त्री



● **नारायणप्रसाद भट्ट**, प्रवक्ता, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सरकारका कामकारबाहीलाई गति दिन प्रधानमन्त्रीज्यूले मन्त्रालयगत छलफल गर्ने, आयोजनाहरूको अनुगमन गर्ने र देखिएका समस्या समाधानका लागि निर्देशन दिनेलगायतका काम गरिहनुभएको छ । यो प्रक्रियाले निरन्तरता पाउँछ । आगामी दिनमा अन्य मन्त्रालयहरूसँग पनि प्रधानमन्त्रीले यसरी नै छलफल गरेर समस्या समाधानका लागि सहजीकरण गर्नुहुनेछ ।

**सुवास भट्ट**/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारको कामकारबाहीलाई प्रभावकारी बनाउन मन्त्रालयस्तरबाटै समस्या समाधानको प्रयत्न थालेका छन् । सरकारले लिएको नीति र तोकिएको लक्ष्यअनुसार परिणाम आउन नसकेको भन्दै त्यसको समाधानका लागि समीक्षा गरेर मन्त्रालयहरूलाई निर्देशनसमेत दिन थालेका छन् ।

चालू आर्थिक वर्ष ०८०/८१ मा मन्त्रालयहरूले लिएको लक्ष्यअनुसार पहिलो त्रैमास अवधिको प्रगति सन्तोषजनक छैन । चालू आवका लागि विभिन्न २७ निकायको कार्ययोजना समावेश भएका कुल एक हजार ६ सय क्रियाकलाप तथा तीन हजार चार सय २१ माइलस्टोनमध्ये गत असोज मसान्तसम्ममा ३.८८ प्रतिशत क्रियाकलाप र ८.१३ प्रतिशत माइलस्टोन मात्र सम्पन्न भएको देखिएको छ । पहिलो त्रैमासमा सम्पन्न गर्नुपर्ने भनी निर्धारित सात सय ७५ माइलस्टोनमध्ये ३५.३५ प्रतिशत मात्र सम्पन्न भएको देखिएको छ । ५१.१० प्रतिशत माइलस्टोन चालू अवस्थामा छन् भने १३.५५ प्रतिशत सुरुसमेत भएका छैनन् । समग्र

» पृष्ठ २ मा क्रमशः



### आज राष्ट्रका नाममा प्रधानमन्त्रीको सम्बोधन

प्रधानमन्त्री प्रचण्डले मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्दै छन् । आफ्नो नेतृत्वमा सरकार गठन भएको एक वर्ष पुगेको अवसरमा उनले साँझ ५ बजे सम्बोधन गर्ने कार्यक्रम तय भएको छ । प्रधानमन्त्रीले एकवर्षे कार्यकालका उपलब्धि सार्वजनिक गर्नुका साथै भावी योजनाबारे केही घोषणा गर्ने तयारी रहेको मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । गत वर्ष १० पुसमा प्रचण्ड प्रधानमन्त्रीमा निर्वाचित भएका थिए ।

### परराष्ट्र मन्त्रालयको संरचना हेरफेर र नेपाली दूतावास पुनर्संरचनाको गृहकार्य

युरोपमा कम काम भएका दूतावासहरू स्थानान्तरण गरिने, परराष्ट्रमा आर्थिक कूटनीति र श्रम हेर्ने दुई महाशाखा थपिने



परराष्ट्र मन्त्रालय र विदेशमा रहेका दूतावासहरूको पुनर्संरचनाका लागि संगठन एवं व्यवस्थापन सर्भेका लागि गठित समितिले एक महिनादेखि काम गरिरहेको छ : **परराष्ट्रमन्त्री एनपी साउद**

(विस्तृत पृष्ठ ३)

### उद्योगीको चुनौती- प्रमाण देऊ, पैसा लैजाऊ

प्राधिकरण भन्छ- **आवश्यक परे प्रमाण देखाउँछौं, व्यक्तिलाई दिँदैनौं**

(विस्तृत पृष्ठ ६)

## ■ सात वर्षमा पनि बनेन ७० मिटर पुल



धनगढीमा **तेजराज भट्ट**

कञ्चनपुरको कृष्णपुर नगरपालिका- १, स्थित ओदाल खोलामा पुल निर्माणको काम सात वर्षसम्म अधुरै छ । पुल निर्माणमा भइरहेको ढिलाइले स्थानीय बासिन्दाले खोला तर्दा भोग्नुपर्ने सास्ती हट्न सकेको छैन । बंक-नाइल-बुडर सडकअन्तर्गत ओदाल खोलामा पुल निर्माणका लागि ०७३ भदौमा थेगिम-गाल्वा जेभीसँग सम्झौता भएको थियो । सडक डिभिजन कार्यालय कञ्चनपुरका अनुसार पुलका दुई स्पानमध्ये सात वर्षको अवधिमा एउटा स्पान मात्र बनेको छ । सडक डिभिजन कार्यालय कञ्चनपुरका अनुसार पाँच करोड ४७ लाख रुपैयाँ लागत रहेको पुलको लम्बाइ ७० मिटर छ । पछिल्लोपटक थप गरिएको अवधि गत असारमा सकिएको डिभिजन कार्यालयका सूचना अधिकारी तारानाथ सिग्देलले बताए । 'अहिले दैनिक हर्जाना तिराएर काम गराइरहेका छौं, निर्माण कम्पनीले अस्तिदेखि काम सुरु गरेको भनेको छ,' उनले भने । (विस्तृत समाचार पृष्ठ २)

## मापदण्ड नै बनाएर राष्ट्रिय सभा उम्मेदवार टुंग्याउँदै कांग्रेस

**संस्थापनबाट कृष्ण सिटौला र गोपालमान श्रेष्ठको लबिङ, इतर समूहबाट डा. मीनेन्द्र रिजालको नाममा दबाब**

● **मीन विश्वकर्मा**, प्रचार विभाग प्रमुख



प्रदेशबाट नाम आउने क्रममा छन् । १२ पुसमा सुरु हुने केन्द्रीय समिति बैठकले मापदण्ड बनाउने र छनोटको विषयमा थप छलफल गरेर टुंग्याउने गरी नेतृत्वलाई जिम्मेवारी दिने तयारी छ । बैठकपछि गठबन्धन दलसँग छलफल गरेर सिटको टुंगो लगाउँछौं ।

**केशवप्रसाद पाण्डे**/नयाँ पत्रिका

राष्ट्रिय सभाका २० सदस्य चुन्न ११ माघमा हुन लागेको निर्वाचनका लागि कांग्रेसले मापदण्ड बनाएर उम्मेदवार टुंग्याउने भएको छ । १२ पुसमा सुरु हुने केन्द्रीय समिति बैठकबाट उम्मेदवारको मापदण्ड बनाउने र गठबन्धनसँग छलफल गरेर उम्मेदवारको अन्तिम टुंगो लगाउने जिम्मा सभापति शेरबहादुर देउवालाई दिने तयारी गरेको हो ।

'प्रदेशबाट नाम आउने क्रममा छन् । १२ पुसमा सुरु हुने केन्द्रीय समिति बैठकले मापदण्ड बनाउने र छनोटको विषयमा थप छलफल गरेर टुंग्याउने गरी नेतृत्वलाई जिम्मेवारी दिने तयारी छ । बैठकपछि

» पृष्ठ २ मा क्रमशः




यी नेताहरूबाहेक सहमहामन्त्रीहरू फरमुल्लाह मन्सुर, महालक्ष्मी उपाध्याय 'डिना', अनुशासन समिति संयोजक आनन्द ढुंगाना, बलबहादुर केसी, अब्दुल सतार, सभापति देउवा प्रधानमन्त्री छँदा परराष्ट्र सल्लाहकार रहेका अरुण सुवेदीलगायत पनि आकांक्षी छन् । प्रचार विभाग प्रमुख मीन विश्वकर्मा, डा. गोविन्द पोखरेल, कमला पन्त, भूपेन्द्रजंग शाही, मनोजमणि आचार्य, किरण कोइरालालगायतको नामबारे पनि कांग्रेसवृत्तमा चर्चा छ । यसबाहेक धेरै आकांक्षीहरू आ-आफ्ना तरिकाले लबिङमा छन् । कांग्रेसले अहिले नै उम्मेदवारको टुंगो लगाउँदा विवाद आउने देखेपछि केन्द्रीय समिति बैठकपछि गठबन्धनमा सिटको टुंगो लगाउने र अन्तिम समयमा उम्मेदवारको टुंगो लगाउने तयारी गरेको छ । गठबन्धन बैठकमा यसबारे औपचारिक छलफल सुरु भएको छैन । निर्वाचन आयोगले २३ पुसमा मनोनयनको मिति तोकेको छ ।

# सात वर्षमा पनि बनेन ७० मिटर पुल

## एक वर्षमा काम सक्नुपर्ने भए पनि हालसम्म करिब ७५ प्रतिशत मात्र प्रगति

धनगढीमा **तेजराज भट्ट**

कञ्चनपुरको कृष्णपुर नगरपालिका- १, स्थित ओदाल खोलामा पुल निर्माणको काम सात वर्षसम्म अधुरै छ। पुल निर्माणमा भइरहेको ढिलाइले स्थानीय बासिन्दाले खोला तर्दा भोग्नुपर्ने सास्ती हट्न सकेको छैन। बंक-नाइल-बुडर सडकअन्तर्गत ओदाल खोलामा पुल निर्माणका लागि ०७३ भदौमा थेगिम-गाल्वा जेभीसँग सम्झौता भएको थियो। सडक डिभिजन कार्यालय कञ्चनपुरका अनुसार पुलका दुई स्पानमध्ये सात वर्षको अवधिमा एउटा स्पान मात्र बनेको छ।

पुल नहुँदा स्थानीयले बर्खायाममा खोला तर्न निकै सास्ती खेप्नुपर्छ। चुरेको फेदी भएर बग्ने यो खोला बर्खामा उर्लने भएकाले खोलापारिका बस्तीका बासिन्दालाई वारि र वारिको बस्तीका बासिन्दालाई पारि जान समस्या हुने गरेको स्थानीय बताउँछन्। खोलाको उत्तरतिर चुरेनजिक पर्ने सुन्दरीफाँटा र पहरिया गरी दुई गाउँ छन्। यी दुई बस्तीलाई खोलावारि जोड्ने अरु विकल्प छैन।

कृष्णपुर- १, पहरियाका मंगुराम भुलले पुल नहुँदा बर्खामा बाढी आएको वेला खोला तारेर बिरामीलाई अस्पताल पुऱ्याउन समस्या हुने गरेको बताए। 'बिरामी, सुत्केरी, सर्पले टोकेका बिरामीलाई अस्पताल पुऱ्याउन सकिँदैन। हामी खोलापारि जान पाउँदैनौँ,' उनले दुःखेसो सुनाए, 'पुल नहुँदा बिरामीलाई समयमै अस्पताल पुऱ्याउन नसकेर ज्यान गुमाउनुपर्ने अवस्था छ।'

गाउँबाट खोलापारि रहेको पहरिया गाउँको स्कुलमा अध्ययनका लागि जाने विद्यार्थीले खोला तर्न सास्ती खेप्नुपरेको उनले बताए। बर्खामा छोराछोरीलाई स्कुल पठाउन वारिपारि डोरी राखेर खोला तार्ने गरेको भुलले बताए। स्थानीयका अनुसार गाउँमा निमावि तहसम्मको मात्र विद्यालय रहेकाले माथिल्लो तह अध्ययन गर्न विद्यार्थी पारि जाने गरेका छन्। 'खोला तार्नुपर्ने भएकाले सबै काम छाडेर अभिभावकले हरेक दिन छोराछोरीलाई स्कुल पुऱ्याउन जानुपर्छ,' भुलले भने, 'पुलको काम सुरु भएको सात वर्ष भइसक्यो, अझै कहिले सकिने हो थाहा छैन। खोला तर्दाको सास्ती तत्काल अन्त्य होलाजस्तो लाग्दैन।' पटक-पटक म्याद थप गर्दा पनि ठेकेदारले काम नगरेपछि पुल अलपत्र अवस्थामा छ।

स्थानीय सोपेन्द्र कार्कीले ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता रहेको बताए। खोलापारि बोर्डिङ र वारि मावि तहसम्मको सरकारी स्कुल भएकाले दैनिक खोला तरेर विद्यालय जाने विद्यार्थीको संख्या धेरै रहेको उनले बताए। 'बर्खामा खोलामा बाढी धेरै आउँछ, वारिपारि जान सकिँदैन,' उनले भने, 'उपचार नपाएर मान्छेका जीवन गइरहेको छ।' हरेक बर्खामा ज्यान जोखिममा पारेर आवतजावत गर्नु परिरहेको कार्कीले बताए।

पुल निर्माणका लागि सरोकारवाला निकाय र जनप्रतिनिधिकहाँ पटकपटक पुगे पनि कामले गति लिन नसकेको कार्कीले गुनासो गरे। 'यहाँका जनप्रतिनिधिदेखि सडक कार्यालयसम्म भन्नुपर्ने सबै ठाउँ भन्यौँ, तर काम भएन,' उनले भने, 'अब पुल बन्ला भन्ने आशा पनि मरिसक्यो।' पुल अलपत्र पार्ने ठेकेदारलाई कारबाही गरेर नयाँ ठेक्कामार्फत काम गराउन स्थानीयले माग गरेका छन्।

सोही क्षेत्रबाट निर्वाचित सुदूरपश्चिम प्रदेश सभा सदस्य ओमविक्रम भाटले जनप्रतिनिधिका हैसियतले निर्माण कम्पनीलाई काम गर्न पटक-पटक आग्रह गरिएको बताए। कहिलेकाहीँ काम गरेजस्तो देखाएर जनता झुक्याउने काम निर्माण कम्पनीले गरिरहेको उनले बताए। 'जनताले पुल कहिले बन्छ भनेर सोधिरहेका छन्, हामीले के जवाफ दिने,' भाटले भने, 'यो कम्पनीले काम नगर्ने हो भने तत्काल ठेक्का रद्द गरेर नयाँ प्रक्रियामार्फत काम गरिनुपर्छ।' सडक डिभिजन कार्यालयलाई पनि काम लगाउन नसक्ने हो भने कारबाहीको प्रक्रियामा जान भनेको उनले बताए।

सडक डिभिजन कार्यालय कञ्चनपुरका अनुसार पाँच करोड ४७ लाख रूपैयाँ लागत रहेको पुलको लम्बाइ ७० मिटर छ। डिभिजन कार्यालयका सूचना अधिकारी तारानाथ सिग्देलले पुलका दुईमध्ये एउटा स्पानको काम बाँकी रहेको बताए। सुरुको सम्झौताअनुसार एक वर्षमा काम सक्नुपर्ने भए पनि सात वर्षको अवधिमा करिब ७५ प्रतिशत मात्र भौतिक प्रगति भएको उनले बताए।

पछिल्लोपटक थप गरिएको अवधि गत असारमा सकिएको सिग्देलले जानकारी दिए। 'अहिले दैनिक हर्जाना तिराएर काम गराइरहेका छौँ, निर्माण कम्पनीले अस्तिदेखि काम सुरु गरेको भनेको छ,' उनले भने। कानुनअनुसार दैनिक हर्जाना तिरेर दुई सय दिनभित्र पनि काम पूरा नगरे ठेक्का तोडेर कारबाहीको प्रक्रियामा जाने सिग्देलले बताए। स्थानीय भने वर्षौँसम्म पुल अलपत्र पार्ने ठेकेदारलाई सडक डिभिजनले कारबाही गर्न नसकेको भन्दै आक्रोश व्यक्त गर्छन्। ठेकेदारलाई जोगाउन सडक डिभिजनका कर्मचारीको मिलेमतो रहेको उनीहरूको आरोप छ।

### प्रादेशिक आयुर्वेद अस्पताल सरकारी बेवास्ताको सिकार

# न औषधि छ, न पर्याप्त जनशक्ति

झापामा **चिरञ्जीवी घिमिरे**

कोशी प्रदेश सरकारले झापाको कमल गाउँपालिका- ६ मा करिब डेढ वर्षयता प्रादेशिक आयुर्वेद अस्पताल सञ्चालन गरेको छ। २० करोड ६३ लाख लागतमा संरचना बनाएर ५ भदौ ०७९ देखि सञ्चालनमा आएको प्रादेशिक आयुर्वेद अस्पताल लगातारको सरकारी बेवास्ताले गलपासो बनेको छ।

कोशी सरकारले लिफ्टसहितको सुविधासम्पन्न भवन बनाए पनि सरकारी बेवास्ताले अस्पताल पूर्ण रूपमा सञ्चालन हुन सकेको छैन। अस्पतालमा आउने बिरामीको संख्या क्रमशः बढ्दै छ। तर, यति ठूलो संरचनामा सञ्चालन भएको यो अस्पतालले बिरामी भर्ना गरेर उपचार गर्न सकेको छैन। ५० शय्या स्वीकृत भएको यो अस्पतालले सामान्य स्वास्थ्यचौकीजस्तो बिहान १० बजेदेखि ५ बजेसम्म मात्र सेवा दिइरहेको छ। सरकारी बेवास्ताका कारण यो अस्पताल २४ घन्टा सञ्चालन हुन सकेको छैन।

कोशी प्रदेश सरकारले यो अस्पताललाई न त औषधि नै उपलब्ध गराएको छ न त पर्याप्त जनशक्तिका लागि दरबन्दी नै स्वीकृत गरिदिएको छ। सामान्य एक्सरे मेसिनसमेत उपलब्ध नगराउँदा सरकारको स्वास्थ्य बिमा कार्यक्रमसमेत सञ्चालन हुन सकेको छैन। '२३ प्रकारको औषधि निःशुल्क वितरण गर्नुपर्ने हो, तर हामीसँग औषधि छैन। प्रदेश सरकारलाई पटक-पटक जानकारी गराएका छौँ। तर, औषधि आएको छैन,' अस्पतालका निमित्त निर्देशक डा. सिद्धार्थ ठाकुरले भने, 'एक्सरे मेसिन नहुँदा स्वास्थ्य बिमा पनि सञ्चालन गर्न सकिएको छैन। खरिद गर्नका लागि हामीसँग बजेट छैन। यहाँको बजेटले दैनिक खर्च पनि चल्दैन।'

प्रादेशिक आयुर्वेद अस्पतालमा जनशक्ति अभाव छ। अहिले १९ जनाको दरबन्दी छ। जसका कारण अस्पताललाई पूर्ण रूपमा सञ्चालन गर्न नसकिएको उनले बताए। 'अस्पतालमा आकस्मिक सेवा, भर्ना गरेर राख्नुपर्ने बिरामीका लागि २४ घन्टा सेवा सञ्चालन गर्न सकेका छैनौँ। यो विशिष्टीकृत सेवा दिने संस्था हो,' उनले भने, 'अहिले १९ जनाको दरबन्दी छ। दरबन्दीअनुसार कर्मचारी लगभग छौँ। थप २८ जनाको दरबन्दी थप्नका लागि प्रदेशको स्वास्थ्य मन्त्रालय पठाइएका छौँ। जनशक्ति हुने हो भने हामी राम्ररी सञ्चालन गर्न सक्छौँ। अब पनि जनशक्ति वृद्धि भएन भने म आफैँ बसेर भए पनि २४ घन्टा सेवा दिन्छौँ।'

अस्पतालमा गत जेठयता तीन विशेषज्ञ चिकित्सकसहितको सेवा सुरु भएको छ। यहाँ पायल्स, फिस्टुलालगायतको शल्यक्रिया पनि सुरु गरेको उनले बताए। यस्तै, ल्याब सेवा, फिजियोथेरापी, भिडियो एक्सरे सेवा पनि सञ्चालन भइरहेको निमित्त निर्देशक डा. ठाकुरले बताए। यस्तै, पञ्चकर्म र छारसूत्र विधिबाट पनि बिरामीको उपचार थालिएको उनले बताए। अहिले यहाँ पाँचथर, धनकुटा, इलाम, ताप्लेजुङ, तेह्रथुमलगायतका जिल्लाबाट बिरामी आउने गरेका छन्। गत जेठसम्म दैनिक ८-१० जना बिरामी मुस्किलले आउँथे। तर, अहिले दैनिक एक सयजनासम्म बिरामी आउने गरेको ठा. ठाकुरले बताए। 'बिमा कार्यक्रम लागू गर्न नसक्दा हामीले संकुचन महसुस गरेका छौँ। अहिले बिरामीप्रति विश्वास बढेको छ। निःशुल्क औषधि दिनसके र सेवा विस्तार गर्न सके बिरामीको चाप अझै बढ्ने थियो,' उनले भने, 'यहाँ नसासम्बन्धी, मधुमेह, ग्यास्टिक, पेटसम्बन्धी रोक भएका बिरामी धेरै आउने गरेका छन्।'

अस्पताल सञ्चालनको करिब डेढ वर्ष मात्र भएका कारण पनि चुनौती आउने उनी बताउँछन्। तर, अस्पतालमा देखिएको चुनौतीलाई क्रमशः छिचोल्दै अस्पतालको सेवा विस्तार गर्दै लैजाने लक्ष्य रहेको निमित्त प्रमुख डा. ठाकुरले बताए।

कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयले भने यो अस्पताल अस्थायी अस्पताल भएकाले पूर्ण रूपमा सञ्चालन गर्न नसकिएको जनाएको छ। स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुधा देवकोटाले संगठन तथा व्यवस्थापन सर्भे (ओएनएम)पछि अस्पताल स्थायी हुने र पूर्ण रूपमा सञ्चालन हुने बताइन्। उनले अहिले जनशक्तिको अभाव रहेको र प्रदेश लोक सेवाबाट जनशक्ति माग गरिरहेका कारण जनशक्ति आएपछि प्रादेशिक आयुर्वेद अस्पतालमा पनि पठाइने बताए। 'अस्पताललाई पूर्ण रूपमा सञ्चालनका लागि अस्पताल व्यवस्थापन समितिले पनि केही काम गर्नुपर्छ,' उनले भनिन्। स्वास्थ्यसचिव डा. देवकोटाले औषधि खरिदका लागि टेन्डर आह्वान भइसकेको र खरिदपछि उक्त अस्पतालमा पनि पठाइने बताइन्।




**● डा. सुधा देवकोटा**
सचिव, प्रदेश स्वास्थ्य मन्त्रालय

अस्पताललाई पूर्ण रूपमा सञ्चालनका लागि अस्पताल व्यवस्थापन समितिले पनि केही काम गर्नुपर्छ। लोक सेवाबाट जनशक्ति मागिएको छ, आएपछि त्यहाँ पठाउँछौँ। औषधि खरिदका लागि टेन्डर आह्वान भइसकेको छ, खरिदपछि पठाउनेछौँ

**● डा. सिद्धार्थ ठाकुर**
निमित्त निर्देशक

२३ प्रकारको औषधि निःशुल्क वितरण गर्नुपर्ने हो। तर, हामीसँग औषधि छैन। प्रदेश सरकारलाई पटक-पटक जानकारी गराएका छौँ। तर, औषधि आएको छैन। एक्सरे मेसिन छैन, खरिद गर्न बजेट छैन। यहाँको बजेटले दैनिक खर्च पनि चल्दैन।'

## 'पुस्तकरहित शुक्रबार'मा जोडिन इच्छुक संघ-संस्थालाई सूचीकृत हुन आह्वान

**काठमाडौं**/ काठमाडौं महानगरभित्रका सामुदायिक विद्यालयमा सञ्चालित 'पुस्तकरहित शुक्रबार कार्यक्रम'मा जोडिन चाहने इच्छुक संघ-संस्थालाई विद्यालयमा सूचीकृत हुन महानगरले आग्रह गरेको छ। यसरी सूचीकृत भएका संघ-संस्थाले एकदेखि आठ कक्षासम्म व्यावहारिक-प्रयोगात्मक कक्षा सञ्चालन गर्न पाउनेछन्।

इच्छुकहरूलाई ११ पुसभित्र सूचीकृत हुन महानगरपालिकाको शिक्षा विभागले अनुरोध गरेको छ। ९ र १० कक्षामा गत शुक्रबारदेखि 'शिक्षामा सीप' तालिम कार्यक्रम सञ्चालन भइसकेको छ। यसका लागि विद्यालयहरूले तालिम प्रदायक संघ-संस्थालाई सूचीकृत गरेर सेवा लिन थालेका हुन्। 'पुस्तकरहित शुक्रबार कार्यक्रम' गत वर्षदेखि निरन्तर चलिरहेको छ। शिक्षा विभागका प्रमुख सीताराम कोइरालाका अनुसार यसरी सञ्चालन हुने कार्यक्रमका लागि छुट्टै बजेटको व्यवस्था गरिएको छ। यो बजेट विद्यालयमा जान्छ। विद्यालयहरूले आफैँ कार्यक्रम सञ्चालन गर्नेछन्।

सूचीकृत हुनेले चालू आर्थिक वर्षको अन्त्यसम्म बिदा र परीक्षाको अवधि कटाएर १५ वटा शुक्रबारका लागि शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। हरेक शुक्रबार ६ घन्टाका कक्षा हुनेछन्। सहरी योजना आयोगका सदस्य इन्जिनियर शैलेन्द्र झा भन्छन्, 'पाठ्यक्रम, दररेटसहित खर्चको प्रस्ताव, कार्यक्रम सञ्चालनका लागि प्रयोग गरिने सामग्रीको विवरणसहित प्रस्तावकले आफूले तालिम सञ्चालन गर्न चाहेको विद्यालय सूचीकृत हुन सक्नेछन्।'

कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन बाल समूहहरू गठन गरिसकिएको छ। कारागारभित्रका, फरक क्षमता भएका बालबालिकाका लागि सञ्चालन भएका र रात्रिकालीन विद्यालय बाहेक ८१ वटा विद्यालयमा समूह गठन गरिसकिएको हो।

शुक्रबारको कार्यक्रमका लागि १५ वटा विषय राखिएका छन्। यी हरेक विषयलाई एउटा उपसमूह मानिएको छ। यी उपसमूहमध्ये बालबालिका तथा वातावरण (बावा) र विज्ञान, प्रविधि, इन्जिनियरिङ, आर्टस् र गणित (स्टिम) विषय हरेक विद्यालयका लागि अनिवार्य उपसमूह हुन्।

## संक्रमणकालीन...

पृष्ठ १ बाट क्रमशः

घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने छ। तेस्रो, द्वन्द्वमा संलग्न बालसेनालाई परिपूरण (राहत र सहयोग)मा समेट्दा कसरी शब्दको प्रयोग गर्ने भन्ने प्रश्न छ। र चौथो, घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोक्ने भन्ने विषय टुंगिन बाँकी छ।

'विवादका विषयमा कसरी जाने भन्ने कुराहरू छन्। कानुनमा लेख्दा कसरी लेख्ने, कोडिङ कसरी गर्ने, प्रस्तुति कसरी गर्ने भन्ने पनि छ। त्यसो गर्दा पीडितमैत्री बन्छ कि बन्दैन भन्ने प्रश्नमा पहिला सिद्धान्ततः पीडितमैत्री बनाउने भन्नेतर्फ गइयो,' बैठकपछि नेता खरेलले भने, 'त्यसपछि कुन भाषाको प्रयोग गर्दा उपयुक्त हुन्छ भन्ने कुरा अब पछि हुने कुरा भयो। अब नेताहरू बसेर छलफलबाट विवादित विषय टुंग्याउनुहुन्छ। विवादका विषय यी हुन्, यसरी प्रस्तुत भएका छन्, कसो गर्दा पीडितमैत्री हुन्छ, त्यही गर्ने कुरा भयो। पीडितमैत्री बनाउने भनेर गइसकेपछि जे गरेर पीडितमैत्री हुन्छ त्यही विकल्पमा छलफल हुन्छ।' संसद्को आगामी अधिवेशनअघि नै समितिबाट विधेयक पास गर्ने समझदारी नेताहरूबीच छ।

माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले सरोकारवाला पक्षका सरोकार सम्बोधन गर्दै काम गर्ने सहमति भएको बताए। '१२बुँदे समझदारीबाट शान्ति प्रक्रियासम्मको प्रतिबद्धताअनुसार संविधान मिलेरै बनायौँ, शान्ति प्रक्रियाको काम पनि सँगै टुंग्याउने हाम्रो साझा एजेन्डा हो भन्ने एकमत शीर्ष नेतृत्वको रह्यो,' उनले भने, 'पीडितलाई केन्द्रित गरेर उनीहरूका सरोकारलाई सम्बोधन गर्ने गरी नै विधेयक टुंग्याउने साझा धारणा बनेको छ।'

विधेयकमा थप स्पष्ट गर्नुपर्ने भनेर चारवटा विषय उपसमितिबाट मूल समितिमा आएको भन्दै पुनले यसमा साझा रूपले नै छलफल गरेर टुंगो लगाउने र आगामी हिउँदे अधिवेशनमा पहिलो एजेन्डाको रूपमा लाने सहमति भएको बताए। 'समितिमा रहेका तीन दलका माननीयलाई यो स्पिरिटमा काममा पठाउने कुरा हुन्छ। आवश्यक निर्देशन दिने र अरू दलका माननीयलाई छलफल गरेर विश्वासमा लिने काम हुन्छ,' उनले भने, 'समितिले पनि छिटो पास गर्ने र आगामी अधिवेशनमा प्राथमिकताका साथ टुंगोमा पुऱ्याउने साझा प्रतिबद्धता छ।'

कानुनमन्त्री धनराज गुरुङले आगामी अधिवेशनमा आउने गरेर विधेयक टुंग्याउन दलहरू सहमत भएको बताए। 'अब तीनजना नेता बसेर क्याटिगोरिकल्ली यसमा यो गरौँ, यसमा यो शब्द उल्लेख गर्ने भनेर अगाडि बढ्नेछ,' उनले भने।

बैठकमा विज्ञहरूले संसदीय समितिबाट आएको कुरालाई कानुनी भाषामा व्याख्या गर्नुका साथै अन्तर्राष्ट्रिय अभ्यासबारे पनि शीर्ष नेताहरूलाई जानकारी गराएका थिए। 'अब टुंग्याउने मुख्य तीन नेताले हो। उहाँहरूबाट हामी टुंग्याउँछौँ भन्ने प्रतिबद्धता आयो। हिउँदे अधिवेशनमा पेस हुने गरी टुंग्याउने भन्नुभएको छ,' मन्त्री गुरुङले भने। शीर्ष तहको समझदारीबाट अब संक्रमणकालीन न्यायले निकास पाउनेमा आफू एकदमै आशावादी बनेको उनले बताए। 'यति नजिक पुगेर पनि आएन भने दुर्भाग्य हुन्छ र कहिल्यै टुंगोमा नपुग्ने जोखिम हुन्छ। यद्यपि, तीन नेता गम्भीर रूपमा आउनुभएकाले टुंगिन्छ भन्ने लाग्छ,' उनले भने।

## पिँढीको खाँबो...

पृष्ठ १ बाट क्रमशः

हो।' चिकित्सकले शारदाको टाउकोमा चोट लागेको हुन सक्ने भएकाले एमआरआई गर्न भनेको छ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले स्थानीय ईश्वरकुमार पोखरेल, मिलन देवकोटा, निकेश ढकाल, लक्ष्मी पोखरेल, विष्णु ढकाल र एकबहादुर खड्कालाई पक्राउ गरेको छ। उनीहरूसँगै श्रीमान् सन्तोष थापालाई पनि हिरासतमा लिएको छ। ईश्वरकुमार, मिलन, निकेश र लक्ष्मीविरुद्ध पीडितले किटानी जाहेरी नै दिएकी थिइन्। उनीहरूले बाँधेर मुक्का, लात्ती र लौरोले कुटपिट गरेको शारदाले प्रहरीलाई बयान दिएकी छिन्।

पीडितले प्रहरीलाई दिएको बयान, स्थानीयको भनाइ र प्रहरी अनुसन्धानअनुसार कुटपिटको घटना शुक्रबार (६ पुस) देखि सुरु भएको थियो। पीडितको बयान उद्धृत गर्दै एसपी सिलवालले भनेअनुसार सोही दिन बिहान स्थानीय ईश्वरकुमार पोखरेल, मिलन देवकोटालगायत घरमा आई पिँढीको खाँबामा बाँधेर कुटपिट गरेका थिए। सोही दिन १० बजे शारदा र सन्तोष डिभोर्स प्रक्रियाअन्तर्गत रहेको सुनुवाइका लागि जिल्ला अदालत सिन्धुली पुग्नुपर्ने थियो। स्थानीयले बन्धन खोलिदिएपछि उनीहरू अदालत पुगेको, तर त्यहीँबाट एकाएक श्रीमान् गायब भएको भन्दै शारदा 'श्रीमान् खोजिपाऊँ' भन्दै जिल्ला प्रहरी कार्यालय आइपुगेको एसपी सिलवालले बताए। त्यसपछि अदालत फर्किएकी उनले आफूलाई 'ईश्वरकुमार पोखरेल, मिलन देवकोटा, निकेश ढकाललगायतले जबर्जस्ती गाडीमा राखेर घर पुऱ्याएको, साँझ फेरि पिँढीकै खाँबोमा बाँधेर मुक्का, लात्ती, लौरोले कुटपिट गरेको, रातभर र शनिबार दिनभर पनि बाँधेर यातना दिएको' बयान दिएकी छिन्।

यता शनिबार श्रीमान् सन्तोषलाई प्रहरीले सिन्धुलीमाडीमै फेला पारेको थियो। त्यतिवेला पटक-पटक प्रयास गर्दा पनि शारदालाई फोन नलागेपछि प्रहरीले सन्तोषलाई घर पठाइदिएको थियो। 'शनिबार साँझ श्रीमान् घर आइपुग्नुभयो। त्यसपछि हामी दुवैलाई एउटै खाँबोमा बाँधेर कुटे। राति श्रीमान्‌लाई फुकाइदिए, मलाई भने आँगननजिकैको बिजुलीको पोलमा लगेर बाँधे। कुटपिटबाट कतिवेला अचेत भएँ थाहा भएन, होस खुल्दा त अस्पतालको बेडमा रहेछु,' शारदाको भनाइ उद्धृत गर्दै एसपी सिलवालले भने।

### के हो लेनदेनको विषय ?

एसपी सिलवालका अनुसार शारदाका श्रीमान् सन्तोषले आफूहरूले स्थानीयसँग एक करोड २५ लाख ऋण लिएको बयान दिएका छन्। बयानअनुसार थापादम्पतीले काठमाडौंमा जग्गा किन्ने क्रममा उक्त ऋण लिएका थिए। तर, उनीहरूले ऋण तिर्न सकेका थिएनन्। यसै क्रममा सन्तोष र शारदा भने सम्बन्धविच्छेदको प्रक्रियामा प्रवेश गरेको पाइएको छ। सन्तोषले जग्गा बेचेर ऋण तिर्न खोजे पनि शारदाले नमानेको भन्नेजस्ता विषय पनि आएकाले यसबारे गहिरो अनुसन्धान हुने एसपी सिलवालले बताए। 'श्रीमान्‌सँग डिभोर्स गरेपछि जायजेथा बिक्री गर्नुपर्दैन भन्ने आशय पनि हुन सक्छ, त्यसमा अनुसन्धान हुनै बाँकी छ,' उनले भने।

जिल्ला प्रहरी प्रमुख एसपी राजकुमार सिलवालले भने-

### अचेत अवस्थामा मैले नै शारदाको उद्धार गरेको हुँ, आपराधिक कार्य भएको छ

शारदाले शुक्रबार श्रीमान् (सन्तोष थापा) हराएको उजुरी गरेपछि प्रहरी खोजीमा लाग्यो। शनिबार उनी सिन्धुलीमाडीमै सकुशल भेटिए। श्रीमान् भेटिएको जानकारी दिन शारदालाई फोन गर्दा उठेन। त्यसपछि हामीले सन्तोषलाई घर जान भनेर पठाइदियौँ। शारदालाई पटक-पटक फोन गर्दा पनि सम्पर्क नभएपछि कतै उजुरी नै गलत त होइन भन्ने शंका लाग्यो। त्यसपछि आइतबार मेरै नेतृत्वमा प्रहरी टोली उनको घर गयो। त्यहाँ पुग्दा उनी बिजुलीको पोलनजिकै अचेत भएर लडिरहेको अवस्थामा भेटिइन्। उनको शरीरसँगै डोरी पनि बेरिएको थियो। हामीले आइतबार अपराह्न ४:३० बजे उद्धार गरेर अस्पताल पुऱ्यायौँ। होस खुलेपछि अहिले महिला सेफ हाउसमा सुरक्षित राखिएको छ। अहिले स्थानीय ईश्वरकुमार पोखरेल, मिलन देवकोटा, निकेश ढकाल, लक्ष्मी पोखरेल, विष्णु ढकाल र एकबहादुर खड्का तथा उनका श्रीमान् सन्तोष थापालाई पनि हिरासतमा लिएर अनुसन्धान गरिरहेका छौँ। सन्तोषले आफूहरूले स्थानीयसँग एक करोड २५ लाख ऋण लिएको बयान दिएका छन्। लेनदेनको विषय जे भएपनि महिलालाई बन्धक बनाएर कुटपिट गर्नु कानुनविपरित र निन्दनीय कार्य हो।

## मन्त्रालयगत...

पृष्ठ १ बाट क्रमशः

लक्ष्यलाई आर्थिक, पूर्वाधार, शासकीय सुधार र सामाजिक गरी चार भागमा वर्गीकरण गरेर त्यसको समग्र उपलब्धिको मूल्यांकनका आधारमा प्रधानमन्त्री कार्यालयले गरेको आर्थिक वर्ष ०८०/८१ मा सञ्चालित नीति तथा प्रमुख कार्यक्रमहरूको असोज मसान्तसम्मको प्रगति प्रतिवेदनले यस्तो देखाएको हो।

मन्त्रालयगत प्रगति नै कमजोर हुँदा सरकारको समग्र प्रभावकारिता उत्साहप्रद नभएपछि प्रधानमन्त्रीले यसको कारणसहित समाधानको प्रयत्न अघि बढाएका हुन्। यसलाई उनले आफ्नो कार्यकालको एकवर्षे समीक्षासँग समेत जोडेका छन्। आगामी दिनमा सरकारका कामकारबाही थप प्रभावकारी बनाउने कार्ययोजना निर्माणमा पनि अहिले प्रधानमन्त्री कार्यालय लागिरहेको छ।

नागरिकलाई सेवा प्रवाहमा सहजता, विकास निर्माणका गतिविधिलाई गति दिन र समग्रमा सरकारको प्रभावकारिता अभिवृद्धि गर्न प्रधानमन्त्री प्रचण्डले मन्त्रालयहरूसँग नियमितजसो बैठक गरिरहेका छन्। मन्त्रालयहरूले लिएका लक्ष्य र लक्ष्यअनुसारको प्रगति लिएर प्रधानमन्त्रीले देखिएको समस्या समाधानका लागि निर्देशनसमेत दिएका छन्। गत बुधबार प्रधानमन्त्रीले सिंहदरबारस्थित कार्यालयमा कृषि तथा पशुपन्छी मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त वार्षिक समीक्षा बैठक राखेका थिए। बैठकमा दुवै मन्त्रालयको कार्यप्रगतिबारे जानकारी लिएर उनले विभागीय मन्त्री र सचिवहरूलाई निर्देशनसमेत दिए। बैठकमा प्रधानमन्त्री प्रचण्डले आफूले सरकारको नेतृत्व लिएको एक वर्ष पुग्न लागेको भन्दै अब क्यालेन्डर नै बनाएर सबै मन्त्रालयसँग छलफल गर्ने बताएका थिए।

'एक वर्षमा हामीले कति काम गऱ्यौँ, कहाँ के-कति समस्या देखिए, त्यसको गम्भीर अध्ययन गरेर आगामी योजना निर्माण गर्छु,' बैठकमा उनले भनेका थिए। नागरिकलाई डेलिभरी दिने विषय प्रमुख भएको भन्दै उनले त्यसै दिशामा लाग्न निर्देशन दिएका थिए। 'अब म बिहान १० बजे नै कार्यालय आउँछु। नियमित रूपमा छलफल, समीक्षा र मूल्यांकन हुन्छ,' बैठकमा उनले भनेका थिए।

त्यसलगत्तै आइतबार पनि प्रधानमन्त्री प्रचण्डले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र खानेपानी मन्त्रालयलाई कार्यालयमा डाकेर संयुक्त ब्रिफिङ र छलफल गरे। मन्त्रालयगत समीक्षा गरी कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्न मन्त्रालयहरूलाई बोलाएर प्रधानमन्त्रीले छलफल गरिरहेको र त्यसैअनुरूप गतिविधि भइरहेको कार्यालयले जनाएको छ। आइतबारको छलफलमा प्रधानमन्त्री प्रचण्डले पर्यटन मन्त्रालयले अघि बढाएको जहाज खरिद प्रक्रियामा कुनै पनि प्रकारको त्रुटि र विवाद हुने काम नगर्न तथा पारदर्शी ढंगले अघि बढ्न निर्देशन दिए। 'नेपालमा जहाज खरिद प्रकरणमा जहिले पनि प्रश्न उठ्ने गरेको छ, यसपटक यस्तो गल्ती नहोस्, जहाज खरिद प्रक्रिया शतप्रतिशत सही र पारदर्शी हुनुपर्छ,' बैठकमा उनले भनेका थिए, 'यसपटकको खरिद प्रक्रियामा विगतका जस्ता कुनै प्रश्न नउठून्, कुनै त्रुटि नहोऊन्।' राज्यले लिएका कतिपय नीति-नियमहरू पर्यटकमैत्री नभएको भन्दै तिनलाई बदलेर भए पनि पर्यटकका लागि सहज वातावरण बनाउनेतर्फ सोच्न पनि उनले मन्त्रालयलाई निर्देशन दिए। यसका लागि प्रस्ताव ल्याउनसमेत उनले मन्त्रालयलाई भनेका थिए।

त्यस्तै, धारामा पानी नआउने, तर खानेपानी महसुलको बिल भने आउने समस्याको तुरुन्त समाधान खोज्न खानेपानी मन्त्रालयलाई निर्देशन दिए। २८ दिनभित्र मेलम्चीको पानी काठमाडौं ल्याउने कार्ययोजनामा तदारुकताका साथ काम गर्न पनि उनले मन्त्रालयलाई निर्देशन दिएका थिए। प्रधानमन्त्रीले जिम्मेवार र जवाफदेही भई काम गर्न र सुशासन, सामाजिक न्याय एवं समृद्धि हासिल गर्ने सरकारको लक्ष्य प्राप्तिमा प्रतिबद्ध रहन मन्त्रालयहरूलाई निर्देशन दिए।

## मापदण्ड नै...

पृष्ठ १ बाट क्रमशः

गठबन्धन दलसँग छलफल गरेर सिटको टुंगो लगाउँछौँ,' कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने। २९ मंसिरमा बसेको कांग्रेस कार्यसम्पादन समिति बैठकले प्रस्तावित उम्मेदवारका रूपमा नाम पठाउन प्रदेशलाई निर्देशन दिएको थियो। राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनासहित २० सांसदको कार्यकाल २० फागुनमा सकिँदै छ।

कांग्रेस संस्थापन समूहकै युवा नेता र शेखर कोइराला-गगन थापा समूह भने सभापति देउवाले पुरानै नेताहरूलाई उम्मेदवार बनाउने वचन दिएको भन्दै असन्तुष्ट छन्। कांग्रेसबाट राष्ट्रिय सभामा जान नेता कृष्ण सिटौला र गोपालमान श्रेष्ठसहितका शीर्ष नेताहरूको चर्चा छ। साथै पदाधिकारी, केन्द्रीय सदस्यलगायत धेरै नेताहरू आकांक्षीका रूपमा लबिङ गरिरहेका छन्। स्रोतका अनुसार सिटौलालाई राष्ट्रिय सभा अध्यक्ष बनाउने गरी अगाडि सार्ने तयारी छ। साथै, प्रतिनिधिसभाको समानुपातिक सूचीमा रहेर पनि छनोटमा नपरेपछि सूचीबाट नाम हटाइएका श्रेष्ठ पनि राष्ट्रिय सभा प्रवेश गर्ने र अध्यक्ष बन्ने आकांक्षा राख्दै आएका छन्। दुवै नेतालाई सभापति देउवाले राष्ट्रिय सभामा लैजाने वचन दिएको देउवानिकट नेताहरू बताउँछन्।

देउवाले अध्यक्षमा सिटौलाको विकल्प नदेख्ने अवस्थाका कारण इतरले नयाँलाई अवसर दिनुपर्ने सर्त अगाडि सारेको छ। लामो समय संवादमा नरहेका शेखर-गगन राष्ट्रिय सभाकै विषयका कारण एकठाउँमा देखिएका छन्। पछिल्लो समय संवादहीनता तोडिए पनि शेखर-गगन सम्बन्धले राष्ट्रिय सभा निर्वाचनपछि कस्तो आकार लिन्छ भन्ने स्पष्ट छैन। स्रोतका अनुसार इतरसमूहले डा. मीनेन्द्र रिजाललाई राष्ट्रिय सभा अध्यक्षका रूपमा अगाडि सारेको छ। रिजाल आन्तरिक लबिङमा रहेको नेताहरू बताउँछन्। तर, इतरसमूहका नेता मधु आचार्य आकांक्षा राख्ने नेताहरू लागे पनि कसलाई उम्मेदवार बनाउने भन्ने टुंगो नलागेको बताउँछन्। उनी महिला र अनुभवको आधारमा कमला पन्तको नाम पनि राष्ट्रिय सभा अध्यक्षका लागि चर्चामा रहेको दाबी गर्छन्।

'कांग्रेस ठूलो र पुरानो पार्टी भएकाले धेरै नेताहरू राष्ट्रिय सभामा जाने चाहना राख्नु स्वाभाविक हो। राष्ट्रिय राजनीतिमा पहिचान बनाउनुभएका डा. मीनेन्द्र रिजाललगायतका नेताहरूले अध्यक्षमा दाबेदारी राख्नु स्वाभाविक हो। तर, हामीले मापदण्ड बनाएर संसदीय बोर्डबाट उम्मेदवार टुंगो लगाउनुपर्छ भनेका छौँ। केन्द्रीय समितिमा पनि हामी यो विषय उठाउँछौँ,' आचार्यले भने, 'अनुभव र समावेशिताका आधारमा उहाँ (कमला पन्त)लाई पनि नेताहरूले वचन दिनुभएको हो।

यसबाहेक सहमहामन्त्रीहरू फरमुल्लाह मन्सुर, महालक्ष्मी उपाध्याय 'डिना', अनुशासन समिति संयोजक आनन्द ढुंगाना, बलबहादुर केसी, अब्दुल सतार, सभापति देउवा प्रधानमन्त्री छँदा परराष्ट्र सल्लाहकार रहेका अरुण सुवेदीलगायत पनि आकांक्षीका रूपमा छन्। प्रचार विभाग प्रमुख विश्वकर्मा, डा. गोविन्द पोखरेल, भूपेन्द्रजंग शाही मनोजमणि आचार्य, किरण कोइरालालगायतको नामबारे पनि कांग्रेसवृत्तमा चर्चा छ। यसबाहेक धेरै आकांक्षीहरू आ-आफ्ना तरिकाले लबिङमा छन्। कांग्रेसले अहिले नै उम्मेदवारको टुंगो लगाउँदा विवाद आउने देखेपछि केन्द्रीय समिति बैठकपछि गठबन्धनमा सिटको टुंगो लगाउने र अन्तिम समयमा उम्मेदवारको टुंगो लगाउने तयारी गरेको छ। गठबन्धन बैठकमा यसबारे औपचारिक छलफल सुरु भएको छैन। निर्वाचन आयोगले २३ पुसमा मनोनयनको मिति तोकेको छ।

त्यसो त, पटक-पटक अवसर पाएका पुरानै नेतालाई टिकट दिने आश्वासन दिएका कारण संस्थापनकै युवा नेताहरू असन्तुष्ट छन्। देउवानिकट एक केन्द्रीय सदस्यका अनुसार नेताहरूले केन्द्रीय समिति बैठकअघि सामूहिक वक्तव्य जारी गर्नेसम्मको तयारीसहित छलफल गरिरहेका छन्। केन्द्रीय सदस्य किरण पौडेल अवसर नपाएकालाई राष्ट्रिय सभामा समेट्नुपर्ने बताउँछन्। 'अवसर नपाएकालाई समेट्नुपर्छ। केन्द्रीय समिति बैठकमा पनि यो विषयमा छलफलका रूपमा लैजानेछौँ,' उनले भने।

शेखर-गगन समूहको २७ मंसिरमा बसेको भेलाले पटक-पटक अवसर पाएकालाई राष्ट्रिय सभामा रोक्न दबाब दिने निर्णय गरेको थियो। इतरले आफ्नो समूहबाट नाम र संख्या नतोकी मापदण्ड बनाएर उम्मेदवार छनोटका लागि केन्द्रीय समिति बैठकमा जोडदार रूपमा दबाब दिने तयारी गरेको छ। 'यसपटकको राष्ट्रिय सभा निर्वाचनमा संविधानको भावनाअनुसार योग्यमध्येबाट अहिलेसम्म अवसर नपाएका तथा यसअघिका निर्वाचनमा भाग नलिएकाहरूलाई लैजानुपर्छ। कांग्रेसको उम्मेदवार छनोट न्यायोचित हुनुपर्छ। यसपटक सभापतिले टिकट बाँड्दैगर्दा सभापति सिंगो कांग्रेसको सभापति बन्नुपर्छ। हाम्रो दबाब यसमा रहनेछ,' महामन्त्री थापाले भेलापछि भनेका थिए। डा. शेखर कोइरालाले पनि राष्ट्रिय सभाको उम्मेदवार चयनमा मापदण्ड बनाउनेबारे छलफल भएको बताएका थिए। 'संसदीय बोर्डबाट उम्मेदवारको क्राइटएरिया बनाऔँ र त्यसलाई अगाडि सारेर उम्मेदवार तय गरौँ भन्नेबारे छलफल भयो,' कोइरालाको भनाइ थियो। २७ मंसिरमा भेला राखेर एकैठाउँमा रहेको सन्देश दिएको इतरसमूहले त्यसयता कुनै भेला र कार्यक्रम गरेको छैन।

# परराष्ट्र मन्त्रालयको संरचना हेरफेर र नेपाली दूतावास पुनर्संरचनाको गृहकार्य

## युरोपमा कम काम भएका दूतावासहरू स्थानान्तरण गरिने, परराष्ट्रमा आर्थिक कूटनीति र श्रम हेर्ने दुई महाशाखा थपिने



■ **एनपी साउद,** परराष्ट्रमन्त्री

परराष्ट्र मन्त्रालय र विदेशमा रहेका दूतावासहरूको पुनर्संरचनाका लागि संगठन एवं व्यवस्थापन सर्भेका लागि गठित समितिले एक महिनादेखि काम गरिरहेको छ। परराष्ट्रको संगठन तथा व्यवस्थापन सर्भे सम्पन्न भएपछि युरोपमा कम वर्क लोड भएका दूतावासहरूलाई आवश्यक रहेका अन्य ठाउँमा स्थानान्तरण गर्छौं। यसको व्यवस्थित गृहकार्य गर्दै छौं।

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

सरकारले युरोपमा रहेका दूतावासहरूको स्थानान्तरण र परराष्ट्र मन्त्रालयमा आर्थिक कूटनीति र श्रम हेर्ने दुई महाशाखा तोक्ने तयारी गरेको छ। पासपोर्टका लागि आवेदकको बायोमेट्रिक र फोटो पनि अनलाइनबाटै भर्न सकिने व्यवस्थाका लागि परराष्ट्रले गृहकार्य थालेको हो।

परराष्ट्र मन्त्रालयले दूतावास र मन्त्रालयको पुनर्संरचनाका लागि संगठन र व्यवस्थापन सर्भे अघि बढाएको छ। 'परराष्ट्रको संगठन तथा व्यवस्थापन सर्भे सम्पन्न भएपछि युरोपमा कम वर्क लोड भएका दूतावासलाई आवश्यक रहेको अन्य ठाउँमा स्थानान्तरण गर्छौं,' परराष्ट्रमन्त्री एनपी साउदले भने, 'यसको व्यवस्थित गृहकार्य गर्दै छौं।'

यसअघि विज्ञहरूले डेनमार्क, स्पेन, जर्मनीको दूतावासको औचित्यबारे प्रश्न उठाउँदै स्थानान्तरण गर्नुपर्ने सुझाव दिँदै आएका थिए। पोर्चुगलमा स्थापना हुन बाँकीबाहेक विश्वमा नेपालका ३३ दूतावास (राष्ट्रसंघका लागि स्थायी नियोगसमेत) छन्। फ्रान्स, स्विट्जरल्यान्ड, बेल्जियम, बेलायत, जर्मनी, स्पेन, डेनमार्क, अस्ट्रियामा नेपाली दूतावास छन्। साउदले भने, 'परराष्ट्र मन्त्रालय र विदेशमा रहेका दूतावासहरूको पुनर्संरचनाका लागि संगठन एवं व्यवस्थापन सर्भेका लागि गठित समितिले एक महिनादेखि काम गरिरहेको छ।' उनका अनुसार परराष्ट्र मन्त्रालयमा श्रम तथा आप्रवासन महाशाखा र नीति तथा आर्थिक कूटनीति हेर्ने महाशाखा बनाउने तयारी छ। 'आर्थिक कूटनीति र श्रम हाम्रो विदेश नीतिका प्रमुख विषय हुन्,' उनले भने, 'हाम्रो ओएन्डएम सर्भे सकिएपछि दुई महाशाखा, दूतावास




पुनर्संरचनाको निर्णय हुन्छ।'

मन्त्री साउदले अघिल्लो सरकार गठनदेखि यो सरकार गठनको एक वर्षमा छिमेकी र महत्त्वपूर्ण मुलुकहरूसँगको सम्बन्ध सहज, सुमधुर रूपमा अघि बढेको दाबी गरेका छन्। 'भारतसँगको सम्बन्धमा सुधार आएको छ। चीनसँग सम्बन्ध सुमधुर रूपमा अघि बढेको छ। अमेरिकासँग उच्च भ्रमण भएको छ र त्यहाँबाट नेपालमा लगानी भित्र्याउने प्रयास गरिँदै छ,' साउदले भने, 'युरोपियन युनियनसँग पनि सम्बन्ध थप राम्रो भएको छ र नेपालको सामाजिक-आर्थिक विकासमा उसको सहयोग निरन्तरता हुने सुनिश्चित भएको छ।' साउदले नेपालीहरूको सैन्य भर्ती र इजरायलको घटनाले चिन्तित बनाए पनि बाँकी सम्बन्ध ट्र्याकमा रहेको दाबी गरे। 'हामीले अन्तर्राष्ट्रिय कूटनीतिको प्रयोग गरेर बन्धक अवस्थामा रहेका नेपालीहरूलाई छुटाउन प्रयास गरेका छौं,' उनले भने।

### ■ राहदानी विभागलाई थप व्यवस्थित बनाइने

एक वर्षयता परराष्ट्रको कन्सुलर विभाग र राहदानी विभाग पनि व्यवस्थित भएको उनले जिकिर गरे। 'अनलाइनबाट नो अब्जेक्सन लेटर दिन थालेका छौं। एक वर्षमा पासपोर्ट वितरण व्यवस्थित भएको छ,' उनले भने, 'आगामी वर्षदेखि हामीले अनलाइनबाटै बायोमेट्रिकसमेत दिन मिल्ने गरी सफ्टवेयर राख्न खोजिरहेका छौं। यसबारेमा अध्ययन भएको छ। अनलाइनबाट फाराम भर्ने, फोटो र बायोमेट्रिक भेरिफिकेसनको कार्य सक्ने र हुलाकमार्फत पासपोर्ट सम्बन्धित व्यक्तिकहाँ पुऱ्याउने व्यवस्था गर्दै छौं।'

### ■ प्यालेस्टाइन र युक्रेनमा थप कूटनीतिक प्रयास

इजरायलमाथि हमासको हमलासँगै २० असोजदेखि प्यालेस्टाइनमा रहेका भनिएका कञ्चनपुरका विपिन जोशी अझै रिहाइ हुनसकेका छैनन्। रुसी सेनामा कार्यरत नेपालीहरूमध्ये सातजनाको मृत्यु भएको जानकारी परराष्ट्र मन्त्रालयले ४ पुसमा सार्वजनिक गरेको थियो। प्यालेस्टाइनमा रहेका विपीन जोशी र युक्रेनमा नियन्त्रणमा रहेका चारजना नेपालीहरूको रिहाइका लागि सरकारले रेडक्रस र अमेरिकामार्फत थप पहल थालेको छ।

युक्रेनमा चारजना नेपाली बन्दी अवस्थामा छन्। जसमा बर्दियाको राजापुर नगरपालिका-१ का विवेक खत्री, काभ्रेको मण्डनदेउपुर नगरपालिका- ६ का सिद्धार्थ ढकाल, मोरङको लेटाङ नगरपालिका-२ का विकास राई र रोल्पाको रुन्टीगढी गाउँपालिका- ८ का प्रतीक पुन छन्। तर युक्रेनले नेपाललाई विवेक खत्री मात्रै युद्धबन्दीका रूपमा रहेको जानकारी दिएको छ। रुस युक्रेन युद्धका क्रममा रुसी सेनामा कार्यरत 'राहदानी नम्बर ०९४७३६३२ रहेका कुन्दनसिंह नागल, गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, स्याङ्जाका पितम कार्की, दोलखाका राजकुमार रोका र इलामका गंगाराज मोक्तानको मृत्यु भएको छ।

### ■ 'बन्दी नेपालीहरू रिहाइका लागि कूटनीतिक प्रयास तीव्र'

'प्यालेस्टाइनमा विपीन जोशी र युक्रेनमा रहेका नेपालीहरूको रिहाइका लागि हामी निरन्तर फलोअप गरिरहेका छौं,' मन्त्री साउदले भने, 'विपिनको रिहाइका लागि कतार सरकार र रेडक्रसको अन्तर्राष्ट्रिय समितिमार्फत कुराकानी भइरहेको छ। कतारका उच्च अधिकारीले विपिन जोशीको रिहाइ हुन्छ भनेर उनीहरूले हामीलाई आश्वस्त पारेका छन्।'

युक्रेनमा बन्धक भएकाहरूका हकमा विवेक खत्री उनीहरूको हिरासतमा रहेको जानकारी आएको साउदले बताए। 'बाँकी नागरिकका बारेमा युक्रेन सरकारले पुष्टि गरेको छैन। तर, हामीले उनीहरूको विस्तृत विवरण पठाएका छौं। उनीहरूको रिहाइका लागि अमेरिका र रेडक्रसको अन्तर्राष्ट्रिय समितिमार्फत पनि कुराकानी भइरहेको छ,' उनले भने। युक्रेनसँग अमेरिकाको राम्रो सम्बन्ध छ। जर्मनीमा रहेको नेपाली दूतावासले त्यहाँको युक्रेनको दूतावासमार्फत थप कूटनीतिक पहल गरेको छ।

परराष्ट्रमन्त्री साउदले रुसी सेनामा भएका नेपालीहरूका बारेमा जानकारी दिन रुस सरकारलाई आग्रह गरिसकेको र सरकारले जवाफ पर्खेको बताए। 'रुसले एकपटक ६ जना नेपालीको निधन भएको र अर्कोपटक एकजनाको निधन भएको सूचना पठाएको छ। त्योबाहेक उनीहरूबाट ठोस जवाफ आएको छैन,' उनले भने, 'हामीले युद्धबन्दी, घाइते, भर्तीको संख्याबारे जानकारी मागेका छौं। यहाँ रुसी राजदूतमार्फत र मस्कोबाट नेपाली दूतावासमार्फत प्रयास गरिरहेका छौं।'

सरकारले रुस सरकारलाई रुसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकहरूको शव यथाशीघ्र नेपाल पठाउन तथा घाइते र पीडितका परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन अनुरोध गर्दै आएको छ। 'रुसी सेनामा भर्ना भएका नेपाली नागरिकहरूको संख्या, घाइते नेपालीको संख्या तथा उनीहरूको अवस्थाबारे रुसी सरकारबाट आधिकारिक रूपमा यथाशीघ्र जानकारी गराउन स्पष्ट अडान राखिएको छ,' परराष्ट्रले ४ पुसमा जारी विज्ञप्तिमा भनेको छ। परराष्ट्रले १६ साउन र १८ मंसिरमा विज्ञप्ति जारी गरी युद्धग्रस्त मुलुकमा सुरक्षासम्बन्धी काममा नजान सबैलाई सचेत र सेनामा भर्तीका लागि रुस नजान पुनः आग्रह गरेको छ।

# दाइजोका लागि पूजाको हत्या गरेको माइती पक्षको आरोप

## प्रहरीले उजुरी लिन नमानेपछि हुलाकमार्फत जाहेरी

लहानमा **मणिलाल विश्वकर्मा**



राजाराम साह, पूजाका पति

सिराहाको लहान नगरपालिका- २२ सिसवनीकी २१ वर्षीया पूजाकुमारी चौधरीलाई उनको परिवारका सदस्यहरू मिलेर कुटपिट गरी झुन्ड्याएर हत्या गरी आत्महत्या देखाउन खोजेको माइती पक्षले आरोप लगाएका छन्। पूजालाई उनका श्रीमान् लहान- २२ का राजाराम साह, ससुरा फुलकुमार साह, सासू सुनितादेवी साह, नन्द चन्द्रिकाकुमारी साहसहितले ४ पुसमा कुटपिट गरी आत्महत्या गरेको देखाउन सलको पासोमा झुन्ड्याएको माइती पक्षको आरोप छ। पूजाको २० वैशाख ०८० मा सामाजिक परम्पराअनुसार विवाह भएको थियो।

मृतक पूजाका मामा दिनेशकुमार साहले विवाह भएको तीन महिनादेखि नै भान्जीलाई पतिसहित घरका सबै सदस्यले दाइजो थप नल्याएको भन्दै निरन्तर गालीगलौज, कुटपिट गर्दै आएको छिमेकीमार्फत थाहा पाएको बताए। भाञ्जीको घर व्यवहार राम्रो होस् भन्ने उद्देश्यले दिदी-भिनाजुले विवाहमै तीन लाख भारुसहित अढाई तोला सुन, २४ तोला चाँदी, लत्ताकपडा, बक्स पलङ, भाँडावर्तन दिएको उनले बताए।

भारतको बिहार राज्य मधुवनी जिल्ला राजनगर ग्रामपोस्ट निजामत भटसिमर- ४ माइतीघर भएकी पूजालाई थप दाइजोका लागि यातना दिएर घरमा बस्न नसक्ने अवस्था भएपछि ८० हजार रुपैयाँ दिएको बाबु सम्पत्ति चौधरीले बताए। उनका अनुसार त्यसको दुई तीन महिनापछि पुनः सोफासेट, फ्रिज र व्यवसाय गर्न दुई लाख रुपैयाँ ल्याउनु भन्दै परिवारका सदस्यले पूजालाई शारीरिक यातना र मानसिक दबाब दिन थालेका थिए। 'यातना झेलेरै भए पनि घरमै बस्दै आएकी छोरीले गत कात्तिकमा पतिसहित सासू, ससुरा र नन्दसहितले कुटपिट गरी गम्भीर घाइते बनाएको सुनाएकी थिइन्,' उनले भने, 'त्यसपछि छोरीको सुरक्षाका लागि हारगुहार गर्दै सिसवनी आएर छोरीमाथि हिंसा नगर्न बिन्ती गरेर फर्किएको थिएँ।'

स्नातक उत्तीर्ण गरेकी पूजालाई भारत सरकारले प्रोत्साहनस्वरूप दिने ५० हजार भारु, मोटरसाइकल, थप जिन्सी सामान हत्याउन छोरीमाथि हिंसा हुँदै आएको उनले बताए। 'विवाह भएको वर्ष दिन पनि नपुगेकी छोरीलाई घरमा पतिसहित सबैले मिलेर कुटेरै हत्या गरी झुन्ड्याएका हुन्,' उनले भने।

कुटपिट गरी झुन्ड्याएर हत्या गरेपछि उपचारको बहानामा लहान-३ स्थित सप्तऋषि अस्पतालमा पूजाको मृत्यु भएको भन्ने खबर थाहा पाएको उनले बताए। पूजाको मृत्यु भएपछि घटनास्थल पुगेका प्रहरीसमक्ष उनका सासु, ससुरा, नन्दले फरक फरक बयान दिनुले पनि घटनामा उनीहरूको संलग्नता रहेको उनको दाबी छ। 'मेरी छोरीको मृत्यु भएपछि अहिलेसम्म घरका कसैले पनि छोरीको मृत्युको विषयमा केही नभन्नुले तिनको संलग्नतामा घटना भएको हो भन्ने देखिन्छ,' उनले भने, 'घटनाको चार दिनपछि ७ र ८ पुसमा जाँदासमेत किटानी जाहेरी लिन प्रहरीले अस्वीकार गरेपछि बाध्य भए हुलाकमार्फत पठाएको छु।'

इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टले घटनास्थल, प्रारम्भिक अनुसन्धानका आधारमा कर्तव्य ज्यानको घटनाजस्तो नलागेकाले तत्काल किटानी जाहेरी नलिइएको बताए। 'घटनास्थल प्रकृति, मृतकको शारीरिक अवस्थालगायतले कर्तव्य ज्यानजस्तो नदेखिएकाले पोस्टमार्टमको प्रतिवेदन नआउन्जेल पर्खिन भनेका हौं,' उनले भने। प्रहरीले ठोस प्रमाण भेटे तत्काल किटानी जाहेरी लिएर कर्तव्य ज्यानसम्बन्धी कसुरको अनुसन्धान गर्ने उनले बताए। पारिवारिक रूपमा भइरहेको पटकपटकको झैझगडा, कुटपिटजस्ता कारणले दुरुत्साहन हुन सक्ने भए पनि प्रहरीले ठोस प्रमाणका लागि सूक्ष्म अनुसन्धान गरिरहेको उनको भनाइ छ।

## संक्षेप

### आरतीका पति मोतीबाबु पक्राउ



**जनकपुरधाम**/ धनुषाकी आरती साह मृत्यु प्रकरणमा उनका पति मोतीबाबु साह पक्राउ परेका छन्। उनलाई प्रहरीले सोमबार बिहान जनकपुरधामको सगुन होटेलबाट पक्राउ गरेको हो। गत २० मंसिरमा सर्वोच्च अदालतले आरतीका पति साहलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। सोही मुद्दामा सर्वोच्चले उनका सासुरा मदनमोहन सुडीलाई एक लाख थरौटीमा छोड्न आदेश दिएको थियो। सोही आदेशअनुसार साहलाई पक्राउ गरेको धनुषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए।

गत ७ जेठमा जनकपुरधाम उपमहानगरपालिका- ९ थापाचोकस्थित आफ्नै घरमा झुन्डिएको अवस्थामा आरती मृत भेटिएकी थिइन्। परिवारजनले उनलाई उपचारका लागि स्थानीय अस्पताल लगेपछि घटनाबारे प्रहरीले जानकारी पाएको थियो। आरतीको माइती पक्षले दाइजोका कारण श्रीमान् र ससुराले हत्या गरेको आरोप लगाई जिल्ला प्रहरी कार्यालय धनुषामा किटानी जाहेरी दिएका थिए। घटनामा जिल्ला अदालतले आरतीका पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो। तर, १८ असोजमा सो मुद्दामा उच्च अदालतले आरोपित दुईजनालाई साधारण तारेखमा रिहा गर्न फैसला गरेको थियो। त्यसपछि पीडित परिवारले आर्थिक प्रभावमा प्रहरीले मुद्दालाई कमजोर बनाएको आरोप लगाउँदै घटनाको पुनः छानबिन गर्न भनी काठमाडौंस्थित माइतीघर मण्डलामा धर्ना दिँदै आएको थियो। सञ्चारमाध्यमले आरतीको विषयमा चासो लिएपछि तत्कालीन धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्का हेडक्वार्टर तानिएका थिए।

### बस र मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु



**सिन्धुली**/ बिपी राजमार्ग अन्तर्गत सिन्धुलीको सुनकोसी गाउँपालिका- ३ बोहोरेटारमा बस र मोटरसाइकल आपसमा ठक्कर खाँदा दुईजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मोटरसाइकलमा सवार खोटाङ हलेसी तुवाचुङ नगरपालिका- २ बस्ने २० वर्षीय सुमर राई र दिक्तेल नगरपालिका- १० का १७ वर्षीया मुनाकला राई रहेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक चिरञ्जीवी दाहालले जानकारी दिए।

मन्थली नगरपालिका- १३ का २४ वर्षीय रूपेश अधिकारीले चलाएको बा.प्र.०१-००६ ख ४५९३ नम्बरको बस र बा.६०प ३५४५ नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाएका थिए। मुनाकलाको घटनास्थलमै र सुमरको उपचारका क्रममा मृत्यु भएको हो। दुर्घटनापछि आक्रोशित स्थानीयले बसमा आगजनी गरेका थिए। केही समयको बन्दपछि राजमार्ग पूर्ण रूपमा सञ्चालनमा आएको प्रहरीले जनाएको छ।

### बाघको आक्रमणबाट एकको मृत्यु

**वीरगन्ज**/ पर्साको पटेर्वासुगौली गाउँपालिका- २ थरुहटी गाउँका एकजनाको बाघको आक्रमणमा परेर मृत्यु भएको छ। गाउँभन्दा करिब दुई सय मिटर उत्तर जंगलको खाली जग्गामा शौच गर्न गएका ३२ वर्षीय मनोज राउत सोमबार बिहान मृत फेला परेका छन्। आइतबार राति शौच गर्न गाउँनजिकको जंगलमा गएका राउत बिहान मृत फेला परेको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए।

शौच गर्न गएका व्यक्ति राति घर नफर्किएपछि सोमबार बिहान खोज्न निस्किएकाहरूले रगत र मोबाइल देखेपछि प्रहरी र वनका कर्मचारीलाई खबर गरेका थिए। बाघले राउतलाई आक्रमण गरी जंगलतर्फ लगेको र बाटोभरि रगत लागेको फेला परेको प्रहरी निरीक्षक केशरीले बताए। घटनास्थलमा शव जाँच मुचुल्का बनाएपछि पोस्टमार्टमपछि परिवारले शव बुझेका छन्। बाघको आक्रमणमा परेर मृत्यु भएका व्यक्तिको घटनालाई अनुसन्धान गरेर प्रहरीले वनलाई सिफारिस गर्ने सबडिभिजन कार्यालय रंगपुरका रेन्जर कपिलदेव यादवले बताए।

# नारायणगढ–बुटवल सडक विस्तार ढिलाइबारे ध्यानाकर्षण गर्न रास्वपाको तीनदिने दबाब यात्रा

## सभापति रवि लामिछाने नेतृत्वको टोली पहिलो दिन करिब ३९ किलोमिटर पूरा गर्दै डन्डा बजार पुग्यो

भरतपुरमा **विवेक पोखेल**

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको नारायणगढ-बुटवल सडकखण्ड विस्तारमा ढिलाइ भएको भन्दै ध्यानाकर्षण गराउन राष्ट्रिय स्वतन्त्र पार्टीले दबाब यात्रा सुरु गरेको छ। रास्वपा सभापति रवि लामिछानेको नेतृत्वमा सोमबारदेखि नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैंडाकोटमा रहेको भृकुटीचोकबाट दबाबमूलक पदयात्रा थालिएको हो।

निर्धारित समयमा सडक विस्तार नहुँदा स्थानीयलाई समस्या परेको भन्दै सडक चाँडो निर्माण गराउन दबाब दिन यात्रा सुरु गरिएको लामिछानेले बताए। 'नीति निर्माताले पनि सबैतिरबाट दबाब दिनुपर्ने भएकाले दबाब यात्रामा हिँडेको हुँ,' लामिछानेले भने, 'के कारणले ढिलो भएको हो सोको निराकरण गरी समयमै विकास आयोजना सम्पन्न गर्न दबाब सिर्जना होस् भनेर सिर्जना गरिएका विभिन्न कार्यक्रममध्येको यो एउटा कार्यक्रम हो।'

लामिछानेले पैदल यात्रा गरेर तीन दिनमा बुटवल पुग्ने तयारीमा रहेको भन्दै आफ्नो यात्रामा कुनै पनि स्वागत-सत्कार नगर्न आग्रह गरेका छन्। पहिलो दिन लामिछानेको यात्रा करिब ३९ किलोमिटर पूरा गर्दै डन्डा बजार पुगेको छ। जनताको भोगाइ थाहा पाउन र चाँडो सडक विस्तारको काम सम्पन्न गर्न मात्रै यात्रामा निस्किएको उनको भनाइ छ। 'ठेकेदारको मात्र नभई समन्वयको अभावले पनि समस्या सिर्जना भएको



छ। बिजुलीको पोल, तार, रूखलगायत समयमा नहट्दा र समन्वय हुन सकेको छैन। जेसुकै कारणले भए पनि आमजनाताले सहज रूपमा यसको उपयोग गर्न पाउनुपर्छ,' उनले भने। लामिछानेले बन्द कोठाभित्र बसेर नीति-निर्माण गर्नु र फिल्डमा आएर स्थानीयले भोगेको समस्या एकछिन मात्रै भोग्दा पनि उनीहरूको पीडाका बारेमा बोध हुने बताए। उनले आफ्नो यात्रामा निस्केको समयमा स्थानीयका कुरा सुन्न र छलफल गर्न नसके पनि आफ्नो टिमबाट स्थानीयका गुनासो सुन्ने र छलफल गर्ने काम हुने बताए।

२४ माघ ०७५ मा एसियन राजमार्गको गुणस्तर मापदण्डमा विस्तार गर्ने भनेर सम्झौता भएको बुटवल-नारायणगढ सडक विस्तारको प्रगति अहिलेसम्म करिब ४३.३५ प्रतिशतमात्रै छ। २२ साउन ०७९ सम्ममा सडक निर्माण सम्पन्न भइसक्नुपर्ने हो। दुईपटक थप गरिएको म्याद ८ साउन ०८१ मा सकिँदै छ। सडक विस्तारको शिलान्यास तत्कालीन प्रधानमन्त्री केपी ओलीले ८ चैत ०७५ मा बुटवलमा गरेका थिए। यो सडक निर्माणका क्रममा भत्किएको बाटो र पक्की पुल निर्माणका लागि बनाइएका डाइभर्सनका कारण धुलो र खाल्डोले यात्रा नै गर्न मुस्किल हुने गरेको छ। पानी पर्दा हिलो, घाम लाग्दा धुलो हुने यो सडकमा पटक-पटक डाइभर्सन नै बगेर बाटो बन्द भएका थुप्रै उदाहरण छन्।

अहिले चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले पूर्व-पश्चिम राजमार्गको नारायणगढ-बुटवल खण्डको ११४ किलोमिटर सडक निर्माणको काम गरिरहेको छ। हाल दुई लेन रहेको नारायणगढ-बुटवल सडकखण्डलाई विस्तार गर्दै कतै चार लेन, कतै ६ र तीन लेनको 'ग्रिनरी'सहित बनाउन लागिएको छ। गैंडाकोटदेखि दाउन्नेसम्मको ६५ किलोमिटर र दाउन्नेदेखि बुटवलसम्मको ४९ किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ। यो सडक निर्माणमा एसियाली विकास बैंकले ८५ प्रतिशत र बाँकी नेपाल सरकारको लगानी छ। यो सडकले रुपन्देही, नवलपरासी (बर्दघाट-सुस्तापश्चिम) र नवलपरासी (बर्दघाट-सुस्तापूर्व) गरी तीन जिल्लालाई छुन्छ। थप गरिएको मितिमा समेत काम सम्पन्न हुने सम्भावना न्यून रहेको आयोजनाका सूचना अधिकारी इन्जिनियर शिव खनालले बताए।

■ मित्रमिलन सहकारी हिनामिना प्रकरण

# ३१ करोड ७८ लाख बिगो माग गर्दै प्रहरीले बुझायो प्रतिवेदन

कास्कीमा **रोहितराज पराजुली**

जिल्ला प्रहरी कार्यालय कास्कीले मित्रमिलन बचत तथा ऋण सहकारीमा ३१ करोड ७८ लाख रकम हिनामिना भएको सम्बन्धमा तयार पारेको प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाएको छ। प्रहरीले सहकारीमा भएको ठगीको अनुसन्धानसँगै बचतकर्ताले दिएको उजुरीका आधारमा सो रकमबराबरको बिगो दाबी गर्दै वकिल कार्यालयमा प्रतिवेदन बुझाएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए।

यसअघि सहकारीका बचतकर्ताहरूले आफ्नो बचत रकम फिर्ता नपाएको भन्दै १२ कात्तिकमा गण्डकी प्रदेश सरकारअन्तर्गतको सहकारी रजिस्ट्रार कार्यालयमा निवेदन दिएका थिए। बारम्बार बचत रकम फिर्ता माग्दा नपाएको भन्दै सुरुमा ३५ र पछि थप गरी ५० जनाले निवेदन हालेका थिए। निवेदनमा उनीहरूले लेखा र संस्थाको नाममा रहेका चल-अचल सम्पत्तिसमेत रोक्का गरी छानबिन गर्न र केही सम्पत्ति बिक्री वा नामसारी भएमा रजिस्ट्रारको कार्यालय नै जिम्मेवार रहनेसमेत उल्लेख गरेका थिए। बचतकर्ताको निवेदनसँगै सोही दिन रजिस्ट्रारको कार्यालयले आवश्यक छानबिन तथा कारबाही सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा पत्र पठाएको थियो।

बचतकर्ताको निवेदनपछि चार्टर्ड एकाउटेन्ट नियुक्त गरी सहकारीको स्थापनाकालदेखि हालसम्मको आर्थिक कारोबारको अध्ययन गरी 'वित्तीय विवरण सम्बन्धमा विश्लेषण गरी सो सम्बन्धमा देखिएका कैफियतउपर प्रस्तुत गरिएको रायसहितको प्रतिवेदन २०८०' तयार गरेको रजिस्ट्रार कार्यालयमा बुझाइएकोमा २६ करोड ८४ लाख रुपैयाँ हिनामिना भएको देखिएको थियो। त्यसपछि कार्यालयले प्रतिवेदनसहित संस्थाका सम्पूर्ण कागजात जिल्ला प्रहरी कार्यालयलाई हस्तान्तरण गरेको थियो। प्रतिवेदनपछि प्रहरीले आवश्यक अनुसन्धान गरेर १६ मंसिरमा सहकारी ऐन २०७४ अन्तर्गत रहेर मुद्दा दर्ता गरेको थियो। त्यसपछि १९ मंसिरमा जिल्ला प्रहरी कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सहकारीबाट बचत रकम फिर्ता नपाएका र प्रहरीमा जाहेरी दरखास्त दिन बाँकी रहेका पीडित बचतकर्ताहरूलाई २७ मंसिरभित्र जाहेरी दिन भनेको थियो।

प्रहरीको सूचनापछि ६ पुससम्म गरी सात सय १४ वटा जाहेरी परेको विकले जानकारी दिए। ती जाहेरीमा उल्लेख भएको रकम जोड्दा २० करोड ५० लाख ८२ हजार १९ रुपैयाँ पुगेको उनले बताए। सहकारीमा कुल बचतकर्ताको संख्या तीन हजार चार सय ४६ जना छन्। प्रतिवेदन, अन्य ठगी भएको रकम र उजुरी दिन नआएका बचतकर्तासमेतको रकमको हिसाबसँगै आवश्यक अन्य अध्ययनपछि ३१ करोड ७८ लाख ठगी भएको निष्कर्षसहित प्रतिवेदन तयार गरेर बुझाएको विकले बताए।

# जनकपुरधामबाट अयोध्यामा कोसेली पठाइने

**जनकपुरधाम**/ भारतको अयोध्यामा नवनिर्मित प्रसिद्ध राममन्दिरको प्राणप्रतिष्ठा हुने अवसरमा जनकपुरधामको जानकी मन्दिरबाट पाहुर (कोसेली) पठाइने भएको छ। त्रेतायुगमा जनकपुरधाम र अयोध्याको बीच रहेको आदिकालीन सम्बन्धलाई अझ प्रगाढ बनाउन जानकी मन्दिरले राममन्दिरको प्राणप्रतिष्ठाको अवसरमा सयौंको संख्यामा भार पाहुर (कोसेली) पठाउने जानकी मन्दिरले जनाएको छ।

जानकी मन्दिरका महन्त राम तपेश्वर दासको अगुवाइमा शनिबार भएको एक सर्वपक्षीय बैठकले कोसेली पठाउने निर्णय गरेको हो। यसका लागि जनकपुरधाम उपमहानगरपालिका मेयर मनोजकुमार साह र जानकी मन्दिरका महन्त राम दास संरक्षक रहने गरी जानकी मन्दिरका छोटा महन्त रामरोशन दासको संयोजकत्वमा ११ सय सदस्यीय जनकपुरधाम अयोध्या पाहुर यात्रा समितिसमेत गठन गरिएको छ।

मिथिला परम्पराअनुसार छोरीको नयाँ घर निर्माण भई घरवासको अवसरमा माइती पक्षबाट आभूषण, लत्ताकपडा र वर्षभरिको खानाको सामग्री पठाइने गरिन्छ। सोहीअनुरूप जानकीजीको माइती पक्ष जनकपुरधामबाट ती सामग्री पठाइन लागिएको जानकी मन्दिरका छोटा महन्त तथा समितिका संयोजनक दासले जानकारी दिए। जनकपुरधामबाट आउँदो १९ माघमा अयोध्ययाका लागि पाहुर यात्रा सुरु हुने उनले जानकारी दिए।

बैठकमा उत्तराधिकारी महन्त रोशनले त्रेतायुगपछि पहिलोपटक अयोध्या भार जान लागेका कारण यस कार्यक्रमलाई सभ्य र भव्य बनाउन सम्पूर्ण नगरवासीसँग आग्रह गरे। उनले ४ तारिखको यहाँबाट निष्कने कार्यक्रम रहेको हुनाले ३ तारिखको जे-जति सामान हुन्छन् जानकी मन्दिरमा मात्र पुऱ्याउन आग्रहसमेत गरे।

# अर्घेल्याइँ कसको ?

## सात सय शय्याको गेटा अस्पताल पूर्ण क्षमतामा सञ्चालन गर्न सके सुदूरपश्चिमका लाखौँ बासिन्दा लाभान्वित हुनेछन्



● प्राडा ढुण्डीराज पौडेल

अग्रलेख

अघिल्लो साता कैलालीको धनगढीस्थित गेटामा स्थानीय व्यक्ति र सत्याग्रही डा. गोविन्द केसीबीचको वादविवाद असमझदारीबाट सिर्जित घटना हो । सुदूरपश्चिमेली जनता मात्रै होइन, चिकित्सा सेवामा सरोकार राख्ने मुलुकभरकै नागरिकलाई थाहा छ- गेटाको सात सय शय्याको शिक्षण अस्पतालको त्यो भवन डा. केसीकै पटक-पटकका सत्याग्रहको बलमा खडा भएको हो । नेपालमा सुदूर पूर्वदेखि पश्चिम, उत्तरदेखि दक्षिण सबै भौगोलिक क्षेत्रमा बस्ने बहुसंख्यक जनता महँगो हुँदै गएको निजी क्षेत्रको स्वास्थ्योपचारको खर्च व्यहोर्न सक्ने अवस्थामा छैनन् । अझै सुदूरपश्चिमका पहाडदेखि तराईमा व्याप्त चरम गरिबीबारे सायद कोही पनि अनभिज्ञ नहोला ।

डा. केसीले नेपालका विविध भौगोलिक क्षेत्रमा निजी खर्चमा पटक-पटक पुगी निःशुल्क उपचार सेवा मात्रै होइन, पारिश्रमिकसमेत दिएर चिकित्सक एवं स्वास्थ्यकर्मीलाई तालिम प्रदान गर्दै आएका छन् । जायज-नाजायज तरिकाले भरमार आर्थिक उपार्जन गरेर अरूलाई उपदेश दिने बाचाल 'सेलिब्रेटी' स्वास्थ्य क्षेत्रमा पनि धेरै छन् । तर, डा. केसी बोलाइमा त्यति मधुर र औपचारिक नदेखिए पनि उनको उदार हृदय र समर्पण भाव सबैले महसुस गरेका छन् । भारतको चिकित्सा शिक्षा र सेवामा हासिल भएको परिवर्तनमा समेत डा. केसीको प्रभाव रहेको यथार्थ पक्तिकारले केही वर्षअघि दिल्ली पुग्दा आत्मसात् गर्ने मौका पाएको थियो । अविवाहित सत्याग्रही डा. केसी यदाकदा अव्यावहारिक र बढी अडियल पनि प्रतीत हुन्छन् । तर, उनको इमानदारीमा पार्टी नेता दुर्गा प्रसाईंहरूले चाहँदैमा दाग लाग्न सक्दैन ।

वास्तवमा धनगढीको गेटामा प्रतिष्ठान कि विश्वविद्यालय भन्ने सवाल गौण हो । अर्बौंको खर्चमा निर्मित भौतिक संरचनालाई सदुपयोग गरी कम्तीमा हाल डा. केसीको मागअनुसार पनि तीन सय शय्या हुँदै पूर्ण क्षमतामा अस्पताल सञ्चालन गरी नागरिकलाई सेवा प्रदान गर्नु नै अहिलेको गुरुतर दायित्व हो । डा. केसी गलत कि अन्य ? यो सवाल निरूपण गर्नुअघि विगततर्फ फर्किनुपर्ने हुन्छ । कैलालीको गेटामा मेडिकल कलेज स्थापना हुन नदिन राजनीतिक आडमा निहित स्वार्थी तत्त्वले सुरुमै ठूलो बाधा, व्यवधान खडा गरेका थिए । यसको सुइँको पाएका सत्याग्रही डा. केसीले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर सत्याग्रहको चेतावनी दिएपछि मात्र निर्माण कार्य अघि बढेको थियो । कहिले वनक्षेत्र ओगटेको, कहिले सरकारी मेडिकल कलेज चलाउन नसकिने, त्यत्रो सरकारी संस्था आवश्यक नै नभएको, सञ्चालनसमेत गर्न नसकिनेजस्ता तर्कसाथ सिर्जित अनेक व्यवधानका बाबजुद पनि एक दशकभन्दा बढी अवधि लगाएर सात सय शय्या क्षमताको शिक्षण अस्पताल भवन बन्यो । अहिले विशेषज्ञ सेवाबाट वञ्चित सुदूरपश्चिमेली दसौँ लाख नागरिकको सहज र सुलभ स्वास्थ्योपचारका निम्ति वरदान साबित हुने त्यो शिक्षण अस्पताल सञ्चालनसँगै एमबिबिएससहितका कार्यक्रम पनि सञ्चालन गर्न सकिन्छ । तर, शिक्षण अस्पतालबाट सहज र सुलभ स्वास्थ्य सेवा सञ्चालन भए कसको स्वार्थमा बाधा पर्छ ? कसले त्यो सात सय शय्याको अस्पताल सञ्चालन गर्न बाधा पुऱ्याएको छ ? सहजै अनुमान लगाउन सकिन्छ ।

जसले सुरुवातमै सो संस्था स्थापना हुन नदिन राजनीतिक लबिग गरेको थियो, उसैबाट यसको सञ्चालनलाई पर धकेल्ने प्रयास हुँदै छ ।

यस क्षेत्रका पहाडी मात्रै होइन, समथर भूभागका नागरिक पनि गरिबी र अभावको दुश्चक्रमा बाँचिरहेका छन् । प्रस्तावित शिक्षण अस्पताल सञ्चालनपश्चात् कमजोर आर्थिक अवस्था भएका विपन्न बिरामीले पनि अकालमा मर्नुपर्नेछैन । सात सय शय्याको गेटा अस्पताल पूर्ण क्षमतामा सञ्चालन गर्न सके त्यस क्षेत्रका लाखौँ बासिन्दा लाभान्वित हुनेछन् । पूर्ण क्षमताको शिक्षण अस्पताल सञ्चालन हुन सके र आधारभूत विज्ञानका शिक्षक एवं अन्य पूर्वाधार खडा गर्न सके एमबिबिएस कार्यक्रम सञ्चालन गर्न सहज हुन्छ । तर डा. केसीले त्यो शिक्षण अस्पताल सञ्चालनको माग राख्दा सहयोग गर्नुपर्नेमा उल्टो व्यवधान खडा गर्नु विडम्बना बन्न पुगेको छ ।

भारतमा नरेन्द्र मोदीले जस्तै धनगढीको सेती प्रादेशिक अस्पतालजस्ता अस्पतालको स्तर वृद्धि गर्दै क्रमशः मेडिकल कलेजमा रूपान्तरण गरेको भए चिकित्सा शिक्षा र सेवामा सहजता पुग्थ्यो । तर, जिम्मेवार अधिकारीमा सकभर निर्माण नै नगर्ने, गर्नैपरे ठूलो कमिसन हात पार्न नयाँ भवन नै निर्माण गर्ने र संस्था स्थापनालाई पछि धकेल्ने नियत छ । अहिले गेटास्थित सात सय शय्या क्षमताको अस्पतालमा मुस्किलले सय शय्या पनि सञ्चालन हुन सकेको छैन ।

अहिले कैलाली धनगढीपछिको दोस्रो ठूलो डडेल्धुरा अस्पतालको हालत पनि जगजाहेर नै छ । बल्लतल्ल खटाइएका विशेषज्ञ चिकित्सक नै उपकरणसहितको पूर्वाधारविना हात बाँधेर बस्न बाध्य भएपछि सरुवा भई अन्यत्र जाने गरेका छन् । दाताको सहयोगबाट बल्लतल्ल चलेको अछामको बयलपाटा सामुदायिक




अस्पताल, हालै सँगैजसो पुगेका झापाबाट प्रतिनिधित्व गर्ने प्रमुख प्रतिपक्षी पार्टीका नेता तथा सत्तासीन पार्टीका माहामन्त्रीबाट प्रशंसित भएछ । उनीहरूले सुदूरपश्चिमका अन्य बेहाल अस्पताल मात्रै होइन, आफ्नै जिल्लाको सरकारी अस्पताल सुधार्न र डा. केसीले माग गरेको मेचीमा सरकारी मेडिकल कलेज स्थापनाको सवालप्रति किन बेवास्ता गरेका हुन् ? ठूलै निजी लगानीसाथ निर्मित बिएन्डबी अस्पताललले स्वीकृति नपाए पनि कम्तीमा मेचीको सरकारी अस्पतालको स्तरवृद्धि र डा. केसीको मागबमोजिम शिक्षण अस्पताल निर्माणमा तदारुकता देखिनुपर्थ्यो ।

> धनगढीको गेटामा प्रतिष्ठान कि विश्वविद्यालय भन्ने सवाल गौण हो । अर्बौंको खर्चमा निर्मित भौतिक संरचनाको सदुपयोग गरी कम्तीमा हाल डा. केसीको मागअनुसार तीन सय शय्या हुँदै पूर्ण क्षमतामा अस्पताल सञ्चालन गरी नागरिकलाई सेवा प्रदान गर्नु नै अहिलेको गुरुतर दायित्व हो ।

सीमित व्यक्तिलाई नियुक्त गर्न राप्तिको उपक्षेत्रीय तथा हेटौंडा र राजविराजका प्रादेशिक अस्पताललाई प्रतिष्ठानमा रूपान्तरण गरी सञ्चालन गर्नुपर्नेमा नगरी सहज र स्तरीय उपचार सेवाबाट नागरिकलाई वञ्चित गरिएको छ । नेपालका स्वास्थ्य प्रतिष्ठान फगत राजनीतिक द्वन्द्व र भ्रष्टाचारका अखडा बन्न पुगेका छन् । भारतको सहयोगमा स्थापित धरानस्थित स्वास्थ्य प्रतिष्ठानलाई चरम राजनीतिक हस्तक्षेप र भ्रष्टाचारको अखडा बनाइनु दुर्भाग्यपूर्ण छ । असल नियत रहेको भए सबै प्रतिष्ठानलाई एकीकृत गरी समेट्ने छाता ऐन पारित गर्नुपर्दैनथ्यो र ? वीर अस्पताललाई प्रतिष्ठानबाट अलग्याएर स्वास्थ्य मन्त्रालयकै अभिन्न अंगका रूपमा राख्थे । दश वर्षअघि प्रस्ताव गरिएको भक्तपुर शिक्षण अस्पताललेगति लिन्थ्यो । अहिले डा. केसीका मागलाई विषयान्तर गर्न आर्थिक अभाव र अनियमितताका कारण राम्रोसँग अस्पताल सञ्चालन हुन नसकेको तर अनावश्यक विशेषज्ञ थुपारिएको वीरलाई सुधार गर्नुको सट्टा एमबिबिएस कार्यक्रम सञ्चालन गर्ने नारा फगत विषयान्तर गरी डा. केसीको सत्याग्रहलाई मत्थर पार्न अपनाइएको स्टन्टबाजी मात्र हो ।

चिकित्सा शिक्षा आयोगले आधारभूत विज्ञान शिक्षकहरूको अभाव र प्रक्रिया पूरा नभएको देखाएर झापास्थित मेडिकल कलेज सञ्चालनको स्वीकृति दिएन । त्यसका लागि लगानीकर्तालाई तत्कालीन प्रधानमन्त्री र उनको पार्टीबाट डा. केसीविरुद्ध उचालियो, मान्नैं सो स्वीकृति नपाउनुमा उनी नै कारक छन् । मेडिकल कलेज स्वीकृति दिने आश्वासन पूरा नगरेका कारण नै अहिले विगतमा एमालेलाई ठूलो आर्थिक सहयोगको दाबी गर्ने लगानीकर्ता दुर्गा प्रसाईं र एमाले नेताबीच गहिरो द्वन्द्व चलिरहेको छ ।

चिकित्सा शिक्षा ऐनले मोफसलमा मेडिकल कलेजको स्वीकृति दिन बन्देज लगाएको छैन । अहिले लगानीकर्ता मोफसलमा नयाँ निजी मेडिकल कलेज खोल्न निरुत्साहित मात्रै भएका छैनन्, सञ्चालनमै रहेका मेडिकल कलेज पनि बिक्रीमा छन् । यसो हुनुको मुख्य कारण मन्दी, लगानी, शुल्क र सिटसंख्याको नियमन नै हो । सिटसंख्या र शुल्क निर्धारणमा लचिलो र उदार हुनुपर्ने देखिएको पनि छ । तर, एकीकृत प्रवेश प्रणाली, काउन्सेलिङ र मेरिट प्रणाली भने उपयुक्त नै देखिएको छ । डा. केसीको विरोध मात्रै गर्नेहरूलाई चुनौतीसाथ सोध्न सकिन्छ- उनले सत्याग्रह सुरु गर्नुअघि चिकित्सा शिक्षा क्षेत्रमा केकस्ता उदेकलाग्दा चलखेल र अनियमितता हुने गर्थे ?

नर्सिङ क्याम्पस सञ्चालन गर्न आफ्नै अस्पताल हुनुपर्ने कानुनी प्रावधान छ । यो प्रावधान चिकित्सा शिक्षा ऐनमा प्रस्ताव गर्ने डा. भगवान कोइराला, डा. रमेशकान्त अधिकारीजस्ता वरिष्ठ प्राज्ञ एवं चिकित्सक हुन् । अस्पतालविनाको तालिमले कस्तो गुणवत्ता भएका नर्स उत्पादन हुने रहेछन् भन्ने उदाहरण हालैको नर्सिङ अनुमति परीक्षाको नतिजा बनेको छ । अनि कसैलाई फगत आर्थिक लाभ पुग्नुपऱ्यो भन्दैमा गैरकानुनी निर्णय गर्न मिल्छ ? अनि स्वयं स्वास्थ्यमन्त्रीको पदमा आसीन व्यक्तिले डा. केसीको खेदो खन्न मिल्छ ? उनले त सार्वजनिक नर्सिङ क्याम्पसको समेत माग गरेका छन् । पार्टीका स्थानीय नेताहरूमा सार्वजनिक अस्पतालको सुधार र स्तरवृद्धिको चाहनाभन्दा आफन्तलाई सहायकदेखि विभिन्न पदमा नियुक्ति दिलाउनमै चाख रहेको देखिन्छ ।

पूर्ण क्षमतामा अस्पताल सञ्चालन हुन नसक्नुमा आर्थिक कारण मात्रै जिम्मेवार छैन । देशको बजेट ककसको स्वार्थमा खर्चिंदो छ ? कसरी लेनदेनमा अर्बौंको राजस्व उठाइँदैन, कसरी करछली भइरहेको छ ? दातृ राष्ट्र एवं निकायबाट उपलब्ध हुन सक्ने सहयोग पनि किन लिन सकिएको छैन ? प्राप्त सहयोग राशी कसरी जिम्मेवार व्यक्तिको भ्रमण, मनोरञ्जनमा खर्च हुने गरेको छ ? कसरी कमिसनका कारण महँगो मूल्यमा उपयोगमै आउन नसक्ने अर्बौंका स्वास्थ्य सामग्री एवं उपकरण आयात हुन्छन् र थन्किन्छन् ? के यी उदेकलाग्दा घटना र प्रवृत्तिबाट नेतृत्व बेखबर छ ? भनै वर्तमान स्वास्थ्यमन्त्रीले त जिम्मेवारी सम्हालेपछि निजी, संघीय राजधानी एवं मोफसलका अस्पतालको स्थलगत भ्रमण गरी सेवाग्राहीको कथाव्यथा पनि सुनेकै हुन् । तर, ती गुनासाको सम्बोधन गर्ने प्रतिबद्धता उनले के-कति पूरा गरे ? उनैले आत्मसमीक्षा गरून् ।

अस्पताल प्रमुखहरूको जिम्मेवारी प्रदान गर्दा वरिष्ठता, सक्षमता र अनुभवलाई आधार बनाउनुको साटो विगतदेखि नै यस्तो प्रावधान मिचेर राजनीतिक पहुँचका आधारमा नियुक्त गर्दा अस्पतालको सुसञ्चालन हुन सकेको छैन । विशेषगरी वीरजस्ता अस्पतालमा वरिष्ठ र सक्षमलाई प्रमुख तोकिनुपर्नेमा नेपालमा बहुदल र गणतन्त्र स्थापना भएपश्चात् कार्य सम्पादन मूल्यांकनसमेत भर्न नपाउनेहरूलाई जिम्मेवारी दिने गरेकाले अनुशासनहीनता र राजनीतिक दबाब बढ्न थालेको प्रमाणित हुन्छ । अदालतले हचुवामा भएका नियुक्ति पजनीदेखि पुनर्बहालीका निर्णय खारेज गर्न थालेपछि कसरी सेवा प्रवाह प्रभावकारी बन्न सक्ला र ?

मुलुकका प्रधानमन्त्री र सम्बन्धित मन्त्रीदेखि निर्वाचित प्रतिनिधि एवं पार्टी नेताहरूले समेत जनताको चिकित्सा सेवाको संवैधानिक हकप्रति बेवास्ता गर्ने अनि यस सवालमा डा. केसीको अर्घेल्याइँ देख्न मिल्छ र ?

*(प्राडा पौडेल हाल नेपालगन्ज मेडिकल कलेजमा प्राध्यापनरत छन्)*

---

३ प्रश्न

एमाले सचिव **गोकर्ण विष्ट**लाई



**मध्यपहाडी यात्रापछि देखिएका नौ समस्या समाधानमा अब के गर्छ एमालेले ?**

अधिकांश समस्या समाधानमा राज्य संयन्त्रकै महत्त्वपूर्ण भूमिका आवश्यक छ । त्यसैले, हामी सरकारमा रहेको अवस्थामा सरकारकै तहबाट यी समस्या समाधानमा सक्रिय हुन्छौं । सरकारबाहिर रहेको अवस्थामा ती समस्या समाधानमा सरकारको ध्यानाकर्षण गराउँछौं, दबाब दिन्छौं । कतिपय समस्या समाधानमा सबै पार्टी र सामाजिक संघसंस्थाको पहलकदमी आवश्यक छ । युवा पलायन, बसाइँ सराइलगायत मनोवैज्ञानिक समस्या समाधानका लागि सत्तापक्ष र प्रतिपक्ष सबैको संयुक्त पहल जरुरी छ ।

**यस्ता समस्या देखिनुमा ०४६ पछि पटकपटक सत्तामा रहेका दलहरू कति जिम्मेवार छन् ?**

विकासको परिकल्पना पहुँचमा आधारमा नभई आवश्यकता र स्थानीय विशेषताका आधारमा गरिनुपर्छ । मध्यपहाडबाट भइरहेको तीव्र बसाइँ सराइको कारण पहिचान गरी त्यसको सम्बोधन गर्नु छ । शिक्षा, स्वास्थ्य र सडकको अनुपलब्धताले विगतमा मध्यपहाडबाट बसाइँ सर्थ्यो । अहिले सडक पुगे पनि त्यो सामान्य ट्याक खुलेको अवस्था मात्र छ । शिक्षा र स्वास्थ्यको अवस्थामा सुधार भएको छैन । यसलाई हामीले आत्मसात् गर्नुपर्छ । युवालाई गाउँघरमै सम्भावना छ भनेर देखाउन सक्नुपर्छ । रोजगारीका सम्भावनाहरू सिर्जना गर्नुपर्छ । शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्नुपर्छ । यसमा हामी राजनीतिक दलहरू थप जिम्मेवार भएर लाग्नुपर्छ ।

**दलहरू आफूचाहिँ सच्चिनुपर्ने दबाब छ कि छैन ?**

जनता समस्यामा छन् । गाउँघर रित्तिँदै गएका छन् । आमयुवामा वैदेशिक रोजगारीको विकल्प छैन भन्ने मनोविज्ञान विकास भएको छ । यसलाई चिर्न सबै राजनीतिक दलले विगतका कमी कमजोरी हटाई एकताबद्ध भएर जानुको विकल्प छैन ।

---

प्रेरक प्रसंग

## काम गर्ने तरिका

एउटा जंगलमा सरकारले रुख काट्ने काममा दुईजना युवालाई खटाएको थियो । उनीहरूले दिनभरिमा सरकारले चिनो लगाइदिएकामध्ये जति रुख काट्थे, त्यसैअनुसार ज्याला पाउँथे । समान कौशल, अनुभव र कदका ती युवा प्रत्येक दिन निकै मिहिनेतसाथ रुख काट्थे । दुवै आफ्नो काममा निकै मिहिनेती र अनुभवी थिए । ती दुईमध्ये पहिलो युवा हरेक दिन एकछिन पनि विश्राम नलिई लगातार रुख काटिरहन्थे । तर, दोस्रो युवा भने हरेक दिन दिउँसोको खाजा खान फुर्सद निकाल्थे । उनी खाजा खाने समयमा घरबाटै ल्याएको खाजासँगै काँधमा बन्चरो बोकेर नजिकै रहेको खोलातिर जान्थे । यसरी एउटाले कम र अर्काले बढी समय काम गरेर पनि साँझ छुट्टी हुने समयसम्ममा भने दुवैले जहिल्यै बराबर रुख काट्ने गर्थे । यो देख्दा पहिलो युवा जहिल्यै निराश हुन्थे ।




एक दिन उनले दोस्रो युवासँग यस विषयमा प्रश्न गरे– तिमी जहिल्यै दैनिक एक घन्टा विश्राम लिन्छौ । खाजा खान्छौ । आराम गर्छौं । तैपनि, साँझमा छुट्टी हुने समयमा जहिल्यै तिमीले काटेका रुखको संख्या मैले काटेजति नै हुन्छन् । यसको रहस्य के हो ?

दोस्रो युवाले मुसुक्क मुस्कुराउँदै भने- यसको कुनै रहस्य छैन मित्र । म हरेक दिन खाजा खान खोलातिर जाँदा खाजा खाँदै आराम गर्छु । फर्किने समयमा त्यहींको ढुंगामा फुर्सदले बन्चरो उध्याउने गर्छु ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## बजेट ठूलाबडाका लागि मात्र हो ?

स्वास्थ्य मन्त्रालयले वीर अस्पतालमा उपचार गराउन आउने विपन्न बिरामीलाई विगत एक सय ३३ वर्षदेखि उपलब्ध गराउँदै आएको खाना र खाजा बजेट अभाव भएको भन्दै कटौती गरेको समाचार पढ्दा दुःख लाग्यो । यहाँ राष्ट्रपतिदेखि कुनै पनि नेताको उपचारमा कहिल्यै बजेट अभाव हुँदैन । सत्ता जोगाउन र भागबन्डा मिलाउन मन्त्रालय फुटाउन पऱ्यो भने पनि यहाँ कहिल्यै बजेट अभाव हुँदैन । राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सचिव, सांसदलगायत 'भिआइपी'लाई सुविधा थप गर्नुपऱ्यो भने यहाँ कहिल्यै बजेट अभाव हुँदैन । तर, विपन्न समुदायका बिरामीलाई उपलब्ध गराइँदै आएको खानाका लागि यहाँ बजेट हुँदै हुँदैन । दुर्गमका स्वास्थ्य चौकीमा औषधि पठाउन बजेट हुँदैन । गरिब जनताको उपचारमा सघाउन राज्यसँग बजेट जहिल्यै अपुग हुन्छ । भूकम्पपीडितलाई यो जाडोमा पालबाट अस्थायी आवासमा सार्न पनि राज्यकोषसँग बजेट हुँदैन । के बजेटजति हुनेखाने र टाठाबाठाका लागि चाहिं फालाफाल हुने र गरिबका लागि चाहिं जहिल्यै अपुग हुने हुन्छ हो ।

● **सुमित्रा गोले**, दुवाकोट, भक्तपुर

## बिरामीको खाना-खाजा कटौती नगर

बजेट छैन भन्दै स्वास्थ्य मन्त्रालयले वीर अस्पतालका बिरामीले सय वर्षभन्दा लामो समयदेखि पाउँदै आएको खान र खाजाको सुविधा खोसेछ । देशभरका गरिब जनताले उपचार गराउने देशकै एक मात्र भरपर्दो र सुविधासम्पन्न अस्पतालमा यसरी एकाएक बजेट अभावको नाममा बिरामीको पेटमा लात हान्ने काम स्वास्थ्य मन्त्रालयले गरेको छ । उसको यो कदम बिल्कुलै निन्दनीय छ । यो निर्णय तत्काल फिर्ता लेऊ । बिरामीको खाजा-खाना कटौती नगर ।

● **सुशील महर्जन**
गठ्ठाघर, भक्तपुर

## विद्यालय पुनर्निर्माण नगर्ने सरकार ?

भूकम्पले भत्काएको कोठाभित्रै बसेर बालबालिकाले जेखिमपूर्ण अवस्थामा कक्षा लिइरहेको समाचार र तस्बिर देखेपछि केही लेख्न मन लाग्यो । जाजरकोट भूकम्पबाट प्रभावित क्षेत्रका विद्यालयको अवस्था दयनीय छ । कतिपय स्थानमा खुला चौरमै पठनपाठन गर्नुपर्ने बाध्यतासमेत । तर, राज्यले ती विद्यालयलाई सामान्य मर्मत गरेर सञ्चालन गर्न सकिने अवस्थामा पुऱ्याउन प्रारम्भिक सहयोगसमेत गरेको देखिन्न । के भूकम्पबाट प्रभावित यी क्षेत्रका विद्यालयको पुनर्निर्माण नगर्ने नै हो त सरकार ?

● **सुदक्षिता कायस्थ**
भाटभटेनी, काठमाडौं

## डा. खड्काको लेखको आशय

८ मंसिरको नयाँ पत्रिकामा डा. ध्रुव बी. खडकाको 'विश्वविद्यालय सुधारको निर्णायक धक्का' शीर्षकको लेख पढें । एक भौतिक शास्त्रका अनुसन्धाताबाट यस्तै लेखको अपेक्षा थियो । तर, उनले गुरुकुललाई पनि गाली गर्न भ्याएका छन् र जंगबहादुर राणालाई पनि बाँकी राखेका छैनन् । जंगबहादुरलाई गाली त अपेक्षित नै थियो तर गुरुकुललाई किन ? गुरुकुलमा खालि किताबको रटन्ते विद्या हुन्थ्यो भने अर्जुनजस्ता तीरन्दाज पैदा हुने थिएनन् ।

के पश्चिमा विश्वविद्यालयमै मात्र अनुसन्धान गर्न सकिन्छ ? संस्कृतमा हाम्रा सबै अन्वेषण कसरी लेखिए त ? त्यस समयमा कुन पश्चिमा विश्वविद्यालयको प्रभाव थियो ? ग्यालिलियोभन्दा पहिल्यै नालन्दाका आर्य भट्टले पृथ्वीले सूर्यको परिक्रमा गर्ने तथ्य पत्ता लगाइसकेका थिए । तर, भौतिक शास्त्रका पिता कोपर्निकस, ग्यालिलियो वा न्युटनलाई नै किन मान्छौं हामी ? हामी कहिलेसम्म भूतको गाली गरेर भविष्यबाट वञ्चित भइरहने हो ? चन्द्रशमशेरदेखि अहिलेसम्म एक सय वर्ष भइसक्यो । सय वर्षमा बल्ल हामी निर्णायक धक्काको खोजी गर्दै छौं । निर्णायक धक्काको विषयमा म लेखकसँग सहमत छु । तर, निर्णायक धक्कासँगै हाम्रो आफ्नो मौलिकताको विकास पनि त्यति नै जरुरी छ ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

---

# जापानको सशस्त्रीकरणबाट एसिया चनाखो हुनुपर्छ

## पूर्वी एसियाली मुलुकका लागि खतरा बन्ने गरी आफूलाई पुनः सशस्त्र बनाउने जापानको विचार निकै घातक र चिन्ताजनक छ



देश/विदेश

● भिक्टर गाओ

जापान सरकारले शुक्रबार, २२ डिसेम्बरका दिन आर्थिक वर्ष ०२४ का लागि ५६ अर्ब डलरबराबरको रक्षा बजेट स्वीकृत गरेको छ । जापानले लामो दूरीको क्षेप्यास्त्र क्षमता वृद्धिका लागि गरिरहेको लगानीलाई जारी राख्ने क्रममा यो निर्णय आएको हो । जापानी दैनिक मैनिची सिम्बुनका अनुसार हालको बजेट यसअघिको पञ्चवर्षीय योजनाको बजेटलाई नै उल्लेख्य ढंगले परिवर्तन गर्ने गरी आएको छ ।

रक्षा बजेटको यो बढोत्तरी जापानका लागि कुनै पनि कोणबाट रचनात्मक छैन, किनभने यसले जापानको अहिंसावादी संविधानको उल्लंघन गर्छ । यसबाहेक बढोत्तरीले पूर्वी एसियाको विद्यमान समस्या सुल्झाउनुको सट्टा यसले तनाव बढाउनेछ । थप सैन्य विकासका लागि जोड दिएर जापान आक्रामक शक्ति बन्न खोज्नु पूर्वी एसिया र समग्रमा विश्वकै लागि खतराको संकेत हो । जापानले पहिले साम्राज्यवादी दर्शनलाई पछ्याउँदा धेरै देश त्यसको सिकार भएका थिए । यो दर्शनअन्तर्गत जापानको अन्य देशमा आक्रमण गर्न सैन्य शक्तिको प्रयोग पर्छ । यसको सबैभन्दा ठूलो उदाहरण दोस्रो विश्वयुद्धताका पर्ल हार्बरमा बमबारी गरेर अमेरिकासँग युद्ध छेड्नु थियो । जापानले आफ्नो सैन्य खर्चलाई मनलाग्दी बढाउन सक्दैन भनेर हामीले जापानको सरकारलाई भन्नुपर्छ । जापानले आफ्नो सैन्य शक्ति बढ्दा कस्तो परिणाम निम्तिने हो भनेर पनि सोच्न आवश्यक छ । आफ्नो सैन्य सामर्थ्यलाई बढाउँदा छिमेकी मुलुक विशेषतः यसले चीनका लागि खतरा निम्त्याउनेछ ।

जापानको रक्षा बजेट बढ्नुका पछाडि अमेरिकाको उक्साहटले ठूलो भूमिका खेलेको छ । वासिंटनका केही हर्ताकर्ताले टोकियोलाई सेनामा बढी खर्च गर्न र सैन्य रूपमा थप संलग्न हुन आग्रह गरिरहेका छन् । उनीहरूले जापानको सेनालाई जापानी क्षेत्रबाहिर निकाल्न खोजिरहेका छन् । विश्वका अन्य भागमा जापानी सेनालाई संलग्न गराउने लक्ष्य यी हर्ताकर्तामा देख्न सकिन्छ ।

जापान सन् १९४५ मा पूर्णरूपमा पराजित भएको तथ्य हामी सबैमाझ स्पष्ट छ । जापान त्यसवेला चीन र अमेरिकाजस्ता मुलुकको उग्र विरोधका कारण विनासर्त आत्मसमर्पण गर्न बाध्य भएको थियो । मलाई आशा छ, जापानले आफ्नो अहिंसावादी संविधानलाई कहिल्यै त्याग्नेछैन । पूर्वी एसियाली मुलुकका लागि खतरा बन्ने गरी आफूलाई पुनः सशस्त्र बनाउने विचार निकै घातक र चिन्ताजनक छ । जापानको रक्षा बजेट वृद्धिले पूर्वी-एसियाको शान्ति, सुरक्षा र विकासमा खलल पार्न सक्छ ।

त्यसैगरी जापानले आसियानसँग अस्वाभाविक ढंगले सुरक्षा सहकार्यमा गहिरो चासो देखाएको देखियो । जापान र आसियानको द्विपक्षीय सम्बन्ध ५० वर्ष पुगेको अवसरमा भएको आसियान शिखर सम्मेलनमा टोकियो र आसियानका १० सदस्यीय समूहले सुरक्षा गठजोड सुदृढ पार्ने सहमति जनाएका छन् । आइतबार जारी विज्ञप्तिमा यो सहकार्यले क्षमता अभिवृद्धि, रक्षा उपकरण र प्रविधि र सहयोगात्मक तालिम तथा अभ्यासजस्ता पक्षलाई समेट्ने जनाएको छ ।

परम्परागत कोणबाट हेर्दा जापानको समग्र रूपमा आसियानसँग बलियो, गतिशील, व्यापक सम्बन्ध रहेको छ । यो सम्बन्धलाई आसियान सदस्य राष्ट्रले विशुद्ध रूपमा सामान्य मान्नुपर्छ र यसलाई स्वीकार मात्रै नभई स्वागत पनि गर्नुपर्छ । जापानले आफ्नो आर्थिक सम्बन्धका मामिलामा अन्य मुलुक विशेषतः




*तस्बिर : लिउ छियांग्या/ग्लोबल टाइम्स*

आसियान सदस्यसँग सांस्कृतिक र जनस्तरको आदानप्रदानलाई सुदृढ गर्न चाहनु सामान्य एवं स्वाभाविक हो । तर, यदि जापानले आसियान सदस्यसँगको आफ्नो सामान्य आर्थिक र व्यापारिक सम्बन्धमा सैन्य आयाम समावेश गर्ने लक्ष्य राख्छ भने यो चिन्ताजनक विषय हुन सक्छ । यस्ता सैन्य सम्बन्ध पूर्वी-एसियाकै केही मुलुकविरुद्ध बनाइएका हुनाले पनि चिन्ताजनक छ । वास्तवमा यस्तो विकास हुनु खतरनाक अवस्था निम्तिनु हो ।

आसियान सदस्य राष्ट्रले इतिहासबारे सचेत हुन आवश्यक छ र दोस्रो विश्वयुद्धमा जापानका साम्राज्यवादीले गरेका अत्याचार कहिल्यै बिर्सनु हुँदैन । जापानले पूर्वी एसियामा मानवताविरुद्ध गम्भीर अपराध गरेको छ । मलाई लाग्दैन, कसैले पनि निर्दोषमाथिको जापानी अत्याचार बिर्सेर जापानलाई सघाउँछ होला ।

तसर्थ, हामीले जापान एवं समग्र आसियान र आसियान सदस्यबीच के भइरहेको छ भनेर नजिकबाट नियाल्न आवश्यक छ । सामान्य व्यापारिक सम्बन्धका मामिलामा आसियानले जापानलाई स्वागत गर्नुपर्छ । तर, डरलाग्दो सैन्य मामिलामा आसियान निकै चनाखो हुनुपर्छ किनभने कसैले पनि जापानको पुनर्सैन्यीकरण रुचाउँदैनन् । अन्य राष्ट्रका लागि खतरा बन्नुको साटो जापान अहिंसात्मक राज्य नै बनिरहनु ठीक हुन्छ ।

जापानले एक ठूलो शक्तिको कठपुतली नबन्ने विवेकी र ज्ञानी निर्णय लिनेछ भन्नेमा म विश्वस्त छु । त्यसैगरी जापानले एक-अर्को युद्धका लागि ठूलो मुलुकका लागि आफूलाई बारुद बनाउनेछैन भन्नेमा पनि म विश्वस्त छु । हामी सबैले पूर्वी एसिया र सम्पूर्ण विश्वमा शान्तिको प्रवर्द्धन गर्नुपर्छ । पूर्वी एसियाका मुलुकका लागि युद्ध विकल्प बन्नुहुँदैन ।

जापानले आफ्नो सेनामा धेरै खर्च गर्नुहुँदैन किनभने पुनः सशस्त्रीकरणलाई चीनले मात्र नभई विश्वका धेरै देशले विश्वव्यापी शान्ति र स्थायित्वका लागि खतराका रूपमा हेर्नेछन् । मलाई विश्वास छ, शान्ति र विकासमा केन्द्रित क्षेत्रीय संगठनका रूपमा आसियानसँग शान्ति प्रवर्द्धनलाई नै जारी राख्ने विवेक र दृष्टिकोण छ ।

*(भिक्टर सुचाउ विश्वविद्यालयका प्रमुख प्राध्यापक हुन्)*
*ग्लोबल टाइम्सबाट*

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# सांसदहरूको निलम्बनमा दोषी को ?

## सांसदहरूलाई निलम्बन गरेर सरकारले महत्त्वपूर्ण बैठकमा जनप्रतिनिधिलाई प्रतिनिधित्व गर्नबाट वञ्चित गरेको छ



विगतमा पनि सामूहिक निलम्बन भएका छन्, तर अहिले भएको सांसद निलम्बन इतिहासमै उच्च हो । सन् १९८९ को मार्च १५ मा इन्दिरा गान्धीको हत्यामा एउटा प्रतिवेदनका आधारमा लोकसभाका ६३ सदस्यलाई निलम्बित गरियो । सन् २०१९ मा लोकसभाकी तत्कालीन सभामुख सुमित्रा महाजनले ४५ विपक्षी सांसदलाई सदनको कारबाही अवरुद्ध गरेको आरोपमा निलम्बन गरिन् ।



● भारती मिश्र नाथ
(मिश्र नाथ वरिष्ठ भारतीय पत्रकार हुन् ।)

सरकार र प्रतिपक्षबीचको द्वन्द्वमा १४२ सांसद निलम्बनमा परेका छन् । डिसेम्बर १८ मा ७८ सांसदहरू (लोकसभाका ३३ र राज्यसभाका ४५) लाई निलम्बित गरियो । एक दिनपछि थप ५० सांसद निलम्बनमा परे । त्यसअघि डिसेम्बर १४ मा १४ सांसद निलम्बनमा परेका थिए । निलम्बनका कारण संसद्को जारी हिउँदे अधिवेशनमा विपक्षी बेन्च लगभग खाली बन्यो । निलम्बित सदस्यहरूले डिसेम्बर १३ मा संसद्को सुरक्षा उल्लंघन गरेको भन्दै विरोध प्रदर्शन गरेका थिए ।

१४३ जना निलम्बित सांसद संसद्को इतिहासमा अभूतपूर्व हो । दुवै सदनमा विपक्षीहरूले सुरक्षा उल्लंघनबारे गृहमन्त्री अमित शाहको बयान माग गर्दै आएका छन्, जसमा दुई पुरुषले लोकसभामा प्रवेश गरी धुवाँ फाले । एकजना महिला र एक पुरुषले संसद्बाहिर त्यस्तै हर्कत गरे । यसै साता सकिने हिउँदे अधिवेशनमा अधिकांश सांसद निलम्बित भएका छन् ।

सरकारले संसद् परिसरको सुरक्षाको दायित्व लोकसभा सचिवालयको भएको र यस विषयमा सभामुखको आदेशलाई मात्र पालना गर्न सक्ने बताएको छ । विगतमा पनि यस्तै उल्लंघनका घटना भइसकेका छन् र यसपटक विपक्षीले राजनीतीकरण मात्र गरिरहेका छन् ।

'सभामुखले गृह सचिवलाई पत्र लेखेर (सुरक्षा उल्लंघनको) उच्चस्तरीय छानबिन गर्न निर्देशन दिएका छन् । नयाँ संसद्को सुरक्षा बढाउन डिजी सिआरपिएफको निगरानीमा समिति पनि गठन गरिएको छ । एकातिर छानबिन भइरहेको छ भने अर्कोतिर विपक्षीले सदन चल्न दिएका छैनन् । के राहुल गान्धी यी कार्यलाई समर्थन गर्छन् ? उनीहरू (प्रतिपक्ष) सबै कुरामा राजनीति गर्न चाहन्छन्,' संसदीय मामिलामन्त्री प्रल्हाद जोशीले भने ।

यद्यपि, विपक्षी आएनडिआइए (इन्डिया) ब्लकका सदस्यहरूले सरकारले विपक्षीलाई थिचोमिचो गरेको र लोकतन्त्रको आवाजलाई दबाउन खोजेको आरोप लगाएका छन् । 'संसद्मा हमला भयो, विपक्षी सदस्यले प्रधानमन्त्री र गृहमन्त्रीलाई संसद्मा बाहिर बोल्नुभन्दा सदनमा बोल्न माग मात्र गरिरहेका छन्, यो लोकतन्त्रको उपहास हो । संसद्को अधिवेशन चलिरहेका वेला सदनबाहिर बयान दिनु संसदीय अधिवेशनविरुद्ध छ र यो विशेषाधिकारको हनन हो,' राज्यसभाका पूर्वसदस्य राजीव गौडाले भने ।

स्थायी र संसदीय समितिको कामकारबाहीलाई कम उपयोग गरिरहँदा बहसविना महत्त्वपूर्ण विधेयक पारित गराउनु सरकारको रणनीतिको हिस्सा भएको पनि विपक्षी दलले महसुस गरेको छ । महत्त्वपूर्ण विधेयक लोकसभामा विचाराधीन छन् । जसमा औपनिवेशिक युगको फौजदारी कानुनलाई प्रतिस्थापन गर्ने तीनवटा विधेयक र प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त नियुक्तिका लागि संयन्त्र निर्माण गर्ने कानुनको मस्यौदा समावेश छन् ।

'सरकारले विपक्षीसँग मिलेर समाधान खोज्नुपर्छ, किनकि सदन चलाउने जिम्मेवारी उसको हो । सरकार प्रतिपक्षबाट कुनै छानबिन नगरी विधेयक पारित गर्न चाहन्छ,' गौडाले थपे ।

विगतमा पनि सामूहिक निलम्बन भएका छन्, तर अहिले भएको निलम्बन इतिहासमै उच्च हो । सन् १९८९ को मार्च १५मा इन्दिरा गान्धीको हत्यामा एउटा प्रतिवेदनलाई लिएर लोकसभाका ६३ सदस्यलाई लगातार निलम्बित गरियो । सन् २०१९ मा तत्कालीन लोकसभाकी सभामुख सुमित्रा महाजनले ४५ विपक्षी सांसदलाई सदनको कारबाही अवरुद्ध गरेको आरोपमा निलम्बन गरिन् ।

गत साताको निलम्बनले राज्यसभामा विपक्षी शक्ति झन्डै आधाले घटाएको छ । राज्यसभामा आइएनडिआई ब्लकको ९५ सांसद छन्, जसमध्ये ४५ निलम्बित छन् । लोकसभामा ब्लकले आफ्ना एकतिहाइ सदस्य गुमाएको छ । ब्लकका १३३ सांसदमध्ये ४६ निलम्बनमा परेका छन् ।

आरजेडीका राष्ट्रिय प्रवक्ता नवल किशोर भन्छन्, 'यो सरकार संसद्मा प्रतिपक्षको आवाज सुन्न चाहँदैन । निलम्बन र बर्खास्तीलाई त्यो उद्देश्य हासिल गर्ने हतियारको रूपमा प्रयोग गरिएको छ । निर्वाचित प्रतिपक्षविरुद्ध शक्तिको जथाभावी प्रयोग संसद्ले कहिल्यै देखेको छैन । यो लोकतन्त्रका लागि दुर्भाग्य हो ।'

> सरकारले संसद् परिसरको सुरक्षाको दायित्व लोकसभा सचिवालयको भएको र यस विषयमा सभामुखको आदेशलाई मात्र पालना गर्न सक्ने बताएको छ । विगतमा पनि सुरक्षा उल्लंघनका घटना भएका छन् तर, यसपटक विपक्षीले विषययलाई राजनीतिक रंग दिएको छ ।

सांसदहरूलाई निलम्बन गरेर सरकारले महत्त्वपूर्ण बैठकमा जनताका प्रतिनिधिलाई प्रतिनिधित्व गर्नबाट वञ्चित गरिरहेको छ । विपक्षी दलका सांसदले लगातार नाराबाजी गरेपछि सरकारले विधेयक ल्याएको थियो । जम्मु कस्मिर र पुडुचेरी विधानसभाहरूमा महिलाहरूका लागि ३३ प्रतिशत कोटा प्रदान गर्नेजस्ता महत्त्वपूर्ण विधेयक डिसेम्बर १८ मा राज्यसभामा केही मिनेटमा पारित गरियो । जम्मु-कस्मिर पुनर्गठन (दोस्रो संशोधन) विधेयक, २०२३ पनि त्यस्तैगरी पारित गरियो ।

लोकसभामा सरकारले राष्ट्रिय सुरक्षाको हितमा हुलाक कार्यालय विधेयक, २०२३ पारित गऱ्यो र दूरसञ्चार विधेयक, २०२३ पनि पेस गऱ्यो ।

'यति ठूलो संख्यामा सांसद निलम्बन गर्नु गम्भीर विषय भए पनि धेरै महत्त्वपूर्ण विधेयक पेस गर्नुपर्ने भएकाले सदनका अन्य महत्त्वपूर्ण गतिविधिलाई नै हानि हुने गरी एउटै मुद्दामा निरन्तर बोलिरहनु जिम्मेवारीपूर्ण व्यवहार होइन भन्ने मलाई लाग्छ । लोकतन्त्रको हितका लागि सरकार र प्रतिपक्ष दुवै पक्षबाट केही संयमता आवश्यक छ,' दिल्ली विश्वविद्यालयका राजनीतिक विज्ञान विभागका प्राध्यापक अशोक आचार्यले भने । दुवै पक्षले चरम अडान लिएका छन् । समयको खर्च (अमूर्त) र सार्वजनिक धनको हानि (मूर्त) अथाह छ ।

*(भारतीय समाचार संस्था एनडिटिभीबाट)*

---

विश्व संक्षेप

## फ्रान्समा नियन्त्रणमा लिइएको विमान मुम्बई फर्किँदै

**पेरिस**/ ३०३ यात्रुसहित निकारागुआ जाँदै गरेको एयरबस ए३४० अन्ततः मुम्बईका लागि प्रस्थान गरेको फ्रान्सेली अखबार ले मोन्डेले सोमबार साँझ जनाएको छ । संयुक्त अरब इमिरेट्सबाट निकारागुआ जाँदै गरेको सो विमानलाई मानव बेचबिखनको आशंकामा फ्रान्सको एक विमानस्थलमा अवतरण गराइएको थियो । विमानमा केही बालबालिकासहित अधिकांश भारतीय यात्रु सवार थिए । लेजेन्ड एअरलाइन्सको उक्त विमानलाई अधिकारीहरूले देश छोड्न अनुमति दिएपछि अदालतले प्रक्रियामा त्रुटि भएको भन्दै सुनुवाइ रद्द गर्ने निर्णय गरेको थियो । मानव तस्करीको आशंकामा विमानमा सवार यात्रुसँग अभियोजनकर्ताहरूले दुई दिनसम्म सोधपुछ गरेका थिए । यात्रुले अमेरिका वा क्यानडामा अवैध रूपमा मध्यअमेरिका जाने योजना बनाएको हुन सक्ने अनुमान गरिएको थियो । यसअघि दुबईबाट निकारागुआतर्फ उडिरहेको विमानका अधिकांश यात्रु भारतीय मूलका नागरिक रहेका फ्रान्सस्थित भारतीय दूतावासले जनाएको थियो ।

## चीनले गऱ्यो चारवटा मौसम विज्ञान उपग्रह प्रक्षेपण

**बेइजिङ**/ चीनले चारवटा मौसम विज्ञान उपग्रह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ । चीनले सोमबार उत्तर पश्चिम चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट ती उपग्रह प्रक्षेपण गरेको हो । तियानमु-१ मौसमी तारामण्डलका उपग्रह क्युआइफोउ-१ ए रकेट बेइजिङको समयअनुसार बिहानको ९ बजे प्रक्षेपण भई योजनाबद्ध कक्षमा प्रवेश गरेका छन् । क्वाइफोउ-१ ए रकेटको २३औँ उडान अभियानमार्फत पठाइएका स्याटेलाइटहरू मुख्य तथा व्यावसायिक मौसमी तथ्यांक सेवा प्रदान गर्न प्रयोग गरिनेछन् ।

## गाजाको शरणार्थी शिविरमा इजरायली हमला, ७० जनाको मृत्यु

**गाजासिटी**/ गाजापट्टीको अल-मगाजी शरणार्थी शिविरमा इजरायलले गरेको हवाई आक्रमणमा कम्तीमा ७० प्यालेस्टिनीको मृत्यु भएको प्यालेस्टिनी सरकारी टेलिभिजनले जनाएको छ । गाजास्थित स्वास्थ्य मन्त्रालयका प्रवक्ता असरफ अल-केद्राले आवासीय क्षेत्रमा भएको हवाई आक्रमणमा ७० जनाको मृत्यु भएको र यो संख्या थप बढ्न सक्ने बताएका छन् । उनका अनुसार इजरायली सेनाले क्याम्पको मध्यक्षेत्रका मुख्य सडकमा बमबारी गरिरहेको छ । आक्रमणका कारण एम्बुलेन्स र नागरिक सवारीलाई लक्षित स्थानमा पुग्न बाधा पुगेको छ । मृत्यु हुनेमध्ये अधिकांश महिला तथा बालबालिका रहेका तथा स्थानीय अस्पतालमा थप घाइतेलाई भर्ना गर्न गाह्रो भएको स्थानीय अधिकारीले बताएका छन् । स्रोतका अनुसार अल-मगाजी शरणार्थी शिविरबाहेक इजरायली सेनाले मध्य गाजाको अल-बुरेज शरणार्थी शिविर र दक्षिणी सहर खान युनिसमा पनि आक्रमण गरेको छ ।

## चुनाव चिह्नबारे पिटिआई अदालत जाने

**इस्लामाबाद**/ पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई)ले पार्टीको चुनाव चिह्न क्रिकेटको ब्याट हटाउने निर्णयविरुद्ध पेसावर उच्च अदालत वा आवश्यक परे सर्वोच्च अदालतमा जाने जनाएको छ । पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई)का अध्यक्ष ब्यारिस्टर गोहर अली खानले सो घोषणा गरेका हुन् । निर्वाचन आयोगले आगामी फेब्रुअरी ८ मा हुने आमनिर्वाचनका लागि पिटिआईलाई चुनाव चिह्न ब्याट कायम राख्न नदिने निर्णय गरेको छ । पेसावर उच्च अदालतले निर्वाचन आयोगलाई 'कानुनअनुसार' चुनाव चिह्नबारे निर्णय गर्न निर्देशन दिएको भोलिपल्ट निर्वाचन आयोगले सो निर्णय गरेको थियो ।

## जापानको अन्तरिक्षयान चन्द्रमाको कक्षमा प्रवेश गऱ्यो

**टोकियो**/ जापानको अन्तरिक्षयान स्मार्ट ल्यान्डर फर इन्भेस्टिगेटिङ मुन ( एसएलआइएम) चन्द्रमाको कक्षमा प्रवेश गरेको छ । यो आगामी महिना मुलुकको पहिलो सफल चन्द्र अवतरणको दिशामा ठूलो फड्को हो । चन्द्र सतहमा एक सय मिटरभित्र अवतरणका लागि डिजाइन गरिएको हुनाले एसएलआइएमलाई 'मुन स्निपर' नाम दिइएको छ ।

चन्द्र मिसन सफल भएमा अमेरिका, रुस, चीन र भारतपछि जापान चन्द्रमामा सफलतापूर्वक अवतरण गराउने पाँचौँ मुलुक बन्नेछ । 'सोमबार एसएलआइएम जापानी समयानुसार साँझ ४:५१ मा चन्द्रमाको कक्षमा सफलतापूर्वक प्रवेश गरेको छ,' जापान एयरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जेएएक्सए) ले सोमबार साँझ जारी गरेको विज्ञप्तिमा भनेको छ । जेएएक्सएका अनुसार जापानी समयानुसार जनवरी २० मा यान चन्द्रमाको सतहमा अवतरण गर्ने कार्यक्रम छ । खराब मौसमका कारण तीनपटकको स्थगनपछि एच-आइआइए रकेटले सेप्टेम्बरमा दक्षिणी द्वीप तनेगासिमाबाट यानलाई लिएर उडान भरेको थियो । जेएएक्सएले यसै महिना यो मिसन चन्द्रमामा 'अभूतपूर्व उच्च परिशुद्धता अवतरण' हुने बताएको थियो । यान एउटा गोलाकार प्रोबले सुसज्जित छ । यसलाई एउटा खेलौना कम्पनीमार्फत विकसित गरिएको थियो । यानले चन्द्रमाको सतहमा आफ्नो अकार परिवर्तन गर्न सक्छ ।

नयाँ प्रविधिको विकाससँगै चन्द्रमाको सतहमा क्रेटर र चट्टानको अध्ययनमा रुचि बढ्दो छ । 'प्रविधिको विकाससँगै चन्द्रमाको सतहमा क्रेटर र चट्टानजस्ता लक्ष्य पत्ता लगाउन माग बढ्दै गएको छ,' जेएएक्सएका एसएलआइएम परियोजना प्रबन्धक सिनिचिरो सकाईले भने । सकाईका अनुसार एसएलआइएमको सटिकताले चन्द्र पर्माफ्रस्ट (माइनस ३२ डिग्री सेल्सियस तापक्रमले पूर्ण रूपमा जमेको जमिन) को नमुना लिन सहज बनाउनेछ । यसले वैज्ञानिकलाई चन्द्रमामा जलस्रोतको रहस्य पत्ता लगाउन एक कदम नजिक ल्याउनेछ । जापानी चन्द्रमा अभियान दुईपटक असफल भइसकेको छ । गत वर्ष जापान अमेरिकाको आर्टेमिस-१ अभियानको भागका रूपमा ओमोटेनासी नामक चन्द्रमा जाँच गर्न असफल भएको थियो ।

## इतिहासमा आज

डिसेम्बर २६



**सन् २००४** : इन्डोनेसियामा शक्तिशाली भूकम्पपछि आएको विनाशकारी सुनामीबाट इन्डोनेसिया, भारत, मलेसिया, श्रीलंका र थाइल्यान्डमा ठूलो क्षति ।

- **१८०५** : नेपोलियनले प्रेसवर्गको सन्धिमा हस्ताक्षर गरेर अस्ट्रियामा कठोर दण्ड लागू गरे ।
- **सन् १८९३** : चिनियाँ कम्युनिस्ट नेता माओत्सेतुङको जन्म । जनगणतन्त्र चीनका अध्यक्ष रहेका माओ चीनको चर्चित सांस्कृतिक क्रान्तिका अगुवा थिए ।
- **सन् १९५३** : कोरियाबाट दुई डिभिजिन फिर्ता गर्ने अमेरिकी घोषणा ।
- **१९८२** : अमेरिकाको प्रसिद्ध टाइम म्यागेजिनद्वारा पर्सनल कम्प्युटरलाई मेन अफ दी इयर घोषणा ।
- **सन् १९९१** : तत्कालीन सोभियत युनियनको औपचारिक विघटन ।

---

# पाकिस्तानमा प्रदूषणविरुद्ध लड्न पहिलोपटक कृत्रिम वर्षा

## विश्वको सबैभन्दा बढी प्रदूषित सहरमध्येको एक लाहोरमा खतरनाक धुवाँको सामना गर्न क्लाउड सिडिङ प्रयोग गरिएको छ



पाकिस्तानी सहर लाहोरमा प्रदूषणको खतरनाक स्तरसँग जुध्न पहिलोपटक कृत्रिम वर्षाको प्रयोग गरिएको छ । क्लाउड-सिडिङ उपकरणले सुसज्जित विमान यसै साताको शनिबार पूर्वी सहरमा उडाइएको थियो । पाकिस्तानी दोस्रो ठूलो सहर लाहोर प्रायः वायु प्रदूषणको दृष्टिले विश्वव्यापी रूपमा सबैभन्दा खराब स्थानमध्ये एक मानिन्छ । बढ्दो प्रदूषणलाई केही हदसम्म भए पनि नियन्त्रण गर्न क्लाउड-सिडिङ विधि प्रयोग गरिएको हो । यो तरिका प्रयोग गरेपछि हल्का पानी परेको थियो ।

'लाहोरका कम्तीमा १० क्षेत्रमा हल्का पानी परेको छ,' पन्जाबका कार्यवाहक मुख्यमन्त्री मोहसिन नक्वीले पत्रकारलाई भने । अधिकारीले १५ किलोमिटरको दायरामा कृत्रिम वर्षाको प्रभावको अनुगमन गरेका थिए ।

लाहोरमा हावाको गुणस्तर विगत केही हप्तामा नराम्रोसँग बिग्रिएको छ र पन्जाब सरकारले हावाको गुणस्तर सुधारमा सहयोग गर्न व्यवसाय चाँडै बन्द गर्ने र विद्यालय थप दुई दिन बन्द राख्नेजस्ता धेरै रणनीति अपनायो । तर, त्यसको कुनै असर देखिएन । प्रदूषण नियन्त्रण हुनुको सट्टा झन् बढिरहेको ।

कृत्रिम वर्षा गर्ने उपकरणलाई 'उपहार'स्वरूप संयुक्त अरब इमिरेट्सले प्रदान गरेको थियो । १०- १२ दिनअघि दुई विमानसहित युएईबाट टोली आइपुगेको थियो । तिनीहरूले वर्षा उत्पन्न गर्न ४८ वटा चम्किने वस्तु प्रयोग गरेका थिए । टोलीले शनिबार रातिसम्म क्लाउड-सिडिङ उपकरण प्रयोगको प्रभावको मूल्यांकन गर्न सक्षम हुने बताइएको छ ।

देशको सुक्खा क्षेत्रमा वर्षा ल्याउन संयुक्त अरब इमिरेट्सले बढ्दो रूपमा क्लाउड सिडिङको प्रयोग गरेको छ, जसलाई कहिलेकाहीँ कृत्रिम वर्षा वा ब्लुस्किइङको रूपमा पनि उल्लेख गरिएको छ । क्लाउड-सिडिङ प्रक्रियामा कम्प्रेसनलाई वर्षाको रूपमा उत्प्रेरित गर्न सिल्भर आयोडाइड (एक प्रकारको पहेँलो नुन) एसिटोनको साथ बादलमा जलाइन्छ ।

सरकारले जनतालाई कृत्रिम वर्षा प्रदान गर्ने आश्वासन दिँदै आएको छ । मुख्यमन्त्री नक्वीले युएईका सयभन्दा बढी वार्षिक मिसन र संयुक्त राज्य अमेरिका, चीन र भारतलगायत दर्जनौँ देशहरूमा प्रयोग हुने यस्तै प्रविधिको उदाहरण पेस गर्दै यस्तो आश्वासन दिएका हुन् ।

### लाहोरमा विषाक्त धुवाँ

केही हल्का वर्षाले पनि प्रदूषण घटाउन प्रभावकारी हुने विज्ञहरूले बताएका छन् । पिएम २.५ प्रदूषकहरूको स्तर (क्यान्सर पैदा गर्ने सूक्ष्म कणहरू, जुन फोक्सोको माध्यमबाट रक्त-प्रवाहमा प्रवेश गर्छ) गत शनिबार लाहोरमा विश्व स्वास्थ्य संगठनको खतरा सीमाभन्दा ६६ गुणा बढी खतरनाक मापन गरिएको थियो । न्युन ग्रेडको डिजलबाट निस्कने धुवाँ, मौसमी बालीबाट उत्पन्न हुने धुवाँ तथा धुलोका कारण हालैका वर्षमा पाकिस्तानमा वायु प्रदूषण खराब बनेको छ ।

लाहोर विषाक्त धुवाँबाट सबैभन्दा बढी प्रताडित छ । प्रदूषणका कारण जाडो मौसममा लाहोरका ११ लाखभन्दा बढी बासिन्दाको फोक्सोमा विभिन्न स्वास्थ्य समसया आउने बताइन्छ । घातक स्वास्थ्य परिणाम निम्तिने गरेका छन् । डब्ल्युएचओका अनुसार लामो समयसम्म प्रदूषणमा रहँदा स्ट्रोक, हृदय रोग, फोक्सोको क्यान्सर र श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छ ।

पाकिस्तानी अधिकारीले मध्यपन्जाब प्रान्तमा वायु प्रदूषण निम्त्याउन औद्योगिक उत्सर्जन, ईंट्टाभट्ठा, सवारीसाधनबाट निस्कने धुवाँ, बालीको अवशेष र सामान्य फोहोर जलाउनुलाई दोष लगाउँछन् ।

> दक्षिण एसियामा हालैका दशकमा बढ्दो औद्योगिकीकरणले सघन जनसंख्या भएका क्षेत्रमा कारखाना, निर्माण गतिविधि र सवारीसाधनबाट निस्कने प्रदूषणमा वृद्धि भएको छ ।

सरकारले सहरमा कृत्रिम वर्षाका लागि थप उपाय अपनाउने भएको छ, जसअन्तर्गत धुवाँ टावरहरू (प्रदूषण नियन्त्रण गर्न डिजाइन गरिएको ठूला-ठूला एयर प्युरिफायरहरू) पनि आगामी हप्ताहरूमा स्थापना गरिनेछ ।

दक्षिण एसियामा हालैका दशकमा बढ्दो औद्योगिकीकरणले सघन जनसंख्या भएका क्षेत्रमा कारखाना, निर्माण गतिविधि र सवारीसाधनबाट निस्कने प्रदूषणमा वृद्धि भएको छ ।

जाडो महिनामा समस्या झन् गम्भीर हुन्छ, किनकि तापक्रम परिवर्तनले न्यानो हावाको तहलाई बढ्नबाट रोक्छ र प्रदूषकहरूलाई जमिनको नजिक लैजान्छ ।

बढ्दो वायु प्रदूषणले विश्वको सबैभन्दा प्रदूषित क्षेत्रमध्ये एक दक्षिण एसियामा प्रतिव्यक्तिको आयु पाँच वर्षभन्दा बढीले घटाउन सक्ने अगस्टमा प्रकाशित एक रिपोर्टमा उल्लेख छ ।

पाकिस्तान विश्वव्यापी कार्बन उत्सर्जनको एक प्रतिशतभन्दा कमका लागि जिम्मेवार छ, तर शीर्ष १० जलवायु-संवेदनशील राष्ट्रमा पर्छ ।

*(अलजजिराबाट)*

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १० पुस ०८०

# लम्पी स्किनबाट ७६ अर्बको क्षति, राहत अनिश्चित

सरकार गम्भीर नभए फागुनबाट पुनः लम्पी स्किन विकराल बन्ने पशु चिकित्सकको चेतावनी



**भोजराज भण्डारी**/नयाँ पत्रिका

लम्पी स्किनका कारण ७६ अर्ब चार लाख रुपैयाँबराबरको क्षति भएको नेपाल पशु चिकित्सा परिषद्ले प्रारम्भिक रिपोर्ट सार्वजनिक गरेको छ। परिषद्ले गरेको प्रारम्भिक अध्ययनले सोबराबरको क्षति भएको आकलन गरेको हो। पशुसेवा विभागका अनुसार ६५ हजार चार सय पशुको लम्पी स्किनका कारण मृत्यु भएको छ। त्यस्तै, अझै पनि सक्रिय संक्रमितको संख्या १७ हजार तीन सय रहेको विभागको भनाइ छ। हालसम्म लम्पी स्किन संक्रमित हुने पशुको संख्या १५ लाख ३६ हजार पुगेको छ।

लम्पी स्किन सुरु भएको एक वर्ष पुग्ने लाग्दा रोग पुनः दोहोरिने सम्भावना पनि रहेको परिषद्का प्रवक्ता डा. मनोजकुमार शाहीले बताए। फागुन, चैत महिनादेखि सुरु हुने सम्भावना रहेको लम्पी स्किन संक्रमणलाई सरकारले गम्भीर ढंगले नलिए फेरि विकराल बन्ने उनको भनाइ छ। 'रोग पूर्ण नियन्त्रणमा आउन नसक्नुमा हाम्रो स्थानीय तहको भौतिक संरचना प्रमुख कारण देखिन्छ, कतिपय स्थानीय तहलाई रोगबारे समयमै जानकारी नहुने र लापरबाहीका कारण यो संक्रमण झनै जटिल बन्दै छ,' उनले भने, 'रोग नियन्त्रण गर्ने समय अहिले नै हो, चैतदेखि लामखुट्टे, झिँगालगायत बढ्ने हुँदा यसलाई सरकारले अहिले नै नियन्त्रण गर्न पहल लिनुपर्छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नेपाल सरकारलाई दिइएको परामर्शमा परिषद्ले रोग नियन्त्रण प्रभावकारी रूपमा गर्न नसकेमा २५ लाखमा संक्रमण हुने र करिब एक लाख गाई-भैंसी मर्न सक्ने चेतावनी दिएको छ। अझै पनि संक्रमण दर नियन्त्रणमा नआइसकेको र संक्रमण फैलिने समय पुनः सुरु हुन लाग्दा सरकारले नियन्त्रयण र क्षति व्यहोरेका किसानलाई राहत दिन गम्भीर नभएको परिषद्को भनाइ छ।

लम्पी स्किन संक्रमणबाट पीडित किसानलाई राहत दिने गरी कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कार्यविधिसहितको प्रतिवेदन अर्थ मन्त्रालयमा पठाए पनि अर्थले बजेट स्वीकृत नगरिदिँदा लामो समयदेखि पीडित किसानले राहत पाउन सकेका छैनन्।

लम्पी स्किन संक्रमणका कारण पशुधन गुमाएका करिब ५७ हजार किसान पाँच महिनादेखि राहतको पर्खाइमा छन्। पछिल्लो समय संक्रमण नियन्त्रणमा रहेको पशुसेवा विभागले बताए पनि क्षति व्यहोरेका किसानलाई राहत उपलब्ध गराउन बजेट विनियोजन नहुँदा अन्योल भएको हो।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले लम्पी स्किनको राहत उपलब्ध गराउन मापदण्डसहितको प्रतिवेदन प्रधानमन्त्री कार्यालय र बजेट विनियोजनका लागि अर्थ मन्त्रालयमा पेस गरेको सात महिनाभन्दा बढी बितिसकेको छ। कृषि मन्त्रालयले पठाएको मापदण्डअनुसार पीडित किसानलाई राहत दिन कम्तीमा २६ करोड चाहिन्छ। मन्त्रालयले लम्पी स्किन रोगबाट पीडित किसानलाई क्षतिअनुसार पाँच हजारदेखि २० हजार रुपैयाँसम्म क्षतिपूर्ति दिने प्रस्ताव पठाएको छ। लम्पी स्किनको संक्रमण ०७७ साल असारमा मोरङमा देखिएको हो। १५ लाख पशु संक्रमित हुँदा पशुको संख्या १५ लाख १९ हजार रहेको थियो। त्यसमध्ये उपचारपछि १३ लाख ९३ हजार पशु संक्रमणमुक्त भएको विभागको दाबी छ। त्यसयता खोप लगाउने पशुको संख्या करिब १५ लाख पुगेको विभागले जनाएको छ।

कृषि मन्त्रालयले किसानलाई मरेको पशुको संख्या, पशुको प्रकारलगायतका आधारमा राहत उपलब्ध गराउन मापदण्ड बनाएको छ। दुधालु गाई-भैंसीको मूल्य, पशुको उमेर, जातलगायतका आधारमा राहत वितरण गरिने प्रस्तावित मापदण्डमा उल्लेख छ।

राहत वितरण सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको समन्वयमा गरिने मापदण्डमा उल्लेख छ। मन्त्रालयका पशु शाखाका प्रमुख डा. तपेन्द्रप्रसाद बोहराले अर्थ मन्त्रालयबाटै बजेट निकास नहुँदासम्म राहतको विषयमा केही भन्न सक्ने अवस्था नभएको बताए। उनले भने, 'हामीले प्रस्ताव पठाएका छौं, खै के कारणले मन्त्रालयले चासो देखाएकै छैन, यसो हेर्दा केही समय अझै लाग्ने देखिन्छ।'

# उद्योगीको चुनौती– प्रमाण देऊ, पैसा लैजाऊ

## प्राधिकरण भन्छ– आवश्यक परे प्रमाण देखाउँछौं, व्यक्तिलाई दिँदैनौं

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

उद्योगीहरूले टाइम अफ डे (टिओडी) मिटरको तथ्यांक (प्रमाण) दिएमा मात्रै डेडिकेटेड फिडर र ट्रंक लाइन प्रिमियम बक्यौता तिर्ने अडान लिएका छन्। यसबापतको प्रिमियम महसुल नतिरेको भन्दै प्राधिकरणले शुक्रबारदेखि उद्योगहरूको लाइन काट्न थालेको चार दिनपछि उद्योगीहरूले प्रमाणका आधारमा मात्रै बक्यौता तिर्ने घोषणा गरेका हुन्। प्राधिकरणले हालसम्म नौ उद्योगको लाइन काटिसकेको छ।

सोमबार काठमाडौंमा नेपाल उद्योग परिसंघले आयोजना गरेको पत्रकार सम्मेलनमा नेपाल सिमेन्ट उत्पादन संघका अध्यक्ष ध्रुव थापाले प्रमाण दिए मात्रै बक्यौता भुक्तानी गर्ने बताए। 'प्राधिकरणले छुट बिल भनेर डेडिकेटेड फिडर र ट्रंक लाइनको प्रिमियम शुल्कको बिल पठाएको छ। त्यसरी बिजुली प्रयोग गरेका उद्योगले भुक्तानी पनि गरेका छन्। तर, अहिले बक्यौता देखाइएका ६१ उद्योगले त्यसरी विद्युत् प्रयोग गरेका छैनन्। प्राधिकरणलाई टिओडी मिटरको तथ्यांक देखाउनुस्, पैसा दिन्छौं भनेका पनि छौं,' उनले भने, 'तर, प्राधिकरणले त्यस्तो प्रमाण हामीलाई दिएको छैन। बिनाप्रमाण हामी पैसा दिन तयार छैनौं।'

नेपाल उद्योग वाणिज्य महासंघले पनि सोमबार विज्ञप्ति जारी गर्द टिओडी मिटरका आधारमा उद्योगीहरू रकम तिर्न तयार रहेको उल्लेख गरेको छ। टिओडी मिटरमा विद्युत् प्रयोगसम्बन्धी सम्पूर्ण तथ्यांक हुन्छ। यो घरहरूमा प्रयोग हुनेजस्तो सामान्य प्रकृतिको हुँदैन। कुन समयमा कति भोल्टेजमा विद्युत् आयो, कति युनिट विद्युत् खपत भयो, कतिपटक लाइन गयो ? भन्नेलगायतका विषयमा विस्तृत तथ्यांक हुन्छ। जुन तथ्यांक प्राधिकरणले हरेक वर्षको चैतमा डाउनलोड गरेर राख्नुपर्छ। सोही तथ्यांक उद्योगीहरूले माग्दै आएका हुन्।

प्राधिकरणले लोडसेडिङको समयमा उद्योगहरूलाई ६५ प्रतिशत प्रिमियम शुल्कमा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट न्यूनतम २० घण्टा विद्युत् दिएको थियो। त्यसबापत प्राधिकरणले प्रिमियम मूल्यसहित बिल पठाए पनि उद्योगीहरूले डेडिकेटेड फिडर र ट्रंक लाइनमार्फत बिजुली प्रयोग नगरेको दाबी गर्दै आएका छन्। यद्यपि, प्राधिकरणले त्यसको तथ्यांक दिएमा बक्यौता तिर्न तयार रहेको उद्योगहरूको भनाइ छ। प्राधिकरणका अनुसार ६१ उद्योगको २१ अर्ब ८७ करोड ८५ लाख बक्यौता छ। ब्याज र जरिवानासहित त्यो २७ अर्ब हाराहारी पुगेको छ।

### ■ पुस ०७२ देखि वैशाखा ०७५ सम्मको बक्यौता विवाद

यसमा साउन ०७२ देखि पुस ०७२ सम्म, पुस ०७२ देखि वैशाख ०७५ सम्म र जेठ ०७५ देखि जेठ ७७ सम्म गरेर तीन चरणको विवाद छ। प्राधिकरणले प्रचलित मूल्यभन्दा ६५ प्रतिशत बढी मूल्यमा साउन ०७२ देखि उद्योगहरूमा डेडिकेटेड र ट्रंक लाइनमार्फत बिजुली दिन सुरु गरेको थियो। तर, कानुनअनुसार प्राधिकरणलाई विद्युत् महसुल दर तोक्ने अधिकार थिएन, छैन। त्यसैले प्राधिकरणले असार ०७२ मा निर्धारण गरेको डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल दर २९ पुस ०७२ मा तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले अनुमोदन गरेको थियो। त्यसमा आयोगले अनुमोदन गरेको मितिभन्दा अघिको बक्यौता नतिर्ने उद्योगीको अडान छ।

साथै, लोडसेडिङ अन्त्य भएपछिको अवधिको बक्यौता पनि नतिर्ने उनीहरूको जिकिर छ। वैशाख ०७५ मा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल दर खारेज नभएको भन्दै उद्योगहरूमा प्रिमियमसहितको बिल पाठएको थियो। पछि ०७७ असारमा नयाँ विद्युत् महसुल दर आएपछि प्राधिकरणले यस्तो बिल काट्न छाडेको हो। लोडसेडिङ अन्त्य भएको अवस्थामा जेठ ०७५ पछिको बक्यौता नतिर्ने उद्योगीको अडान छ। प्रमाण भएको अवस्थामा २९ पुस ०७२ देखि वैशाख ०७५ सम्मको अवधिको बक्यौता तिर्ने सिमेन्ट उत्पादन संघका अध्यक्ष थापाले बताए।

### ■ प्राधिकरणको दाबी : अर्बौंको बिल हचुवामा काटेको होइन

विद्युत् प्राधिकरणले तथ्यांककै आधारमा प्रिमियमसहितको बिल काटेको दाबी गरेको छ। प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले यतिका ठूलो रकमको बिल हचुवाका भरमा नकाटेको बताए। 'टिओडी मिटर र लससिटका आधारमा उक्त बिलहरू काटिएको हो। उक्त तथ्यांकलाई प्राधिकरण र मन्त्रिपरिषद्ले बनाएका दुई छुट्टाछुट्टै समितिले नै मान्यता दिएका थिए। प्राधिकरणजस्तो संस्थाले अर्बौंको बिल हचुवामा काट्दैन। एकदमै गहिरो अध्ययन गरेर बिल काटिएको छ,' उनले भने, 'हामीसँग प्रतिउद्योग दुई सय पाना हाराहारीमा प्रमाण सुरक्षित छ। आवश्यक पर्ने ठाउँमा त्यो तथ्यांक देखाउन तयार छौं। तर, कुनै व्यक्तिले माग्यो भन्दैमा दिने कुरा आउँदैन।'

यद्यपि, सैद्धान्तिक विषयमा द्विविधा हुन सक्ने उनले बताए। 'हामीले तीन वर्षअघि नै यो बिल दिएको हो। त्यसवेला उहाँहरूले किन प्रमाण खोज्नुभएन ? किन कानमा तेल हालेर बस्नुभयो। चित्त नबुझेमा प्राधिकरणको पुनरावलोकन समितिमा उजुरी गर्न पनि सकिन्छ, त्यो पनि गर्नुभएको छैन,' उनले भने, 'अहिले पनि प्राधिकरणको सम्पर्क तथा प्रक्रियामा आउनुभएको छैन, यसरी त समाधान हुँदैन नि।'



विद्युत् महसुल विवादको विषयमा नेपाल उद्योग परिसंघले गरेको पत्रकार सम्मेलन

### मध्यमार्गी उपाय खोज्न प्राधिकरण र उद्योगी तयार

उद्योगीहरू विद्युत् महसुल विवादलाई समाधान गर्न मध्यमार्गी उपाय खोज्न तयार पनि देखिएका छन्। महासंघले सोमबार नै विज्ञप्ति जारी गरेर उच्चस्तरीय अधिकारसम्पन्न आयोग गठन गरेर समाधान गर्नुपर्ने धारणा सार्वजनिक गरेको छ। परिसंघको पत्रकार सम्मेलनमा पनि अधिकांश उद्योगीले मध्यमार्गी उपाय खोज्न तयार रहेको बताएका छन्।

परिसंघका अध्यक्ष राजेश अग्रवालले लाइन काटिएका उद्योगहरूमा तत्काल बिजुली आपूर्ति सुरु गरेर समस्या समाधन गर्नतर्फ लाग्नुपर्ने बताए। छलफलमार्फत नै यसलाई समाधान गर्नुपर्ने उनको भनाइ छ। यसैगरी, सर्वोत्तम सिमेन्टका लगानीकर्ता विष्णु न्यौपानेले पनि कमिटी बनाएर समस्या समाधानमा लाग्नुपर्ने बताए। 'यो विवाद लम्ब्याउनुहुँदैन। त्यसको समाधान गर्न एउटा विशेष समिति बनाउनुपर्छ। त्यसमा प्राधिकरण र सरकारको मान्छे मात्रै हुनुहुँदैन। हामी उद्योगीको पनि सहभागिता हुनुपर्छ। नभए छुट्टै स्वतन्त्र कमिटी बनाउनुपर्छ,' उनले भने, 'अनि यसको समाधानका लागि उचित विकल्प निकाल्नुपर्छ।'

यता प्राधिकरण पनि यस विवादलाई मध्यमार्गी उपायमार्फत समाधान गर्ने पक्षमा पनि छ। तर, यसका लागि उद्योगीहरू प्रक्रियामा आउनुपर्ने प्राधिकरणको भनाइ छ। 'हाम्रो तर्फदेखि उद्योगीलाई किस्ताबन्दीसम्मको समस्या दिन सक्छौं। यसका अलावा विद्युत् नियमन आयोग, ऊर्जा मन्त्रालयजस्ता माथिल्लो निकायले कुनै विशेष निर्देशन दिन्छ भने मान्न तयार छौं,' प्राधिकरणका एक उच्च अधिकारीले भने, 'तर, उद्योगीहरू प्रक्रियामा आउनुपर्छ।'

### ■ निजी क्षेत्रमा देखिएन एकमत

आर्थिक शिथिलताबीच उद्योगको लाइन काटिँदा निजी क्षेत्रमा भने एकता नभएको देखिएको छ। यसै पनि निजी क्षेत्रले चार दिनपछि आएर यसको प्रतिक्रिया दिएका छन्। आइतबार नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघलगायतका निजी क्षेत्रका संगठनले संयुक्त पत्रकार सम्मेलन गर्ने तयारी थियो। तर, सोमबार महासंघले एकल रूपमा छुट्टै विज्ञप्ति जारी गर्दै आयोग बनाएर समाधान गर्नुपर्ने धारणा सार्वजनिक गऱ्यो। त्यसपछि परिसंघले सोमबार साँझ छुट्टै पत्रकार सम्मेलन गरेर आफ्नो धारणा सार्वजनिक गरेको हो। 'आइतबार साँझसम्म महासंघ र परिसंघलगायतका संस्थाले संयुक्त रूपमै विज्ञप्ति जारी गर्ने योजना थियो। तर, सोमबारसम्म आउँदा हामीमा एकमत देखिएन,' एक उद्योगीले भने, 'त्यसैले हामीले छुट्टाछुट्टै बाटो अपनाउन बाध्य भयौं।'

# तालिम शुल्क चार गुणा वृद्धि गर्ने श्रममन्त्रीको निर्णयप्रति श्रमिक संघको आपत्ति

**काठमाडौं**/ नेपाल ट्रेड युनियन कांग्रेसले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई नेपाली श्रमिकको घाउमा नुनचुक छर्ने खालका विरोधाभासपूर्ण निर्णय तत्काल फिर्ता लिन आग्रह गरेको छ। श्रममन्त्री शरत्सिंह भण्डारीले श्रमिकको हितविरुद्ध गरेको निर्णयका विषयमा प्रकाशित समाचार सार्वजनिक भएपछि युनियनले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै यस्तो आग्रह गरेको हो।



श्रममन्त्री शरत्सिंह भण्डारी

सट्टा विभिन्न बहानामा आर्थिक भार बढाएको ट्रेड युनियनले आपत्ति जनाएको छ। त्यस्तै, रिटर्नी फेडेरेसन नेपालले वैदेशिक रोजगार बोर्डको रकम फेमिस अपेडटका लागि प्रयोग गर्न गरिएको निर्णयप्रति विरोध गरेको छ। नेपालले यो निर्णय कार्यान्वयन नगर्न श्रम मन्त्रालयमा ज्ञापनपत्र बुझाएको छ। फेडेरेसनले कामदारको कल्याणबाहेक कुनै पनि बहानामा अन्यत्र खर्च गर्न नपाइने स्पष्ट पारेको छ।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले लिने पूर्वअभिमुखीकरण तालिमको शुल्कमा चार गुणा वृद्धि, ईपिएस कोटामा कोरिया जाने श्रमिकलाई एलजीको पोस्टपेड सिम र अंग्रेजी भाषा अनिवार्य उत्तीर्ण गर्नुपर्ने निर्णयप्रति ट्रेड युनियन कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। राज्यले आफ्ना नागरिकलाई देशभित्र नै मर्यादित रोजगारी सिर्जना गर्नुपर्ने पक्षमा रहेको युनियनले विज्ञप्तिमा उल्लेख गरेको छ। साहुको चर्को ब्याज र आफ्नो खेतबारी बन्दकी राखी वैदेशिक रोजगारीमा जान बाध्य युवाहरूलाई सहज बनाउनुको वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २५ को उपनियम (२) का अनुसार बोर्डमा जम्मा हुने रकममध्ये २५ प्रतिशत रकम वैदेशिक रोजगार व्यवसाय प्रवर्द्धनमा खर्च गर्न पाउने विभागलाई अधिकार दिइएको छ। उक्त रकम खर्च गर्न सक्ने अवस्था विद्यमान हुँदाहुँदै नियम मिचेर श्रमिकको कल्याणकारी क्षेत्रमा मात्र खर्च गर्न मिल्ने कोषको रकम वैदेशिक रोजगार व्यवसायको व्यवस्थापन पक्षमा खर्च गरिनु सर्वथा अनुचित तथा कामदारप्रति कुठाराघात भएको फेडेरेसनले जनाएको छ।

मकै जोन संकटमा

# हाइब्रिड मकै किसानलाई सधैं रासायनिक मल अभाव



**सर्लाहीमा श्रवण थापा**

हाइब्रिड जातको मकै उत्पादन अत्यधिक हुँदै आएको सर्लाहीमा हरेक वर्ष सिजनमा मलखादको अभाव हुने गरेको छ। हाइब्रिडको मकै राम्रो उत्पादन हुने क्षेत्रका किसानले हरेक सिजनमा मलखादको हाहाकारबीच खेती गर्नुपरेको गुनासो गरेका छन्। मलखाद अभावकै कारण जिल्लाको बागमती र बरहथवा क्षेत्रमा कायम गरिएको मकै जोन परियोजनासमेत संकटमा परेको छ। समयमा आवश्यक रासायनिक मलखाद तथा सिँचाइ भए मात्र हाइब्रिड जातको मकै राम्रो उत्पादन हुने बागमती नगरपालिका-५ का किसान सन्तबहादुर विश्वकर्माले बताए।

अत्यधिक उत्पादन हुने तथा आम्दानीसमेत राम्रो हुने भएपछि स्थानीय किसान हाइब्रिड मकै खेतीतर्फ आकर्षित भएको कृषक रामबहादुर कार्कीले बताए। 'अहिले मकै गोडेर युरिया मल हाल्ने र पानी पटाउने समय भएको छ। तर, रासायनिक मलको अभाव छ,' उनले भने, 'कृषि समूहबाट मल दिने भन्छन्। किसानलाई बोराले पुगेको छैन। किलोमा दिएर के गर्नु ? हात्तीको मुखमा जिरा !'

मल अभावका कारण किसानले मकै गोड्नसमेत नपाएको बागमती नगरपालिका-१० का वडाध्यक्ष जुगैर शेषले बताए। 'मकैमा माटो चढाएपछि रासायनिक मल र पानी अनिवार्य हाल्नुपर्छ,' उनले भने, 'मलखाद आएको खबर आएको छ। तर, किलोमा भाग लगाउनुपर्ने रे ! यहाँ प्रतिकिसान चारदेखि पाँच बोरा रासायनिक मलको माग छ। यति थोरै मलखाद किसानले कहाँ-कहाँ हाल्नु ?'

सर्लाहीको बागमती र बरहथवा क्षेत्रलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत मकै जोन घोषणा गरिएको बागमती नगरपालिका कृषि शाखाका हिमाल शाहीले जानकारी दिए। तर, किसानले सामान्य मलखादको सुविधासमेत नपाएको उनले स्वीकार गरे। जोनका रूपमा विस्तार गरिएको क्षेत्रमा गुणस्तरीय बिउबिजन तथा आवश्यकताअनुसार मलखाद दिन नसकेको उनले बताए। 'यहाँ हजारौं हेक्टर क्षेत्रफलमा मकै खेती हुँदै आएको छ,' उनले भने, 'किसानलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत विभिन्न उपकरण वितरणदेखि खेती प्रणालीका बारेमा प्रशिक्षणसमेत प्रदान गरिएको छ। तर, चाहिएको सिजनमा मलखाद किसानले कहिल्यै पाएका छैनन्।' स्थानीय किसानले कालोबजारीलगायतबाट मलखाद किनेर भए पनि मकै उत्पादनको हिसाबले जोन कायम भइरहेको उनको भनाइ छ।

जिल्लाको उत्तर-पश्चिम क्षेत्र कर्मैया, राजघाट, शंकरपुर, हजरिया, बरहथवा, मुर्तिया, जानकीनगरलगायतका किसानले प्रत्येक वर्ष तीनवटासम्म बाली भित्र्याउने गरेका छन्। उनीहरूले दुई बाली हाइब्रिड मकै र एक बाली धान लगाउने गरेका छन्। त्यसका लागि प्रतिकट्ठा २७ देखि ३० किलोग्राम युरिया आवश्यक पर्ने कृषि ज्ञानकेन्द्र सर्लाहीले उल्लेख गरेको छ। तर, सरकारी अनुदानमा किसानले मुस्किलले २० प्रतिशत मात्र मल प्राप्त गर्ने गरेका छन्।

कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेड लिंकले सहकारीमार्फत किसानलाई अनुदानको मलखाद वितरण गर्दै आएका छन्। मलखाद २० वटै पालिकामा दामासाही भाग लगाएर वितरण गर्ने गरिएको कृषि सामग्री कम्पनी लिमिटेड सर्लाही शाखा प्रमुख ध्रुवप्रसाद साहले बताए। तर, उपलब्ध नै कम रहेकाले पर्याप्त वितरण गर्न नसकिएको उनले बताए।

# लगानी सम्मेलन सार्ने तयारी

## निर्धारित मितिभन्दा एक सातापछि लगानी सम्मेलन गर्नुपर्ने अर्थ मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्मा

**नयाँ पत्रिका**

सरकारले तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलनको मिति सार्ने तयारी गरेको छ। यसअघि ९ र १० वैशाखमा तय भइसकेको मितिमा अर्थमन्त्रीले नभ्याउने भएपछि मन्त्रालयले नयाँ मिति प्रस्ताव गरेको हो। संयुक्त राज्य अमेरिकाको राजधानी वासिङटन डिसीमा हुन गइरहेको विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्राकोषको वार्षिक बैठक सोही समयमा पर्ने हुँदा सम्मेलनको मिति सार्न लागेको अर्थ मन्त्रालयका अधिकारीले जनाएका छन्।

सो बैठकमा अर्थमन्त्रीले सहभागिता जनाउनुपर्ने भएकाले एक सातापछिको मिति प्रस्ताव गरिएको छ। विश्व बैंकको स्प्रिङ मिटिङ ७ वैशाखदेखि ९ गतेसम्मलाई निर्धारण गरिएको छ। मन्त्रालयका एक अधिकारीले भने, 'निर्धारित मितिभन्दा एक सातापछि १६ र १७ वैशाखमा प्रस्ताव गरिएको छ। मन्त्रीज्यूको सोही अवधिमा बैठकमा सहभागी हुन जानुपर्ने भएकाले मिति संशोधन प्रस्ताव गरिएको हो।'

लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले यसअघि निर्धारण गरिएको सम्मेलनको मिति सार्ने विषयमा छलफल भएको बताए। उनले भने, 'यसको प्रस्ताव अर्थ मन्त्रालयबाट जाने भएकाले बोर्डलाई आधिकारिक जानकारी आएको छैन। सार्ने हुँदा पनि पहिलेको मितिभन्दा वरपर हुँदैन। हामी त सोही मितिका लागि तयारी गरिरहेका छौं।'



२३ कात्तिकमा बसेको मन्त्रिपरिषद्को बैठकले वैशाख ९ र १० मा लगानी सम्मेलन गर्ने निर्णय गरेको थियो। बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृतसमेत रहेका राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सम्मेलनका लागि निकै छोटो अवधि रहेको भन्दै सार्नुपर्ने सुझाव राखेका थिए। आफ्नै कार्यकालमा लगानी सम्मेलन गर्दाको अनुभव प्रस्तुत गर्दै उनले प्रि-इभेन्टहरू गर्ने समय अपर्याप्त रहेको बताएका थिए। त्यसपछि अर्थमन्त्री डा. प्रकाशशरण महतले मितिमा फेरबदल हुन सक्नेसमेत जानकारी गराएका थिए।

पहिलो लगानी सम्मेलन सन् २०१७ मा भएको थियो। त्यतिवेलामा १७.७४ अर्ब अमेरिकी डलरको लगानी प्रतिबद्धता आएको थियो। सन् २०१९ मा आयोजना गरिएको सम्मेलनमा ७० वटा लगानीका आवेदन प्राप्त भएका थिए।

सम्मेलनको तयारीका लागि अर्थमन्त्री डा. प्रकाशशरण महतको संयोजकत्वमा निर्देशक समिति गठन भइसकेको छ। जसमा परराष्ट्र, ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, उद्योग, वाणिज्य तथा आपूर्ति, संघीय मामिला तथा सामान्य प्रशासन, कृषि तथा पशुपक्षी विकास र सहरी विकास मन्त्रालयका मन्त्रीहरू सदस्य छन्। यसमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, मुख्यसचिव, नेपाल राष्ट्र बैंकका गभर्नरसमेत सदस्य छन्।

त्यस्तै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्तिका सचिव सदस्य छन्। निजी क्षेत्रको प्रतिनिधित्व रहने गरी नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सका अध्यक्षसमेत सदस्य छन्।

लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सदस्य सचिव छन्। उद्योग सचिवको संयोजकत्वमा प्राविधिक समिति गठन भएको छ। यसमा मन्त्रालयका सहसचिवस्तरका अधिकारीहरू सदस्य छन् भने राष्ट्र बैंकका कार्यकारी निर्देशक पनि सदस्य छन्। त्यसबाहेक लगानी बोर्डका सहसचिव यो समितिका सदस्य सचिव छन्।

# विश्वका ठूला हतियार उद्योग घाटामा

**०२२ मा विश्वका सय ठूला हतियार कम्पनीको व्यापार २२ अर्ब डलरले घटेको छ, २०२१ मा यी कम्पनीको कुल व्यापार ६ खर्ब १९ अर्ब डलर हाराहारी थियो, स्कटहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री)ले हालै सार्वजनिक गरेको रिपोर्टमा सन् ०२२ मा विश्वका सय ठूला हतियार कम्पनीको व्यापार ३.५ प्रतिशत घटेको उल्लेख छ।**

रुस-युक्रेन युद्ध सुरु भएको २१ महिना पुगेको छ। सो युद्धपछि विश्वभर हतियारको माग बढ्न थाल्यो। तर, यति हुँदा पनि गत वर्ष (सन् २०२२ मा) विश्वका १०० वटा ठूला हतियार कम्पनीको व्यापारमा भने कमी आएको देखिएको छ। स्कटहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री)ले हालै सार्वजनिक गरेको रिपोर्टमा सन् ०२२ मा विश्वका सय ठूला हतियार कम्पनीको व्यापार ३.५ प्रतिशत घटेको उल्लेख छ।

गत वर्ष यी कम्पनीले पाँच खर्ब ९७ अर्ब डलरभन्दा बढीको हातहतियार बिक्री-वितरण गरेका थिए। तर, सन् २०२१ मा यी कम्पनीले कुल ६ खर्ब १९ अर्ब हाराहारीको व्यापार गरेका थिए।

'रुस-युक्रेनमाथि आक्रमण र वैश्विक भूराजनीतिक तनावका कारण सन् २०२२ मा हतियार तथा सैन्य उपकरणको माग वृद्धि भयो,' रिपोर्ट जारी गर्दै सिप्रीले लेखेको छ, 'तर, नयाँ अर्डर पाएर पनि कैयौँ अमेरिकी तथा युरोपेली हतियार कम्पनीले श्रमशक्तिको अभाव, बढ्दो लागत र आपूर्ति शृंखलाको व्यवधानले उत्पादन क्षमता वृद्धि गर्न सकेनन्।'

गत वर्षको फेब्रुअरीमा रुसले युक्रेनमाथि हमला गरी युद्धको निम्ता दियो। त्यसैलाई हेरेर पनि कैयौँ देशले आफ्नो सुरक्षा थप मजबुत बनाउने नाममा रक्षामा अत्यधिक खर्च गर्ने घोषणा गरे। यसले हतियार र अन्य सैनिक उपकरणको मागमा अकस्मात् वृद्धि देखिएको थियो।



## आपूर्ति शृंखलाको असर

सिप्रीको रिपोर्टलाई हेर्दा हतियार कम्पनी बढ्दो माग पूर्ति गर्न तयार भएका देखिँदैनन्। आपूर्ति शृंखला समस्या र उत्पादन क्षमतामा देखिएको चुनौतीका कारण हतियार उत्पादन गर्ने कम्पनी मागअनुसारको उत्पादन गर्न सकिरहेका छैनन्।

सिप्रीमा हतियारमाथि शोध गर्ने शाखाकी निर्देशक लुसी बेरुद सुड्चुका अनुसार अधिकांश कम्पनी भीषण युद्धका लागि हतियार उत्पादन गर्ने चुनौतीसँग जुधिरहेका छन्। कम्पनीले पहिल्यैदेखि धेरै हतियारका उत्पादनको अर्डर लिएको र त्यसमा बमबारुदको अर्डर बढेको सिप्री बताउँछिन्। साथै, भविष्यमा यी कम्पनीको व्यापार बढ्ने उनको आकलन छ। सन् ०२२ मा आएको गिरावटपछि पनि सन् २०१५ को तुलनामा ती सय ठूला कम्पनीको उत्पादन भने उल्लेख्य बढेको छ।

## समस्यामा अमेरिकी कम्पनी

धेरै व्यापारमा घाटा व्यहोर्नेमध्ये अमेरिकी र रुसी कम्पनी छन्। रिपोर्टका अनुसार अमेरिकी कम्पनीले सन् ०२२ मा कुल तीन खर्ब दुई अर्ब डलरको व्यापार गरेका छन्। यो सन् २०२१ को तुलनामा ७.९ प्रतिशतले कमी हो।

अमेरिकी कम्पनीले आपूर्ति शृंखला (सप्लाई चेन)मा समस्या भेलिरहेका छन्। रिपोर्टमा सहभागी कम्पनीहरूको कुल व्यापारमध्ये आधा अमेरिकी कम्पनीको हिस्सा छ। त्यसपछि चिनियाँ कम्पनी छन्। चीनको कुल राजस्वमा १८ प्रतिशतको हिस्सा छ।

अमेरिकी हतियार कम्पनी पहिलेदेखि लिएको अर्डर पूरा गर्न लागिपरेका छन्। तर, रुस-युक्रेन युद्धबीच अकस्मात् बढेको मागले उनीहरूको व्यापारमा कुनै वृद्धि नदेखिएको पनि रिपोर्टमा उल्लेख छ। उदाहरणका लागि जनरल डाइनामिक्सलाई लिन सकिन्छ। उक्त कम्पनी १५५ मिलिमिटर तोपको गोली बनाउने एक मात्र निजी अमेरिकी कम्पनी हो। युक्रेन युद्धमा यसको प्रयोग भएको छ। तैपनि, गत वर्ष उसको आम्दानीमा ५.६ प्रतिशतले कमी देखियो। मिसाइल र सैन्य विमान निर्माता कम्पनी लकहिड मार्टिनले एक खर्ब ५० अर्ब डलरकै पुरानो माग अझै पूरा गर्न सकेको छैन। गत वर्ष मार्टिनको आम्दानीमा ८.९ प्रतिशतले गिरावट आयो।

## एसियाली कम्पनीलाई फाइदा

रुसी कम्पनीबाट कम सूचना उपलब्ध हुँदा रिपोर्टमा दुई रुसी कम्पनी मात्रै सहभागी गरेको रिपोर्टमा उल्लेख गरिएको छ। यी दुई कम्पनीको कुल व्यापार १२ प्रतिशतले घटेको छ। तर, जर्मन कम्पनीको व्यापार भने पहिल्यैदेखि बढेको छ। सिप्रीको सूचीमा सामेल चार जर्मन कम्पनी राइनमेटाल, थाइजेनक्रुप, हेनसल्ट र डिलको व्यापार औसत १.१ प्रतिशत बढेको छ। एयरबसजस्तो अन्तर्राष्ट्रिय कम्पनीको व्यापार ९.६ प्रतिशले वृद्धि भई करिब २० अर्ब डलर पुगेको छ।

मध्यपूर्व र पूर्वी एसियाली कम्पनीको हातहतियार व्यापार बढेको रिपोर्टले देखाउँछ। इजरायली कम्पनी राफाएल, टर्किस कम्पनी बेकर र दक्षिण कोरियाली कम्पनी हुन्डाई रोटेमको व्यापार वृद्धि भएको छ। रिपोर्टले यसको प्रमुख कारण युरोपबाट आएको माग भएको उल्लेख गरेको छ।

त्यसैगरी, ड्रोन निर्माता कम्पनी बेकरको व्यापार सबभन्दा बढी अर्थात् ९४ प्रतिशतले वृद्धि भएको छ। घरेलु माग र स्थानीय आपूर्तिकर्ताले एसियाली कम्पनीलाई गत वर्ष आपूर्ति शृंखलाको संकटबाट बचाएको सिप्रीका शोधकर्ता साओ लियाङको भनाइ छ। चीन, भारत, जापान र ताइवानमा त्यहाँको सरकारको सैन्य आधुनिकीकरण प्रयासले हतियार उत्पादन गर्ने कम्पनीलाई फाइदा पुगेको छ।

● एजेन्सीको सहयोगमा **मीनराज बसन्त**

# गुल्मीका चार स्थानीय तहमा खाद्य डिपो सञ्चालन



गुल्मीमा **टोपलाल अर्याल**

मुख्य बजार तम्घासबाट मालिका गाउँपालिका टाढा छ। आफ्नै केन्द्रबाट पनि लामो दूरीमा वडा र गाउँहरू छन्। जसका कारण नागरिकले सहुलियतमा गुणस्तरीय खाद्य उपयोग गर्न पाएका छैनन्। पहिले त सबै ठाउँमा सडकको राम्रो पहुँच पनि थिएन। बर्सातले सडक बन्द हुँदा भोकमरी हुने स्थिति थियो। पहिलेको अवस्थामा अहिले केही सुधार आए पनि मूल्यअनुसारको गुणस्तरीय खाद्यान्न उपलब्धताको सुनिश्चितता छैन। सोही कारण गाउँपालिकाले खाद्य डिपो सञ्चालनमा ल्याएको छ।

मालिका गाउँपालिका-४ को अर्खाबाङमा स्थापना भएको खाद्य डिपोले गुणस्तरीय खाद्यान्न सुपथ मूल्यमा बिक्री गर्नुका साथै रैथाने बाली खरिद तथा प्रवर्द्धन गर्ने मालिका गाउँपालिकाका अध्यक्ष देवीराम अर्यालले बताए। उनका अनुसार गाउँपालिकाले गत वर्षदेखि आलुको ब्रान्डिङ र बजारीकरण सुरु गरेको छ। अब डिपोमार्फत नै बजार पठाउने योजना गाउँपालिकाको छ।

रेसुंगा नगरपालिकाको हाटबजार, मदाने गाउँपालिका-२ को बाँझकटेरी, मालिका गाउँपालिका-४ को अर्खाबाङ, रुरु क्षेत्र गाउँपालिका-४ को बलेटक्सारमा खाद्य डिपो स्थापना भएर सञ्चालनमा आएका हुन्। नेपाल सरकारको पूर्ण स्वामित्वप्राप्त खाद्य व्यावस्था तथा व्यापार कम्पनी लिमिटेडले तम्घासमा शाखा विस्तार गरेसँगै पालिकामा खाद्य डिपो सञ्चालन गरिएको हो। खाद्य सुरक्षाको सुनिश्चितताका योगदान दिने, खाद्यान्नको अभावमा जीवन जोखिमको न्यूनीकरण गर्ने र महामारी तथा प्रकोपमा खाद्यान्न अभाव हुन नदिने उद्देश्यले खाद्य डिपो स्थापना गरिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड गुल्मी शाखाकी शाखा अधिकृत पुष्पा पाण्डेयले जानकारी दिइन्। प्रत्येक डिपोमा एक स्थायी र एक अस्थायी कर्मचारी परिचालन भएका छन्। अहिले खाद्य डिपोबाट चामल बिक्री भइरहेको छ। केही दिनमै चामलसहित दाल, नुन, तेल, चिनीलगायतका सबै खाद्य सामग्री सुपथ मूल्यमा बिक्री गरिने शाखा प्रमुख पाण्डेयले बताइन्। सरकारले खाद्यान्न निःशुल्क ढुवानी गर्ने भएकाले नागरिकले ५ देखि ७ प्रतिशतसम्म सहुलियतमा खाद्यान्न प्राप्त गर्नेछन्। उनले डिलरलाई ५ र सहकारीलाई ७ प्रतिशत सस्तोमा खाद्य सामग्री बिक्री गर्ने बताइन्।

मालिका र इस्मामा कोदो पनि प्रशस्त पाइन्छ। तर, राम्रो बजार र मूल्य नहुँदा किसानको मिहिनेत खेर गइरहेको छ। अब खाद्य डिपोले लयमा काम गर्न सके स्थानीयका लागि निकै फाइदा हुने पालिका प्रमुख अर्यालले बताए। बुटवल र तम्घासबाट गाउँ ढुवानी धेरै हुने भएकाले खाद्य सामग्री महँगो पर्छ। तर, डिपोसम्म सरकारले ढुवानी गर्ने भएपछि नागरिकले सस्तोमा गुणस्तरीय खाद्यान्न उपयोग गर्न पाउने उनले बताए।

घरदैलोमै डिपो खुलेर सस्तोमा खाद्यान्न पाएपछि निकै खुसी लागेको मालिका गाउँपालिका-४ का भेषबहादुर केसीले बताए। जिल्लाका चार स्थानीय तहमा खाद्य डिपो सञ्चालन गरिएको छ। गाउँमा सस्तो मूल्यमा खाद्यान्य सामग्री पाइने भएपछि स्थानीय उत्साहित छन्। नागरिकले सोधीखोजी गर्ने र आफूलाई आवश्यक सामग्रीको प्रतीक्षा गरिरहेको रुरु क्षेत्र गाउँपालिका-४ की खाद्य डिपो प्रमुख एलिना देवकोटाले बताइन्।

# कञ्चनपुरका उखु किसानका लागि ३२ करोड ६६ लाख अनुदान

कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरका साढे पाँच हजारभन्दा बढी उखु किसानले अनुदान रकम पाउने भएका छन्। गत वर्ष उखु उत्पादन गरेबापत कञ्चनपुरका झन्डै ६ हजार उखु किसानले अनुदान रकम पाउने भएका हुन्।

कोष तथा लेखा नियन्त्रण कार्यालय कञ्चनपुरकी कोष नियन्त्रक सबिना वनले पाँच हजार सात सय ६३ उखु किसानका लागि ३२ करोड ६६ लाख अनुदान रकम वितरण गरिने बताइन्। उनका अनुसार गत आर्थिक वर्ष ०७९/८० मा उखु बिक्री गरेबापत जिल्लाका किसानले उक्त रकम पाउने भएका छन्।

कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीको संयोजकत्वमा रहेको भुक्तानी सिफारिस समितिले गरेको सिफारिसका आधारमा विभिन्न ६ बैंकमार्फत किसानले अनुदान रकम पाउने भएका हुन्। 'केन्द्रबाट उखु किसानका लागि अनुदान वितरणका लागि अख्तियार आइसकेको छ, 'कोष नियन्त्रक वनले भनिन्, 'दुवै उद्योगबाट प्राप्त विवरण र सिफारिस समितिले गरेको सिफारिसका आधारमा प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदान रकम वितरण हुन्छ।' उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखाले आर्थिक वर्ष ०७८/७९ मा उखुको समर्थन मूल्य प्रतिक्विन्टल पाँच सय २० रुपैयाँ तोकेको थियो।



कञ्चनपुरको बेलौरी नपा-१०, शिवनगरमा रहेको महाकाली सुगर मिलमा उखु बिक्रीका लागि लैजाँदै किसान।

केही दिनअघि मन्त्रिपरिषद् बैठकले उखु किसानको अनुदानको रकम भुक्तानी दिने निर्णय गरेको थियो। यो वर्ष उखुको मूल्य प्रतिक्विन्टल पाँच सय ६५ रुपैयाँ निर्धारण गरिएको छ।

जसअनुसार अब किसानले ७० रुपैयाँ अनुदानसहित ६ सय ३५ रुपैयाँ पाउने भएका छन्। बेलौरी नगरपालिका-१०, शिवनगरमा रहेको महाकाली सुगर इन्डस्ट्रिज प्रालि र पुनर्वास नगरपालिका-२, दशरथ बस्तीमा रहेको भागेश्वर केमिकल प्रालिमा गत वर्ष जिल्लाका उखु किसानले बिक्री गरेको उखुबापत यस वर्ष अनुदान रकम पाउन लागेका छन्।

कर्पोरेट

# पाण्डेले पाइन् 'एनसेल वुमन आइकन आइसिटी अवार्ड'

**नयाँ पत्रिका**

एनसेल वुमन आइकन आइसिटी अवार्ड- २०२३ सुनैना धिमिरे पाण्डेले पाएकी छिन्। काठमाडौंमा आयोजना गरिएको ग्रान्ड फिनाले कार्यक्रममा पाण्डेलाई यो अवार्ड प्रदान गरिएको हो।

सूचना प्रविधिको क्षेत्रमा २५ वर्षभन्दा लामो समयदेखि कार्यरत पाण्डे कम्प्युटर एसोसिएसन (क्यान) महासंघकी पहिलो महिला उपाध्यक्ष हुन्। जनरल टेक्नोलोजी प्राइभेट लिमिटेडकी प्रबन्ध निर्देशकसमेत रहेकी उनले क्यान महासंघको महासचिव र सचिवको पदमा रहेरसमेत काम गरिसकेको जनाइएको छ।

एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयकी सचिव प्रमिलादेवी बज्राचार्यले संयुक्त रूपमा पाण्डेलाई अवार्ड प्रदान गरेको कम्पनीले जनाएको छ।

महिलालाई सूचना प्रविधिको क्षेत्रमा प्रोत्साहन तथा उनीहरूले यो क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्न कम्पनीको विविधता, समानता र समावेशीकरण अर्थात् डाइभर्सिटी, इक्विटी एन्ड इन्क्लुसन (डिइआई) नीतिअनुरूप एनसेलले यो अवार्ड प्रदान गर्दै आएको जनाइएको छ। पुरस्कारको राशि तीन लाख रुपैयाँ रहेको उल्लेख छ। कार्यक्रममा एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले अरूका लागि प्रोत्साहन बनेका, प्रविधि र डिजिटल विकासमा योगदान पुऱ्याएका उनीजस्ता महिलाको सम्मान गर्न पाएकोमा खुसी व्यक्त गरेका थिए। पाण्डेले एनसेल वुमन आइकन आइसिटी अवार्डलेे आप्नो समर्पण, परिश्रम र सूचना प्रविधिको क्षेत्रमा उत्कृष्टता हासिल गर्ने इच्छाको सम्मान भएको बताइन्। यो अवार्ड आफ्नो कामको मात्र सम्मान नभई प्रविधिको परिवर्तनकारी क्षमतामा विश्वास गर्नेहरूको जोस, समर्पण र सामूहिक कार्यको कदर



भएको उनको भनाइ थियो।

यो वर्ष वुमन आइकन आइसिटी अवार्ड विधामा कुल ३४ जना मनोनयनमा परेको जनाइएको छ। जसमा सूचना प्रविधिको क्षेत्रमा पुऱ्याइएको योगदानका आधारमा तीन चरणको मूल्यांकनपश्चात् पाण्डेलाई अवार्डका लागि निर्णायकमण्डलले छानेको कम्पनीले जनाएको छ।

# राष्ट्रिय वाणिज्य बैंकले गऱ्यो सबैभन्दा बढी डिजिटल कारोबार

**काठमाडौं**/ राष्ट्रिय वाणिज्य बैंकले बैंकिङ कारोबारमा हाल प्रविधिमा आधारित डिजिटल कारोबारमा उल्लेख्य प्रगति गरेको छ। पूर्ण सरकारी स्वामित्वको राष्ट्रिय वणिज्य बैंकले नेपालका वाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी डिजिल कारोबार (विद्युतीय कारोबार) गर्न सफल भएको हो।

यसै सन्दर्भमा नेपालको भुक्तानी प्रणाली सञ्चालक नेपाल क्लियरिङ हाउस लिमिटेडले आफ्नो १५औँ वार्षिकोत्सवको अवसरमा राष्ट्रिय वाणिज्य बैंकलाई नेपालका बैंकमध्ये सबैभन्दा बढी डिजिटल कारोबार गर्ने बैंकका रूपमा सम्मान गरेको हो।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलाई राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सबैभन्दा बढी डिजिटल कारोबार गर्ने बैंकका रूपमा सम्मान गरेको बैंकले जनाएको छ।

सम्मान लिँदै बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले यो सफलता प्रविधिमा पर्याप्त लगानी गरेका कारणले हासिल भएको बताए। अब राष्ट्रिय वाणिज्य बैंक परम्परागत प्रणालीबाट डिजिटलाइजेसनतर्फ धेरै अघि बढिसकेको उनको भनाइ थियो। बैंकले



अन्तर्राष्ट्रियस्तरको उन्नत बैंकिङ प्रविधिमा आधारित कोर बैंकिङ सफ्टवेयर भित्र्याउन आइटी इन्फ्यान्स्मेन्ट रोडम्यापअन्तर्गत काम पनि गरिरहेको उनले बताए। बैंकले आधुनिक डिजिटल बैंकिङ सेवा प्रवाह गरिरहेकाले सबै ग्राहकलाई निर्धक्कसँग बैंकिङ सेवा प्रयोग गर्न आग्रह गरेका थिए।

बैंकले हाल ७७ वटै जिल्लाका सदरमुकामसहित देशैभर रहेका दुई सय ८५ शाखा, दुई सय ६९ एटिएम, ९९ शाखारहित बैंकिङ सेवा तथा ६९ एक्सटेन्सन काउन्टरमार्फत सेवा दिइरहेको जनाएको छ।

# जापानको 'जोजिरुसी'का उत्पादन नेपालमा

**काठमाडौं**/ जापानी कम्पनी 'जोजिरुसी'का उत्पादनहरू नेपाली बजारमा बिक्री सुरु भएको छ। आफ्नो ट्रेड कन्सर्न प्रालिले एक सय वर्ष पुरानो इतिहास भएको 'जोजिरुसी'का उत्पादनहरू नेपालमा बिक्री सुरु गरेको हो।

आफ्नो ट्रेड कन्सर्नले जोजिरुसीका उत्पादनहरू बिक्री गर्न सोमबारबाट ललितपुरको पुल्चोकमा रहेको लबिम मलको एल-६ मा स्टोर सञ्चालनमा ल्याएको जनाएको छ। उक्त स्टोरमा उपभोक्ताले आफैँले समान निरीक्षण गर्न र सामान प्रयोगका बारेमा स्टोरमा कार्यरत कर्मचारीबाट आवश्यक जानकारी लिन सक्ने कम्पनीले जानकारी दिएको छ। जोजिरुसीका मुख्य उत्पादनहरूमा राइसकुकर, ब्रेडमेकिङ मेसिन, पानी खाने बोतल, भ्याकुम इन्सल्टेड मग र बोतल, जारलगायतका रहेका छन्।



लामो इतिहास बोकेको कम्पनीबाट उत्पादित प्रडक्टहरू गुणस्तरीय, स्वास्थ्यमैत्री र टिकाउ रहेको आफ्नो ट्रेड कन्सर्नले दाबी गरेको छ। यसका उत्पादनहरू जापान, अमेरिका, सिंगापुर, युरोपलगायत विश्वका प्रमुख बजारहरूमा समेत उपलब्ध रहेको जनाइएको छ।

आफ्नो ट्रेड कन्सर्नले हाल विभिन्न प्रकारका राइसकुकर, ब्रेडमेकिङ मेसिनलगायतका सामग्री आयात गरी नेपाली उपभोक्तालाई उच्च गुणस्तरका वस्तुहरूको बिक्री-वितरण सुरु गरेको जानकारी दिएको छ।

# काठमाडौं विश्वविद्यालय र नेपाल प्रहरी अस्पतालबीच सहकार्य



**नयाँ पत्रिका**

काठमाडौं विश्वविद्यालय र नेपाल प्रहरी अस्पतालबीच चिकित्साशास्त्र अध्ययनमा सहकार्य गर्ने समझदारी भएको छ। समझदारीपत्रमा विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापा तथा नेपाल प्रहरीका महानिरीक्षक वसन्त कुँवरले हस्ताक्षर गरेका हुन्।

समझदारीअनुसार दुवै पक्षले चिकित्सा तथा सम्बन्धित क्षेत्रमा शिक्षा, अनुसन्धान तथा तालिम आयोजना गर्ने, विशेषज्ञ तथा प्राज्ञिक जनशक्ति आदान-प्रदान गर्ने, शैक्षिक कार्यक्रम विकासजस्ता कार्य गर्ने जनाइएको छ। समझदारी पाँच वर्षका लागि मान्य हुने गरी गरिएको विश्वविद्यालयले जनाएको छ।

समझदारी हस्ताक्षरपछि विश्वविद्यालयका उपकुलपति प्रा.डा. थापाले काठमाडौं विश्वविद्यालय र नेपाल प्रहरीबीचको सहकार्यले नेपालको चिकित्सा क्षेत्र सुदृढ बनाउनमा उल्लेखनीय सहयोग पुग्ने बताए। ०७२ सालको भूकम्प र कोभिड महामारीका वेला स्वास्थ्यकर्मीको महत्त्व उजागर भएको उनको भनाइ थियो। थापाले भने, 'अब प्रविधिको व्यापक प्रयोग गर्दै नेपालको चिकित्सा क्षेत्रलाई झनै चुस्त बनाउनुपर्ने आवश्यकता छ। त्यसतर्फ आजको सहकार्यले विशेष भूमिका खेल्नेछ।'

विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. अच्युत वाग्लेले यो सहकार्य सबैका लागि सुखद हुने बताए। उनले भने, 'नेपालको चिकित्सा क्षेत्रमा झन्डै ५० प्रतिशत जनशक्ति काठमाडौं विश्वविद्यालयले उत्पादन गरेको छ र यो जनशक्तिले नेपालमा मात्र नभएर अन्तर्राष्ट्रियस्तरबाट पनि मान्यता पाएको अहिलेको अवस्थामा नेपाल प्रहरी अस्पतालसँगको सहकार्यसमाज र देशका लागि नै ऐतिहासिक हुनेछ।'

नेपाल प्रहरीका महानिरीक्षक वसन्त कुँवरले काठमाडौं विश्वविद्यालय र नेपाल प्रहरी अस्पतालबीचको सहकार्य गौरवको विषय भएको बताए।

यो सहकार्यले नेपाल प्रहरी अस्पताललाई मेडिकल कलेजका रूपमा विस्तार गर्न, पोस्टग्र्याजुएट कक्षा सरु गर्न र दुवै पक्षबीच रहेको ज्ञान, क्षमतालाई आपसी समझदारीमा विस्तार गर्दै जान मार्ग प्रशस्त भएको उनको भनाइ थियो।

# यामाहाको रे जेडआर १२५ एफआई स्ट्रिट च्याली हाइब्रिड बजारमा

**काठमाडौं**/ नेपालका लागि यामाहा मोटरसाइकल र स्कुटरको आधिकारिक वितरक एमएडब्लू इन्टरप्राइजेजले यामाहाको नयाँ मोडेलको स्कुटर रे जेडआर १२५ एफआई स्ट्रिट च्याली हाइब्रिड नेपाली बजारमा ल्याएको छ। कम्पनीले 'मेट कपर' र 'स्पार्कल ग्रिन' रङहरूमा स्कुटर इभोलुसनको अवधारणासँग मेल खाने नयाँ मोडेल बजारमा ल्याएको हो।

यो स्कुटरमा एयर कुल्ड, फ्युल इन्जेक्टेड १२५ सिसी ब्लू कोर इन्जिन रहेको जनाइएको छ। जसले दक्षता र रोमाञ्चक सवारीका लागि नयाँ मानक स्थापना गर्ने कम्पनीको दाबी छ। यसको ग्राउन्ड ब्रेकिङ, स्वचालित स्टप र स्टार्ट प्रणालीले अरूभन्दा फरक बनाउनुका साथै इन्जिन निष्क्रिय हुनबाट जोगाउने कम्पनीले जनाएको छ। यसले इन्धनको उत्सर्जन घटाउने तथा दक्षतालाई बढाउने कम्पनीको भनाइ छ।

यसमा उत्कृष्ट एलइडी हेडलाइट, प्रभावशाली एलइडी पोजिसन लाइटहरू र डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर समावेश रहेको जनाइएको छ। यसको हल्का वजनले असाधारण पिकअप, उत्कृष्ट ह्यान्डलिङ र सुधारिएको माइलेज सुनिश्चित गर्ने कमपनीको दाबी छ।

# ज्योति विकास बैंकले दियो विद्यालयलाई कम्प्युटर

**कास्की**/ ज्योति विकास बैंकले पोखराको एक विद्यालयलाई तीन थान कम्प्युटर सहयोग गरेको छ। बैंकको पोखरा शाखाले पोखरा-२८ स्थित रत्नशोभा माध्यमिक विद्यालयलाई तीन थान कम्प्युटर सहयोग गरेको हो।

बैंकका क्षेत्रीय प्रबन्धक विशाल लामिछानेले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद तिमिल्सिना र प्रधानाध्यापक गोपालबहादुर बुढाथोकीलाई कम्प्युटर हस्तान्तरण गरेका थिए। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले कम्प्युटर सहयोग गरेको लामिछानेले बताए।

बैंकले गर्ने सामाजिक कामका लागि बैंकले स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत सहयोग गरिएको उनको भनाइ थियो। विद्यालयमा अध्ययनरत विद्यार्थीमा सूचना प्रविधिसम्बन्धी सीपको विकाससँगै प्रयोगात्मक सीपमार्फत गुणस्तरीय आधारभूत शिक्षामा सहयोग पुगोस् भन्ने उद्देश्यसहित कम्प्युटर सहयोग गरेको उनले बताए।

मंगलबार १० पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०

# पोखरालाई हराउँदै धनगढी फाइनलमा

गोलरक्षक मोहमद टाहाले पोखरा थन्डर्सका मोसेस ग्यावा र आयुष घलानको पेनाल्टी रोक्दै धनगढीलाई लगातार दोस्रोपटक फाइनल पुऱ्याए




पोखरालाई टाइब्रेकरमा हराएपछि खुसी मनाउँदै धनगढीका खेलाडी । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

**रमेश सुवेदी**/नयाँ पत्रिका

गोलरक्षक मोहमद टाहाले पोखरा थन्डर्सका मोसेस ग्यावा र आयुष घलानको पेनाल्टी रोक्दै धनगढी एफसीले लगातार दोस्रोपटक नेपाल सुपर लिग (एनएसएल)को फाइनलमा प्रवेश गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार धनगढी र पोखराबीचको पहिलो प्ले अफ निर्धारित ९० मिनेट र अतिरिक्त ३० मिनेटमा २-२ को बराबरी भएपछि फाइनल पुग्ने टोलीको छिनाफानो पेनाल्टी सुटआउटमा भएको हो । टाइब्रेकरमा लेबनानी गोलरक्षक टाहा नायक भए । उनकै उत्कृष्ट प्रदर्शनमा धनगढीले पोखरालाई ४-३ ले स्तब्ध पार्दै अन्तिम दुई स्थान सुरक्षित गऱ्यो ।

पोखरालाई फाइनल स्थान बनाउन दोस्रो अवसर छ । मंगलबार हुने काठमाडौं रेन्जर्स र ललितपुर एफसीबीचको विजेताविरुद्ध पोखराले प्रतिस्पर्धा गर्नेछ । धनगढीका गोलरक्षक टाहाले धनगढीके दुई पेनाल्टी छेकेका थिए । तीन वर्षअघि दशरथ रंगशालामै भएको पहिलो संस्करणको फाइनलमा धनगढी काठमाडौं रेजर्ससँग १-० ले पराजित भएको थियो । 'पहिलो संस्करणको फाइनलमा पराजित भएसँगै हामीले अर्को संस्करण फाइनल जित्न तयारी गरेका थियौं, व्यवस्थापन सबै चुस्त थियो, त्यसैको नतिजा, खेलाडीको मिहिनेतले लगातार अन्तिम दुई स्थान बनाएका छौं,' धनगढीका प्रशिक्षक युगलकिशोर राईले खुसी हुँदै भने, 'हामी यो जितको हकदार हौं । भगवान्को पनि साथ रह्यो । फुटबलमा धेरैपटक कमब्याक गर्न गाह्रो हुन्छ ।'

पोखराका प्रशिक्षक नवीन न्यौपानले उच्च मनोबलका साथ दोस्रो क्वालिफायर्स खेल्ने र धनगढीलाई नै फाइनलमा हराउने योजना रहेको बताएका छन् । 'आज जितेर चार दिन विश्राममा बस्ने योजना थियो । आफ्नै गल्तीले हारेका छौं । धेरैपटक अवसर र अग्रता बनायो,' दुईपटक खेलमा अग्रता लिए पनि रक्षा गर्न नसक्दा पोखराका प्रशिक्षक न्यौपानेले भने, 'खेलाडीको मनोबल उच्च बनाउँछौं । अब एक अवसर छ । फाइलन खेल्नेमा विश्वस्त छौं ।'

## ■ टाइब्रेकरमा गोलरक्षक टाहा नायक

टाइब्रेकरमा धनगढीका लेवनानी स्ट्राइकर अहमद हिजाजीको पेनाल्टी रोक्दै गोलरक्षक प्रिसो एनजांगाले पोखरालाई अग्रता दिलाएका थिए । तर, धनगढीका टाहाले पोखराको अन्तिम दुई पेनाल्टी बचाउँदै टोलीलाई सनसनी जित दिलाए । घानाका स्ट्राइकर मोसेस र नेपाल राष्ट्रिय फुटबल टोलीका मिडफिल्डर आयुषको प्रहार टाहाले सहजै रोके । मोसेस प्रतियोगितामा पाँच गोल गर्दै सर्वाधिक गोल गर्ने खेलाडीको शीर्ष स्थानमा छन् । यसअघि पहिलो पेनाल्टी धनगढीले प्रहार गरेको थियो । रिचार्ड ओसेई र फोडे फोफानाको गोल हुँदा हिजाजीको प्रहार प्रिसोले बचाए । चौथो प्रहारमा आएका आशिष चौधरी र पाँचौं प्रहार गर्न आएका देवेन्द्र तामाङले गोल गरे ।

पोखराबाट पहिलो प्रहारमा कप्तान दिनेश राजवंशी, दोस्रोमा एन्जल महर्जन र तेस्रोमा सुरजजिउ ठकुरी सफल भएका थिए । तर, चौथो प्रहार गर्न आएका मोसेसको प्रहार प्लेयर अफ दी म्याच टाहाले रोके । टाहा तेस्रोपटक प्लेयर अफ दी म्याच भएका हुन् । यसपछि धनगढीको सास फर्किएको थियो । देवेन्द्रको प्रहार गोल हुँदा धनगढीका समर्थक र बेन्चबाट ठूलै हुटिङ आएको थियो । आयुषको पेनाल्टीमा चुक्दा पोखराका खेलाडी स्तब्ध भए । धनगढीका समर्थन खुसी मनाउन मैदान नै प्रवेश गरेका थिए । 'आयुषले राम्रो गोल गर्न खोजेको हो । तर, त्यही निकै कमजोर भयो । त्यो गोल भएको भए आयुष हिरो हुन्थ्यो,' पोखराका प्रशिक्षक न्यौपानेले भने । धनगढीका प्रशिक्षक राईले आयुष राम्रो खेलाडी भएको भन्दै उनलाई नेपाली लियोनल मेसी नाम लिए ।

## ■ पोखराको लगातार अग्रता

निर्धारित र अतिरिक्त समयका खेलमा पोखराले दुई-दुई पटक पोखराले अग्रता बनाएको थियो । तर, पोखराले आफ्नै रक्षकको गल्तीका कारण दुई गोल व्यहोर्न पुगेको थियो । पोखराकाका लागि आयुष र फ्र्यांकलिन टलालेले गोल गरे । धनगढीबाट कप्तान देवेन्द्र तामाङ र हिजाजीले गोल फर्काएका हुन् । खेलको पाँचौं मिनेटमा आयुषको गोलबाट पोखराले १-० को अग्रता बनायो । मोसेसको क्रसलाई धनगढीको मार्की आशिषले क्लियर गर्न नसक्दा आयुषले बक्सभित्रबाट सहज गोल गरेका हुन् ।

खेलको ५४औं मिनेटमा कप्तान देवेन्द्रले धनगढीलाई १-१ को बराबरीमा फर्काए । अर्का रक्षक कमल श्रेष्ठले राइट साइडबाट गरेको क्रसमा देवेन्द्रले सुन्दर हेडिङ गोल गरे । निर्धारित समय बराबरी भए पनि अतिरिक्त समय थपिएको थियो । खेलको १०२ औं मिनेटमा टलालेले गोल गरे । सुरजजिउ ठकुरीको फ्रिकिक प्रहारलाई आइकोनिक कप्तान दिनेशले हेडिङ गरे । दिनेशको हेडिङ बललाई गोलरक्षक टाहाले नियन्त्रणमा लिन सकेनन् ।

रिबाउन्ड बललाई मोसेसले हेडिङ गोल गरे । खेलको १२०औं मिनेटमा हिजाजीले धनगढीलाई गोल गर्दै खेलमा फर्काएका हुन् । हिजाजीले दोस्रोपटकको प्रयासमा बराबरी गोल फर्काए । यसअघि दुवै टोलीका गोलरक्षकले उत्कृष्ट बचाउ र प्रदर्शन गरेका थिए ।

### ■ आफ्नै गल्तीले अग्रता गुमायौं

**नवीन न्यौपाने, प्रशिक्षक, पोखरा**

अग्रता जोगाउन सकेनौं । यही घातक भयो । हामीहरूकै असाधारण गल्तीले गर्दा गोल भयो । धेरै अवसर भयो तर, गोल भएन । डिफेन्समा गल्ती हुँदा गोल भयो । अन्तिम समयमा गोलरक्षकले चाँडै बल प्ले गर्दा आफैंलाई घाटा भयो । आज धनगढीकै दिन रहेछ । आयुषले पेनाल्टी एकमद इजी भयो । गोल भएको भए उनी हिरो हुन्थे । हामीलाई एक चान्स छ । धनगढीसँगै फाइनल खेल्छौंजस्तो लाग्छ ।

### ■ यस्तो कमब्याक गर्न धेरै गाह्रो हुन्छ

**युगलकिशोर राई, प्रशिक्षक, धनगढी**

प्रावधिक रूपमा दुवै टोलीलाई यो खेलले गाह्रो भयो । निर्धारित समय र पेनाल्टीमा पनि पछि परेका थियौं । हामीलाई खेल्न गाह्रो भए पनि समर्थकका लागि यो खेल निकै राम्रो भयो । फुटबलमा यस्तो कमब्याक गर्न निकै गाह्रो हुन्छ । अन्तिम सम्म खेलाडीले फाइट गरे ।

हामी डिजर्भ गर्छौं । आज खेलाडीको जित भएको छ । मलाई बक्स आक्रामक भएको मन पर्छ । पछिल्लोपटक काठमाडौंसँग पराजित भएपछि फेरि पनि फाइनल खेल्ने योजना बनाएका थियौं । त्यसमा सफल भयौं । आयुष नेपाली मेसी हो । गोल राम्रो गर्न खोजेको हो ।

# आर्मीले उत्तर प्रदेशलाई ६५ रनले हरायो




**तिवारी यादव**/नयाँ पत्रिका

राष्ट्रिय खेलाडीले भरिएको त्रिभुवन आर्मी क्लबले सोमबार प्रो क्लब च्याम्पियन टी- २० क्रिकेट प्रतियोगितामा भारतको उत्तर प्रदेश (युपी) ११ लाई ६५ रनले हराएको छ । नारायणी रंगशालामा आर्मीले पहिलो ब्याटिङ गरी १९.५ ओभरमा सबै विकेट गुमाएर एक सय ३२ रन बनाएको थियो । प्रत्युत्तरमा युपी ११ ले १४.३ ओभरमा ६७ रनमा अलआउट भयो । युपी ११ का अल्तमास आलमले २१ बलमा १६ रन बनाए । शुभम चौधरीले १५ बलमा ११ रन जोडे । जयदीप सिंहले १२ बलमा ११ रन बनाए । आर्मीका बलर पवन सर्राफले दुई ओभरमा ३ रन दिएर ३ विकेट लिए ।

**राष्ट्रिय खेलाडीले भरिएको आर्मीले प्रस्तुत गरेको एक सय ३२ रनको लक्ष्य पछ्याएको उत्तर प्रदेश ६७ रनमा अलआउट**

साहब आलमले चार ओभरमा २५ दिएर तीन विकेट पाए । राष्ट्रिय टोलीका नियमित बलर सोमपाल कामीले दुई विकेट हात पारे । यसअघि ब्याटिङ गरेको आर्मीका लागि भीम सार्कीले २३ बलमा २३ रन जोडेका थिए । साहब आलमले १७ बलमा २२ रन र बसिर अहमदले १४ बलमा १४ रन जोडे । युपी ११ का वासी अन्सारीले चार ओभरमा १० रन दिएर तीन विकेट लिए । सहिम अहमदले २.५ ओभरमा २१ रन दिएर दुई विकेट लिए ।

### नोयडासँग एपिएफको हार

दोस्रो खेलमा भारतको वन्डर क्लब नोयडाले एपिएफ क्लबलाई ८ विकेटले पराजित गरेको छ । पहिले ब्याटिङ गरेर एपिएफले २० ओभरमा पाँच विकेट गुमाएर एक सय ४४ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा नोयडाले १६.२ ओभरमा २ विकेटको क्षतिमा लक्ष्य पूरा गरेको हो । नोयडाका खेलाडी सिद्धार्थ गोस्वामीले ३४ बलमा नटआउट ४३ रन बनाए । हर्षित सेठीले नटआउट ३५ बलमा ४५ रन योगदान गरे । रितिक भट्टले २१ बलमा ४६ रन र अरोरा रितिकले ८ बलमा १२ रन बनाए । एपिएफका विपिन खत्रीले चार ओभरमा ३९ रन दिएर एक विकेट लिए ।

कमल खत्रीले पनि तीन ओभरमा ३० रन दिएर एक विकेट पाए । एपिएफका आसिफ शेखले २२ बलमा १९ रन बनाए । हरिशंकर साहले २५ बलमा २३ रन बनाए । प्रदीप ऐरीले २२ बलमा २४ रन बटुले । सन्दीप जोराले १५ बलमा २० रनको योगदान गरे । लोकेश बमले १५ बलमा १९ रन बनाए । नोयडाका कप्तान अल्पित गुप्ताले दुई विकेट लिए । उनले चार ओभरमा २० रन दिए । प्रतियोगितामा नेपालका तीन विभागीय टोली आर्मी, पुलिस र एपिएफसहित पर्सा ११ तथा भारतको युपी ११ र वन्डर्स क्लब नोयडाले प्रतिस्पर्धा गर्दै छन् ।

## खेल संक्षेप

### न्यु भिजनविरुद्ध इशानको शतक

**काठमाडौं**/ ग्रेट हिमालयन क्रिकेट एकेडेमी प्रधानमन्त्री कप राष्ट्रिय प्रतियोगिताको काठमाडौं छनोटको फाइनलमा प्रवेश गरेको छ । मूलपानी तल्लो मैदानमा सोमबार भएको पहिलो सेमिफाइनलमा न्यु भिजन क्लबलाई ७ विकेटले पराजित गर्दै ग्रेट हिमालयनले अन्तिम दुई स्थान पक्का गरेको हो । पहिले ब्याटिङ गरेको न्यु भिजनले ४४.५ ओभरमा अलआउट हुने क्रममा २५३ रन जोडेको थियो । लक्ष्य पछ्याएको ग्रेट हिमालयनले ४०.३ ओभरमा ३ विकेटको क्षतिमा पूरा गऱ्यो । ग्रेट हिमालयनको जितमा इशान पाण्डेले शतक प्रहार गरे । उनले ११९ रन जोड्दै आफ्नो टोलीलाई फाइनलमा पुऱ्याए ।

### एचएचसिएसको सहज जित

**काठमाडौं**/ वसुन्धरा नेसनल एकेडेमी (बिएनए) र एचएचसिएले १५औं टिआइए कप अन्तर्विद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा सोमबार सहज जित निकालेका छन् । प्रतियोगितामा बिएनएले हिरश्मिलाई १२-३ ले पराजित गऱ्यो । बिएनएकी स्मृति खत्रीले ७ स्कोर गरिन् । एचएचसिएले हिमालयलाई ३६-६ ले सहजै हरायो । एचएचसिएकी सोरा घलेले ९ स्कोर गरिन् । सिनियर महिलामा भ्याली पब्लिकले स्किब्सलाई २६-१० तथा मन्जरीले ग्रिनल्यान्डलाई १९-१८ ले पाखा लगाए ।

### वृहस्पतिले ओडिसीलाई हरायो

**काठमाडौं**/ वृहस्पति विद्या सदनले सार्तौं नेफ्रक्रट कप अन्तरविद्यालय जुनियर यू- १६ छात्र फुटबल प्रतियोगितामा ओडिसी इन्टरनेसनल एकेडेमीलाई ४-० ले पराजित गऱ्यो । प्रतियोगितामा मनकामना, ज्ञानचक्षु, पिस प्वाइन्ट, विनायक र प्रारम्भ विजयी भएका छन् । मनकामनाले फ्युजन एकेडेमी 'ए'लाई ४-१ ले हरायो । ज्ञानचक्षुले अनमोल ज्योतिलाई ३-२ ले पाखा लगायो । पिस प्वाइन्टले पशुपतिलाई ४-० ले पन्छायो । विनायकले फ्युजन एकेडेमी 'बी'लाई ३-० ले पराजित गऱ्यो । प्रारम्भले एक्सेलमाथि ४-० को सहज जित दर्ता गऱ्यो ।

### गोल्डेन गेट फाइनलमा

**काठमाडौं**/ बुढानीलकण्ठ र गोल्डेन गेट समृद्धि यू- १९ राष्ट्रिय बास्केटबल प्रतियोगिताको पुरुषमा सोमबार फाइनलमा प्रवेश गरेका छन् । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा बुढानीलकण्ठले टाइम्सलाई ८१-७८ ले पराजित गऱ्यो । बुढानीलकण्ठका तेन्जिङ शेर्पाले ४१ स्कोर गरे । गोल्डेन गेटले सिसिआरसीलाई १०५-१०२ ले हरायो । गोल्डेन गेटका नोकेश मगरले ४० स्कोर गरे ।

### बिएस एकेडेमी क्वार्टरफाइनलमा

**धनगढी**/ कैलालीको बिए १५ फुटबल एकेडेमी र सुदूरपश्चिम ११ स्पोर्टस् क्लब धनगढी रंगशालामा चलिरहेको फारवेस्ट पशुपति कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । बिए १५ एकेडेमीले एपिएफ प्रदेश नम्बर ७ लाई २-१ ले हराउँदै अन्तिम आठमा पुगेको हो । बिए १५ एकेडेमीको जितमा विदेशी खेलाडी गुइलामे डिन तथा विवेक सन्तोषीले एक-एक गोल गरे ।

■ प्रधानमन्त्री कप

# एपिएफको लगातार चौथो जित




**नयाँ पत्रिका**

एपिएफ क्लबले प्रधानमन्त्री कप महिला राष्ट्रिय टी- २० क्रिकेट प्रतियोगितामा आफ्नो अपराजित यात्रा जारी राखेको छ । प्रतियोगिताको सोमबार भएको खेलमा एपिएफले कोशी प्रदेशलाई ८ विकेटले पराजित गरेको छ । यससँगै एपिएफले आफ्नो अपराजित यात्रा कायम राख्ने क्रममा चारै खेलमा जित निकालेको हो । यसअघि लगातार तीन खेलमा जित निकालेको कोशीको यो पहिलो हार हो । मूलपानी मैदानमा कोशीले पहिलो ब्याटिङ गरी २० ओभरमा दुई विकेट गुमाएर ८४ रन बनाएको थियो । सहज लक्ष्य पछ्याएको एपिएफले १७.३ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो ।

एपिएफका लागि इन्दु बर्माले नटआउट ३६ रनको योगदान दिइन् । रोमा थापाले नटआउट १० रन जोडिन् । यसैगरी, ज्योति पाण्डे २४ रन र कप्तान सीता रानामगरले १८ रन बटुले । कोशीको ब्याटिङमा कप्तान रुबिना क्षेत्रीले ५८ बलमा ४१ रनको योगदान दिइन् । काजल श्रेष्ठले नटआउट २५ रन जोडिन् । अप्सरी बेगम १३ रनमा आउट भइन् । बलिङमा एपिएफकी सोनु खड्का र करुणा भण्डारीले समान एक विकेट लिए । सीता रानामगरले ४ ओभरमा ११ रन मात्र लिइन् । रेखा रावलले १ मेडन राख्दा १३ रन खर्चिइन् ।

### सुदूरपश्चिमको तेस्रो जित

प्रतियोगितामा सोमबार सुदूरपश्चिमले बागमती प्रदेशलाई ६ विकेटले पराजित गरेको छ । सुदूरपश्चिमलाई तेस्रो जित दिलाउने क्रममा कविता जोशीले अलराउन्ड प्रदर्शन गरिन् । उनले ब्याटिङमा २७ रनमा अविजित र बलिङतर्फ २ विकेट लिइन् । त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको बागमतीले २० ओभरमा आठ विकेट गुमाएर ८७ रनको योगफल खडा गऱ्यो । सुदूरपश्चिमले १९ ओभरमा ४ विकेट गुमाउँदै लक्ष्य भेट्टायो । सुदूरपश्चिमका लागि बिन्दु रावलले सर्वाधिक २८ रन बनाइकी थिइन् । बागमतीका लागि अस्मिना कर्मचार्य र सोनी पाख्रिनले समान एक विकेट लिए ।

**कोशीलाई आठ विकेटले हराउँदै एपिएफले प्रधानमन्त्री कपमा अपराजित यात्रा राखेको छ**

बागमतीकी ओपनर कञ्चन श्रेष्ठले सर्वाधिक १९ रन बनाइन् । अर्की ओपनर हेलिसा गुरुङले १६ रन, सोनी पाख्रिनले १३ रन र सलिना सिलवाललेे १० रन बनाए । सुदूरपश्चिमका लागि कविता जोशी र लक्ष्मी साउदले समान दुई विकेट लिए । मनीषा चौधरी र जानकी जोशीका नाममा एक-एक रहे । प्रतियोगितामा बागमतीको दोस्रो हार हो । बागमती यसअघि कोशी प्रदेशसँग ८ विकेटले पराजित भएको थियो ।

# मोरङले उपाधि भिडन्तमा सुनसरीको सामना गर्ने



**केशवप्रसाद भट्टराई**/नयाँ पत्रिका

प्रथम कञ्चनजंघा सेसेलुङ गोल्डकप फुटवल प्रतियोगताको सोमबार भएको दोस्रो सेमिफाइनलमा सगरमाथा क्लब मोरङले पाँचथर फुटबल क्लब पाँचथरलाई टाइब्रेकरमा पाँच-चारले हराएको छ । जितसँगै मोरङ अन्तिम दुईमा पुगेको छ । निर्धारित समयमा दुवै टोलीले १-१ को बराबरी खेलेका थिए । खेलको ५०औं मिनेटमा पाँचथरका नितेश राईले टोलीलाई १-० को अग्रता दिलाए । खेलको ८६औं मिनेटमा मोरङका विशाल भण्डारीले १-१ को बराबरीका लागि गोल गरे ।

पाँचथर फुटबल क्लबले झापाको जलथल फुटबल क्लबलाई हराउँदै अन्तिम चारमा पुगेको थियो । दोस्रो सेमिफाइनलमा चक्रघट्टी फुटबल क्लब सुनसरीले आठराई क्लब तेह्रथुमलाई १-० गोल गर्दै फाइनल स्थान पक्का गरेको हो । कञ्चनजंघा सेसेलुङ गोल्डकप फुटबल प्रतियोगिताको विजेताले तीन लाख दुई हजार र उपविजेताले एक लाख ५१ हजार रुपैयाँ हात पार्नेछन् ।

# एसियन र सिर्जनशील सेमिफाइनलमा



**नयाँ पत्रिका**

एसियन पब्लिक र सिर्जनशील १२ औं प्याब्सन मध्यक्षेत्रीय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा सोमबार सेमिफाइनलमा प्रवेश गरेका छन् । अवेरनेस इन्टरनेसनल एकेडेमी (एआइए)को कोर्टमा एसियनले चैतन्यलाई ७-२ ले पराजित गऱ्यो । एसियनको जितमा सारिका बोहराले ३ स्कोरको योगदान गरिन् । कुञ्जना मगरको ६ स्कोरको सहयोगमा सिर्जनशीलले लिभरपुललाई १२-४ ले हरायो । प्रतियोगिताको सिनियर महिलातर्फ काठमाडौं जेभियर्सले हेम्सलाई ९-८ ले पराजित गऱ्यो । इन्गोभेटिभले सनसाइनलाई १९-१४ ले पाखा लगायो ।

सिनियर पुरुषमा एआइएले भद्रघलेलाई २७-१५ ले निराश बनायो । हेम्सले स्वप्नवाटिकामाथि ३३-२० को जित निकाल्यो । काठमाडौं जेभियर्सले सूर्योदयलाई ३५-११ र सनसाइनले स्पाङ्गललाई ३०-१७ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे । एआइएका पर्वत पाण्डेले ७ र हेम्सका आयुष कटुवालले १० स्कोर गरेका थिए । काठमाडौं जेभियर्सका रमितले १० र सनसाइनका सफल तामाङले १५ स्कोरको योगदान गरे । सेमिफाइनलमा हेम्सले सनसाइनको सामना गर्नेछ । काठमाडौं जेभियर्स र एआइएबीच दोस्रो सेमिफाइनल खेल हुनेछ ।

जुनियर पुरुषमा एआइएले लिटिल फ्लावरलाई ८-६ ले पराजित गऱ्यो । काठमाडौं जेभियर्सले स्वप्नवाटिकालाई १७-१४ ले निराश बनायो । सनसाइनले स्पाङ्गललाई १६-११ र चैतन्यले इनोभेटिभलाई १५-१३ ले पन्छ्याउदै सेमिफाइनल स्थान पक्का गरे । एआइएका आविष्कार बुढाले ४, काठमाडौं जेभियर्सका श्रीयानले ५ र सनसाइनका ऋतिक गिरीले ६ स्कोरको योगदान गरे । फाइनल प्रवेशका लागि काठमाडौं जेभियर्सले चैतन्यको सामना गर्नेछ । एआइएले सनसाइनविरुद्ध खेल्नेछ ।




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com